# कर्म र मनुष्य

लेखकः

महाशी विदेशी धर्मदूत धर्मकथिक

प्युंदजा अशियङ सुन्दर (धम्माचरिय)

अनुवादकः

भिक्षु ज्ञानपूर्णिक, धम्माचरिय

Downloaded from http://dhamma.digital/

Vimalanyani

# कर्म र मनुष्य

लेखकः


**महाशी विदेशी धर्मदूत धर्मकथिक**

**प्युंदजा अशियङ सुन्दर, धम्माचरिय**


Dhamma.Digital

अनुवादकः

भिक्षु ज्ञानपूर्णिक, धम्माचरिय

Downloaded from http://dhamma.digital/

प्रकाशक :
लेख माया शाक्य प्रमुख
सपरिवार
ह:खा, यल

(सर्वाधिकार सुरक्षित)

पहिलो संस्करण: १००० प्रति

बुद्ध सम्बत्   २५३५
नेपाल सम्बत्   ११११
इसवी सम्बत्   १९९१
विक्रम सम्बत्   २०४८

मूल्य : १२।-

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, कान्तिपुर।
फोन नं २२-१०-३२

Dhamma.Digital
Downloaded from http://dhamma.digital/

# मन्तब्य

कर्म र मनुष्य एक अर्काको पूरक शब्द हुन्। यो संसारमा विना कामको मानिस हुँदैन भने मानिस विना मानिसले गर्ने काम पनि त हुँदैन। प्रत्येक व्यक्तिको कुनै न कुनै काम हुन्छ नै; चाहे त्यो राम्रो होस् चाहे नराम्रो। मानिसले जन्मेदेखिन् काम गर्न शुरु गरिहाल्छ। रूनु, कराउनु, हाँस्नु, खानु पनि काम नै हुन्। शरीर, वचन र मनले गर्ने सबै क्रियाकलापहरू काम नै हुन्। मानिस मात्र होइन सारा चराचर जीवहरूले पनि काम गर्छन्। त्यति मात्र होइन, यी निर्जीव वस्तु प्रकृतिले पनि आ-आफ्नो काम गरिरहेका हुन्छन्। तर कर्म र काममा केही भिन्नताहरू छन्। मानिसले गर्ने सबै काम कर्म होइन तर सबै कर्म काम नै हुन्।

मनुष्यले गर्ने कार्यहरू तीन प्रकारका छन्– (१) शरीरले गर्ने शारीरिक काम (२) मुखले गर्ने वाचिक काम र (३) मनले गर्ने मानसिक काम। यी तीन थरीका कार्यहरूमा मानसिक कार्य सबभन्दा बलवान् हुन्छ। किनकि शरीर र वचन मनका दास हुन्। हुन त शरीरले दुई थरीको काम गर्छ। एक मनले आदेश दिएको काम अर्को शरीरको

Downloaded from http://dhamma.digital/

आफ्नै स्वाभाविक काम । जस्तै आँखा झिमझिम गर्नु, स्वास फेर्नु, नसाहरू चल्नु, मुटुको ढुकढुकी आदि । शरीर र वचनको स्वाभाविक कार्यलाई कर्म भनिदैन । केवल मनले निर्देशित गरेका शारीरिक र वाचिक कार्यलाई नै कर्म भनिन्छ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ –

'चेतनाहं भिक्खवे कम्मं वदामि।' अर्थात् 'भिक्षुहरू ! म चेतनालाई नै कर्म भन्दछु ।'

"मनो पुब्बङ्गमा धम्मा–मनो सेट्ठा मनो मया" जुन-सुकै अवस्थामा पनि मन नै अग्रगामी हुन्छ, त्यसकारण मन नै मुख्य हो, मनले नै सर्व व्याप्त भइरहेको छ ।

बुद्ध धर्ममा कर्म भनेको यहींबाट शुरु हुन्छ । यी मनबाट चिताएर गरिने कर्महरू पनि दुई प्रकारका छन्–

१. कुशल कर्म
२. अकुशल कर्म

कुशल र अकुशल कर्मको परिणाम बारे भगवान् बुद्ध भन्नुहुन्छ– "मनसा चे पसन्नेन, भासति वा; करोति वा, ततो नं सुखमन्वेति, छाया व अनपायिनी" राम्रो नियतले कुरा वा काम गर्ने व्यक्तिमा आफ्नो शरीरको छाया पछि पछि आए झैं सुख पनि पछि पछि आउने छ ।

"मनसा चे पदुट्ठेन, भासति वा करोति वा; ततो नं दुक्खमन्वेति, चक्कंव वहतो पदं ।" खराब नियतले कुरा वा काम गर्ने व्यक्तिको पछि पछि गाडा तान्ने बैलको

Downloaded from http://dhamma.digital/

पछि पछि गाडाको चक्का गुड्दै आए झैं दुःख पनि पछि पछि आउने छ ।

त्यसैले असल काम गरेमा फल पनि असल नै र खराब काम गरेमा फल पनि खराब नै पाउने छ । यही कुरामा विश्वास गर्नु नै एक प्रकारको सम्यग्दृष्टि हो ।

प्रस्तुत पुस्तकमा कुन कर्मले कस्तो फल दिन्छ भन्ने कुराहरूको विस्तृत वर्णन गरेका छन् । यसमा 'शुभ' नामक ब्राह्मणले बुद्धलाई कर्म फलको बारेमा सोधेका प्रश्नहरूको प्रत्युत्तरमा बुद्धले दिनु भएका उपदेशहरू र त्यसलाई सुहाउने उपमाहरू समेत रोचक, सरल, स्पष्ट एवं सुबोध रूपले वर्णन गरिएकाछन् । यस्तो महत्त्वपूर्ण ग्रन्थ रत्नलाई नेपाली भाषामा अनुवाद गरी सर्वसाधारणले पढ्ने मौका प्रदान गर्ने आयुष्मान ज्ञानपूर्णिक (शासनध्वज धर्माचार्य) साँच्चै नै धन्यवादका पात्र हुन् । उहाँको यस कार्यप्रति मेरो हृदयदेखि साधुवाद छ ।

अन्त्यमा यस पुस्तकको प्रकाशिका लेखमाया शाक्य प्रमुख सपरिवारलाई पनि उहाँको कामना अनुसार यस प्रकारको पुण्य उहाँको दिवंगत स्वामी कविन्द्रराज शाक्यको निर्वाण प्राप्तिको हेतु होस् भन्ने कामना गर्दछु ।

**भिक्षु बुद्धघोष महास्थविर**

सुमङ्गल विहार, ललितपुर
२० आश्विन २०४८

Downloaded from http://dhamma.digital/

# दुई शब्द

मेरा अनन्य मित्र स्व. कविन्द्रराज शाक्य मनन र चिन्तनशील तथा लगनशील समाजसेवी हुनुहुन्थ्यो। वहाँ सरल स्वभाव हुनुका साथै अरूसँग सुसम्बन्ध राख्न सक्ने मिलनसारका महानुभाव थिए। ललितपुरको बुद्ध जयन्ती समारोह मनाउने कार्यक्रममा वहाँको महत्वपूर्ण योगदान थियो। पाटनका प्रख्यात हिरण्यवर्ण महाविहारको कार्य समितिमा टोलको प्रतिनिधि भई सक्दो सेवा गर्नु भएको थियो। उसबेला सुन चाँदी ब्यवसायीहरूको नेपाल विश्वकर्मा सङ्घ स्थापना गर्न वहाँको निकै प्रयास थियो। टोलमा रच-नात्मक कार्य गर्न पर्दा सदा तत्पर भई समाजको सेवा कार्य गर्नु हुन्थ्यो।

कल्याणमित्र कविन्द्रराजको असामयिक निधन भयो। जीवन अनित्य भएको तथ्यलाई बोध गरेर वहाँका श्रीमती, छोरा छोरीहरूले पूज्य स्व. कविन्द्रराजको पुण्यस्मृतिमा समर्पण गरेर यो पुस्तक प्रकाशित गरी बुद्ध धर्म प्रचार गर्ने सन्दर्भमा एक पाइला भए पनि अग्रसर हुने गरी धर्मचित्त उत्पत्ति गर्नु अति महत्वपूर्ण तथा समय सुहाउँदो गतिशील

Downloaded from http://dhamma.digital/

कार्य हुंदा वहाँका सम्पूर्ण परिवारका सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस्तो पुण्य कुशल कार्यको प्रभावबाट दिवंगत मित्र कविन्द्रराज शाक्य आगामि जन्ममा अनुत्तर सम्यक्सम्बोधि ज्ञान हासिल गर्न समर्थ होस् भनी शुभ कामना व्यक्त गर्दछु ।

लोक बहादुर शाक्य
ल.पु., हःखा

Downloaded from http://dhamma.digital/

# स्व. कविन्द्रराज शाक्यको संक्षिप्त जीवनी

जन्म– ने.सं. १०४० श्रावण मासे कृष्ण पक्ष दशमी तदनुसार वि. सं. १९७७ श्रावण २० गते सोमबार ।

परलोक– ने. सं. १०९८ आश्विन मासे कृष्णपक्ष द्वितीय तदनुसार २०३५ साल आश्विन २ गते आइतबार ।

पिता– स्व. चक्रराज शाक्य र माता रत्नमाया शाक्यको प्रथम पुत्र ।

जन्मस्थान–ह:खा टोल, ललितपुर

श्रीमती– लेख माया शाक्य

छोराहरू–ज्ञानुराज शाक्य, कमलराज शाक्य, केदारमान शाक्य, सुद्धन शाक्य, सुधीर शाक्य ।

छोरीहरू– ज्ञानलक्ष्मी शाक्य, विद्यालक्ष्मी शाक्य, विन्द्रा शाक्य, सविना शाक्य ।

सामाजिक
क्रियाकलाप-समाजको विभिन्न क्रियाकलापहरूमा सक्रिय रही सामाजिक तथा धार्मिक उन्नति र विकासको लागि निम्न:लिखित सङ्घ संस्थाहरूमा विभिन्न समयमा विभिन्न पदमा रही गहन भूमिका निर्वाह गरेको –

१) ह:खा टोल सुधार समिति

२) बुद्ध जयन्ती ट्रष्ट कमिटी, ललितपुर

३) हिरण्यवर्ण महाविहार सुधार समिति, क्वावहाल

४) विभिन्न समयमा गठित अल्पकालीन सामाजिक तथा धार्मिक समितिहरूमा विभिन्न पदमा रही अग्रणी भूमिका निभाएको ।

Downloaded from http://dhamma.digital/

# भूमिका

भगवान् गौतम बुद्धको जीवनी जान्न चाहेमा देश-पिछेको फरक कुराहरू प्राप्त हुने भइराखेको छ। एकै प्रकारको जीवनीको लागि धेरै विद्वान्हरूले खोजीनीति गरी बुद्धको जीवनबारेमा प्रकाशित गरिसकेका पनि छन्। तथापि कहीं कहीं द्विविधाका कुराहरू पनि देखनमा आइरहेकै छन्। हालसम्मका बुद्धजीवनीमा बर्माद्वारा तय गरिएकालाई नै धेरैले अनुशरण गरेको देखिन्छ। बुद्धवंशलाई उल्लेख गर्दा भगवान् बुद्धले गर्भप्रवेश गर्दादेखि नै सम्बत्को उल्लेख गरिएको छ। यसलाई महासम्बत् भनिन्छ। यसरी ठोकेर लेख्न सक्नुमा यसको विशेषता रहन गएको कुरा स्पष्ट हुन्छ। यस पुस्तकमा उल्लेख भए अनुसार महासम्बत् ६७ सालको आषाढ पूर्णिमाका दिन मध्यरातमा कपिलवस्तुका अधिपति राजा शुद्धोदनकी अग्रमहिषी महामायादेवीको कोखमा श्वेत-केतु देवपुत्रले गौतमबुद्ध हुनको लागि प्रतिसन्धि ग्रहण गरेका हुन्। दश महिनापछि महासम्बत् ६८ साल वैशाख पूर्णिमाका दिन दिउँसो १ घडी वित्दा रमणीय लुम्बिनीको शालोद्यानमा राजकुमार सिद्धार्थको रूपमा जन्म लिएका हुन्। पुत्र राहुल

Downloaded from http://dhamma.digital/

जन्मिसकिएर बुद्धले महासम्बत् ९७ साल आषाढ पूर्णिमाको मध्यरातमा महाभिनिष्क्रमण गरेका हुन् । महासम्बत् १०३ साल वैशाख पूर्णिमाको सन्ध्यामा बोधिमण्डपतिर उपसंक्रमण गरी अपराजित पल्लंकासनमा पलेंटीमारी बसेका हुन् । बुद्धत्व लाभ गरेका भगवान् बुद्धलाई परिभाषित गर्दा यसरी भनिएको छ कि बुद्ध भन्नाले भएभरको क्लेशलाई वासना रहित हुने गरी हनन गर्न सक्ने अरहत्तमार्ग ज्ञान हो साथै जान्नु, बुझ्नु पर्ने सम्पूर्ण कुरालाई बाँको नराखी निरवशेष-रूपमा देखन जान्न सक्ने सर्वज्ञता ज्ञान अनि यी ज्ञानद्वयलाई अधिनमा राखिराख्ने श्रेष्ठोत्तम पुद्गललाई जनाउँछ ।

भगवान् बुद्धको ज्ञान लोकोपकारी छ भन्ने दृढ विश्वास भएका यस पुस्तकका लेखकले बौद्ध भएर पनि बुद्धका उपदेश थाहा नपाउने धेरै छन् भनी त्यतातिर आफ्नो विचार पुऱ्याएर यतातिर आफ्नो प्रयासलाई अगाडि सारेको देखिन्छ । अरू धर्मावलम्बीहरू बच्चैदेखि आफ्नो धर्मको साधारण ज्ञान थाहापाएका हुन्छन् भने बुद्धशासनानुयायीहरू त्यसरी जान्दै-नन् भनी अफसोच गरेर आफ्नो कुनै पनि उपदेश बुद्ध जीवनी-लाई आधारमानी गर्ने गरेको कुरा स्पष्टरूपमा पूज्य भिक्षु सुन्दर प्युंदजा च्याउंले बताउनु भएको छ । यसै क्रममा वहाँ लेखकले भगवान् बुद्धले श्रावस्ती नगरको जेतवनाराममा रहनु हुँदा करुणा पूर्वगामी प्रज्ञाद्वारा निर्देशन दिनु भएको 'चूलकम्म विभङ्ग' नामक सूत्रोपदेशको सारमात्रलाई अगाडि राखी यो 'कर्म र मनुष्य' नामक पुस्तक सबैको सामू अगाडि

Downloaded from http://dhamma.digital/

राख्नु भएको हो । बुद्धको उपदेश सत्पात्रको लागि हुनेछ, यसकारण विमुक्त हुन चाहने जो कोही व्यक्तिलाई जुनसुकै याम र प्रहरमा पनि उपदेश दिन तत्पर रहने र त्यस्ता व्यक्तिलाई पर्खिरहने मात्र होइन आफै नै त्यस्ताकहाँ गएर उपदेश दिने जस्ता बुद्धका कृत्यहरू ज्यादै उदाहरणीय भएका कुराहरूलाई उल्लेख गर्दै कर्मको परिभाषा, कर्मको आधिपत्य, कर्मको फल र कर्मको आधिपत्य स्वीकार गर्न नचाहनेको लागि उपाय आदि विषयमा तथ्य बोध गराउने हेतु नै यस पुस्तकको उद्देश्य भएको देखिन आउँछ । सत्त्वप्राणीको जीवनको आधार नै कर्म हो भनेर कर्मनै सबैको निजी सम्पत्ति र कर्म नै अंशियार पनि भएको हुनाले कर्म नै यावत् जीवनको उत्पत्तिको कारण भएको कुरा बताइएको छ साथै यही कर्म नै बन्धु बान्धव तथा प्रतिशरणको आधार भएको हुनाले मनुष्य र देवता आदि भनी विभाजन हुन गएको हो । यही कारण कर्मले गर्दा नै हीन र महान्‌को रूपमा विभाजन भई कर्मद्वारा नै मनुष्य जीवनको नेतृत्व लिइराखेको कुराको व्याख्या विविध उदाहरणको रूपमा घटनाहरू प्रस्तुत गर्दै कर्मको महत्तालाई यहाँ अगाडि सारिएको छ ।

सामान्य अर्थमा 'कर्म' भनेको 'काम' हो । सुत्तन्त विधि अनुसार भन्ने हो भने पनि यही अर्थ देखिन्छ । यही 'कर्म'लाई अभिधर्मविधि अनुसार भन्दा 'चेतना' मान्नुपर्दछ । जुनसुकै काम पनि राम्रो र नराम्रो दुबै हुन सक्छ । यही कारण राम्रो काम गर्नेले सुखभोग र नराम्रो काम गर्नेले

Downloaded from http://dhamma.digital/

दुःखभोग गर्छ भनेर सामान्य मनुष्यले पनि बुझ्ने गर्छ। मानिसले काम गर्दा आफ्नो इच्छा अनुसार गर्ने हुन्छ, यसैले यो कर्मलाई 'कामना' भनेर पनि कहीं कहीं अर्थ लगाइएको पाइन्छ। यो कामना मनले गरेर चुप लाग्ने हुन्छ भने बोलीले स्पष्ट पारिदिने पनि हुन्छ अनि शरीर आफै अघि सरेर गर्ने चाहिं त स्पष्ट कर्म नै भयो। यही कर्म अतीतमा गरेको भए वर्तमानमा र वर्तमानमा गरेको भए भविष्यमा त्यसको फल प्राप्त हुने हुन्छ भनिएको छ। तत्काल प्राप्त हुने फललाई बुझ्न सकिन्छ, तर पछि गएर असर पर्ने फलहरूमा प्रायः मानिसहरू विश्वास गर्न गाह्रो मान्दछन्। गाईले खाना खानासाथ दूध दिए झैं कर्मको फल तत्काले हुन्छ भन्ने छैन। यही कर्मसिद्धान्तद्वारा नै मानिस पुनर्जन्मको सिद्धान्तमा पुग्छन्। पुनर्जन्मको सिद्धान्तलाई पुष्टि गर्न सुत्तन्त विधि अनुसार प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थालाई वर्णन गरिएको छ। यो सुत्तन्त विधि सम्झन साजिलो हुने भएकोले यहाँ सुत्तन्त विधि अनुसारका कुराहरूलाई व्याख्या गरिएको छ। अभिधम्म विधिहरू आफ्नै सिद्धान्त प्रतिपादन गर्ने र त्यसप्रति समीक्षा गर्नेहरूको लागि मात्र बोधगम्य हुने भएकोले सुत्तन्तविधितिर लाग्नु शीघ्र सिद्धान्त प्रतिपादनमा जोड दिनु हो। यस विधि अनुसारको कर्मको आधारमा मानिसलाई चार प्रकारमा विभाजित गरिएको छ। कुनै न कुनै कर्म नगरी मानिस त्यसै बस्न सक्दैन। ती कर्महरूमा साना साना कर्महरू थोरै मूलतत्त्वमा अन्तर्निहित हुने हुन्छ भनी भगवान्

Downloaded from http://dhamma.digital/

बुद्धले मानिसको वर्तमान राम्रो गर्ना खातिर चारवटा कुरा-लाई प्रमुख रूपमा मानेर उपदेश दिएका छन् : कर्मको फल भनेको आफ्नै कर्तूत हो । यसैबाट सुख दुःख हुन्छ । यो सुख दुःख आकाशबाट त्यसै खस्ने होइन । यस कुरालाई सम्झाउन यहाँ तोदेय्य ब्राह्मण आदिको कथाहरूलाई उल्लेख गरी उदाहरण प्रस्तुत गरिएको छ । बुद्धका दुःख निवारणका उपायहरू बेजोड छन्, यसमा शङ्का गर्ने कुनै ठाउँ नै रहँदैन तर त्यस उपायसँग गाँसेर दिइएका उदाहरणहरू भने ज्यादै अन्धविश्वास पाराका रहेका छन् । मानिस कुकुर भएर जन्मेर दुःख सुख भोग गर्ने कुराहरू बालकहरूलाई सम्झाउन लेखि-एका हितोपदेशका कुरा झैं मात्र रहेको देखिन्छ । यस्ता कुराहरू भगवान् बुद्धको कर्मवादभन्दा मानिसलाई तर्साउने एउटा हाउमात्र झैं देखिई त्यति पत्यार लाग्दो विषय भएन । दान दिनु राम्रो हो, दान दिंदा सम्पत्तिमात्र नोक्सान भई दुःख भोग्नुपर्ने अवस्था आउनुपर्नेमा दान नदिंदा जन्म नै फरक भई मानिस कुकुर हुन पुगेको कुरा कथामात्रमा सीमित भई व्यावहारिक देखिन आउँदैन । शुभ ब्राह्मणको कुनै मानिस अल्पायु र कुनै मानिस दीर्घायु किन हुन्छन् भनी सोधिएको जवाफमा सुगुरलाई सास्ति गरी मार्ने चुन्दको दयनीय मृत्युको उदाहरण दिई वर्तमानमा नै कर्मफल भोगेको कुरा सामयिक र चेतावनीयुक्त भएको हुनाले यो राम्रो उपदेश ठहरिन आउँछ । बुद्धको पालामा भएको भन्दैमा उत्पटांग सिद्ध हुने खालको उदाहरण दिई कर्मलाई बुझाउन खोज्दा

Downloaded from http://dhamma.digital/

भने शिक्षाको सट्टा उल्टो असर पर्न जाने हुन्छ । यहाँ प्राणी-हिंसा विरत सुजा बकुला मरेपछि सुगति प्राप्त गरी जन्म-जन्मान्तर आफ्नै पतिसँग भोग गर्न पुगेको विवरणका साथै सुनको काँक्रोको कथा कर्मफल बुझाउने खालको अवश्य हुन्, तर सुनको काँक्रो कसरी खाइन्छ भन्ने प्रश्न सबैले गर्न सकिने भएको हुनाले मातृसंभोगी विरूपाक्षलाई पापमोचनको लागि धातु पगालेर पिऊ भने झैं मात्र हुन आउँछ । कथालाई प्रतिकात्मकता दिइएको भए राम्रो हुन्थ्यो तर सीधैं विश्वास दिलाउन खोज्नु त्यति सामयिक देखिँदैन । कथाको रूपभन्दा ऐतिहासिक पुट दिएर लेखिएका कुरा भने उदाहरणीय नै छन् । जस्तै देवदत्तको बुद्धलाई हत्या गर्ने प्रयास दुष्फल भएको कारणमा प्रहार गरिएको ढुङ्गा अर्को ढुङ्गामा ठक्कर खाई टुक्रा टाक्री भएर उछिट्टिएको एउटा टुक्राले लाग्न गएको कुरा वैज्ञानिक एवं मनोवैज्ञानिक दुबै सिद्ध हुन्छ । दोश्रो प्रश्नको सिलसिलामा शिकारीले बाटोमा भिक्षुलाई देखेर शिकार नै नपाउने भयो भनी भिक्षुलाई अलछिना मानेको उदाहरण अन्धविश्वास हटाउने खालको उदाहरण हो भने कुकुरले लखेट्दा रूखमा चढेका भिक्षुको पैतालामा सुइरोले घोच्दा सहन नसकी चल्दा चल्दा चीवर झरेर शिकारीको जीउलाई छोपिंदा त्यसलाई भिक्षु नै हो भनी आफ्नै कुकुर-हरूले टोकेर मारेको कुरा वैज्ञानिक छ । खाएको वस्तु पच्ने भनेको पाचन शक्ति सम्पन्न भएमा हुने हो भने सुकर्मले गर्दा खाएको कुरा पचेर निरोगी हुने कुरा पत्याउन सजिलो छैन ।

Downloaded from http://dhamma.digital/

मात्रा मिलाएर खाने, राम्ररी चपाउने, मुलायम वस्तु खाने आदि उपयुक्त कुरालाई सुकर्म भन्ने हो भने यो ज्यादै राम्रो कुरा हुने छ तर पच्नेसँग असम्बन्धित राम्रो काम गर्नाले निरोगी हुन्छ भन्नुचाहिं विधर्मीलाई हँसाउने खालको नै उदाहरण हुन जान्छ । यस्तै रिसाहाको रूप नराम्रो हुने कुरा सर्वसिद्ध छ, यस्तोको लागि उदाहरण नै त्यतिआवश्यक देखिंदैन तापनि विशुद्ध व्याख्याको सिलसिलामा उल्लेख हुनचाहिं अत्युक्ति मान्नुहुँदैन । यसरी प्रश्नको लहरमा दिइएका घटना र उदाहरण संवेदनशील नै देखिन्छ परन्तु अन्धभक्त झैं देखिने भने पक्कै पनि हो । यसो हुनु पनि बुद्धधर्मावलम्बी बर्मेली जातिहरू दिव्यसम्पत्तिलाई ठूलो ठान्ने चाहना राख्ने भएकोले नै हुनसक्छ ।

बुद्धलाई दुई कुराले सम्मानित गर्ने गरिन्छ, यो कुरा प्राय:जसो बुद्धधर्मावलम्बीले नै गर्ने गर्दछन् । जस्तै बुद्धलाई व्यावहारिक मान्दछन् भने जन्मान्तरको कर्मसँग सम्बन्ध राख्ने पनि ठान्दछन् । अर्थात् बुद्धलाई लौकिक र लोकोत्तर दुबैका व्यवहारवादी सर्वज्ञ मान्ने गर्दछन् । यही आधारमा यस पुस्तकमा विभिन्न उदाहरण आएको देखिन्छ । यहाँ कुन धर्म कुशल वा अकुशल, कुन धर्म सदोष वा निर्दोष, कुन धर्म सेवनीय वा असेवनीय छ भनी प्रश्न गरिएको ज्यादै आवश्यक विषय हो । यस विषयलाई छुटाएको भए यो धर्मको व्याख्या नभैकन कोरा विवरणमात्र हुने हुँदोहो । भगवान् बुद्धको उपदेशको सारको रूपमा तृष्णाको व्याख्या गरेर

Downloaded from http://dhamma.digital/

तृष्णा र कर्मको सम्बन्ध जोडी विपश्यनालाई जोड दिएर तृष्णालाई हटाउनुपर्छ भनी देखाउनु नै सम्पूर्ण पुस्तकको सार अंश भएको देखिन्छ। यसले गर्दा यस पुस्तकको महत्त्व अरू बढ्न गएको छ।

बुद्धको उपदेशमात्र अगाडि सार्ने हेतुले लेखिएको भएपनि लेखकले आफ्नैपनको उपदेश पनि समावेश गरेर धर्मलाई सम्झाउन खोजिएको छ, यो पुस्तकको थप विशेषता यसैमा छ। कर्म भनेको कार्यचेतना हो। तृष्णा भनेको रमणाशक्ति हो। स्नेह र प्रेम पनि रमणाशक्ति नै हो। तृष्णाले गर्दा नै कर्मद्वारा सबै सत्त्वमा चालबाजी खेलछ भनी बताएर बुद्ध धर्मको सार संक्षेपमा दिई लेखकले विद्वज्जनको अगाडि आफ्नो राम्रो परिचय दिन सफल भएको छ।

मानिस भन्नासाथ कर्मसँग साक्षात् सम्बन्ध रहने कुरा पूर्वीय वा पाश्चात्य जुनसुकै धर्मावलम्बीले स्वीकार्ने कुरा हो। यही कर्मले गर्दा आत्म र अनात्मको सवाल उठेको हो। पुनर्जन्म पनि कर्मकै उपज हो। शरीरको मृत्युपछि मनुष्यको के हुन्छ भन्ने कुतकुतीलाई कर्मद्वारा निराकरण गर्ने पनि गरिएको छ। प्राचीन इतिहास कालहरूमा धेरैजसो देश पुनर्जन्ममा विश्वास गर्थे। कर्म र पुनर्जन्मको सिद्धान्त भारतीय धर्म र दर्शनको अत्यन्त मौलिक सिद्धान्तमा राखिएको छ। पुनः शरीर धारण सम्बन्धी कुरामा पश्चिममा एउटा वृहत साहित्यको रचना भइसकेको छ। प्लेटोले आत्माको

Downloaded from http://dhamma.digital/

पूर्वजन्म र उत्तरजन्ममा विश्वास गरेका थिए। यी कुराहरू ज्यादै विचारणीय छन्। पहिले पहिलेका विद्वान्हरूको जुन अनुमान छन् ती अनुमानका कुराहरू पछिका लेखकहरूका लागि युक्तिसंगत निष्कर्ष झैं लाग्ने हुन्छ। यसैले वर्तमानभन्दा वरपरका कुरामा विना कुनै जाँच विश्वास गर्नु चाहिं उचित छैन भन्ने लाग्दछ। भौतिकवादीहरू अर्थात् चार्वाक आदिले यस्ता कुरालाई अर्कै प्रकारले ठान्ने गरेका छन्। प्राचीनकालमा स्वर्गलाई बढीभन्दा बढी कर्मको आनन्द लिने स्थल मानिन्थ्यो यस लोकको फलचाहिं धनधान्य सम्पन्न हुनु, असल सन्तान हुनु आदि मानिन्छ। ऋग्वेद आदिमा कर्मको अर्थ पराक्रम र धार्मिक कृत्य भनेर पनि बताएका छन्। धार्मिक कृत्य भन्नाले यज्ञ दान आदिलाई लिने गरिन्छ। यही कारण बौद्धहरूले कर्मलाई आफ्नै ढङ्गले अपनाएका हुन् र वैदिक र स्मृति साहित्यका धेरैजसो विषयसँग असहमति प्रकट गरेका छन्। यसैले बुद्धधर्म अरू धर्मसंग छुट्टै भएको प्रतीत हुन्छ। आत्माको आधारमा ईश्वर, स्वर्ग र नरकमा विश्वास नगर्नुमा नै बुद्धधर्मको छुट्टै अस्तित्व देखिन्छ। हुन पनि ईश्वर, स्वर्ग र नरक मान्नेहरू उत्तर अस्तित्वमा विशेष जोड दिन्छन्। सदाचारीले स्वर्ग पाउँछ र दुराचारीले नरक पाउँछ भन्छन्। बाइबल र कुरानमा विश्वास गर्नेहरू पनि यी नै कुरामा विश्वास गर्दछन्। सुकृत्य खालि ईश्वरको इच्छाप्रति श्रद्धा राख्नुमा छ भन्छन्। यी द्वन्दहरूको निराकरणका केही उपाय सोचिएको आभास भएको यस पुस्तकलाई 'कर्म र मनुष्य'

Downloaded from http://dhamma.digital/

शीर्षक राख्नु लेखकको कर्मप्रतिको अविच्छिन्न विश्वास हो भन्न सकिन्छ। यस मानेमा यो पुस्तकको शीर्षक ज्यादै उपयुक्त देखिन्छ।

यो पुस्तक नेपाली भाषामा अनुवाद हुनु आजको अवस्थाको खाँचो पूर्ति गर्नु हो भन्ने मैले ठानेको छु, किनकि नेपाली बौद्धहरू कर्मलाई भाग्यको परिभाषा गर्दछन् र बुद्धप्रति अन्धभक्ति राख्दछन् अनि बुद्धोपदेशलाई राम्ररी मनन गरेका हुँदैनन्। यस्तो स्थितिमा मनुष्यको कर्मसँगको सम्बन्ध बताई कर्मवादितामा आँखा खुलाउने लक्ष्य नै अनुवादकको भएको बुझिन्छ। देवयोनि, पितृयाण र कीरा एवं जन्तुहरूको मार्ग हुँदैन, तिनीहरू जन्मन्छन् र मर्छन् मात्र। वास्तविक मार्ग त मानिसको हुन्छ। यो मार्गले कर्मको आधार लिन्छ। यही मतलबले 'कर्म र मनुष्य' जस्तो उचित बेलाको उचित पुस्तकलाई अगाडि सारिदिनु नेपाली बौद्धहरूप्रतिको लेखकको अनुभवको अनुशीलनको कारण हुन सक्छ। यो पुस्तक राम्ररी अध्ययन गरिसकेपछि एउटा प्रश्न खडा हुनसक्छ। विना कर्म शरीर हुँदैन र विना शरीर कर्म हुँदैन भने पहिले कर्म आउँछ कि शरीर आउँछ ? यस कुराको चासो हुनु बुद्धधर्मको अध्ययन मननमा चाख बढाउनु हो। यस्तो जटिल विषयलाई कथाको रूपमा समेत सम्झाउन कोशीश गरिएको यस पुस्तकको अनुवादको लागि विषय चयन साह्रै गहनतम विचारको फल हो भन्ने म विश्वास राख्दछु। नेपाली साहित्याकाशमा महामानव गौतम बुद्ध सम्बन्धी जल्दाबल्दा विचार सहितका

Downloaded from http://dhamma.digital/

पुस्तकहरू थप गर्नुमा अनुवादक महास्थविर भिक्षु ज्ञानपूर्णिक-ज्यू अगाडि बढ्दै आइरहनुभएको छ भन्ने कुरा वहाँका यस अघिका किताबहरूबाट नै देखाइसकेको छ। यस्ता कुरामा दुई चार शब्द व्यक्त गरेर सहभागी हुन पाएकोमा म आफूलाई पनि धन्य सम्झन्छु र यस्तो सुअवसर दिनुभएकोमा अनुवादकज्यूमा आभार व्यक्त गर्दछु।

सुवर्ण शाक्य

ॐ बहाल, ख २–६१४
काठमाडौं, नेपाल
२०४८

Downloaded from http://dhamma.digital/

# केही कुरा

"कर्म र मनुष्य" शीर्षकमा हामीले बुझनु पर्ने शब्द 'कर्म' हो । 'कर्म' तीन अक्षरको शब्द हो । शब्द स्यानो छ । तर यसमा निहित अर्थाभिव्यक्ति अथाह छ, गम्भीर छ; प्रतिवेध गर्न अत्यन्त दुष्कर छ । तथ्य पत्ता लगाउन अति गाह्रो छ । कोरा कल्पना र माथिल्लो सतहमा मात्र रहेको ज्ञान बुद्धिले यसको बास्तविकता बुझन निश्चय नै असम्भव छ । त्यसैले नै बुद्धिमान भनाउँदा व्यक्तिहरू पनि "आधुनिक भौतिक विज्ञान"लाई मात्र ठोस र अकाटच प्रमाण र आधार मानी यसको सही एवं यथार्थ अर्थ लगाउनुबाट चिप्लिएर मन गढन्त भूमरीमा परी कता कता पुगिरहेका देखिन्छन् । अर्थलाई पनि अनर्थ सम्झन लागिरहेका छन् । तथ्ययुक्त घटनालाई झूठ साबित गर्न तम्सिरहेका हुन्छन् ।

बुद्ध–धर्ममा मन वा चित्तको स्थान सर्वोपरि छ । मानव जाति सहित सबै सत्त्व प्राणीहरूको सम्पूर्ण क्रियाकलाप र त्यसको परिणामको लेखाजोखा विभिन्न वातावरण र स्थितिमा अनेकौं रूप लिएर क्षण क्षणमा विपरिणत र परिवर्तन भई उब्जने चित्तावस्थालाई हेरेर मात्र कुनै ठोस

Downloaded from http://dhamma.digital/

निर्णयमा पुग्न सकिन्छ । मनको यथार्थ स्वभावलाई प्रज्ञाद्वारा विभाजन गरी अध्ययन, मनन र अन्वेषण अनुसन्धान नगरी कुनै कर्मको प्रतिफल के कस्तो हुनसक्छ भनी ठोकुवा गरी निर्णयमा पुग्नु अन्धो परम्पराको मिथ्याभिव्यक्ति सिद्ध हुन जान्छ । कर्मको खास मर्म बुझ्नु सर्वज्ञता ज्ञानको परिधिभित्र पर्दछ । साधारण पृथग्जनको अविद्या मिश्रित क्लेशाभिभूत ज्ञान बुद्धिले र बाह्य आडम्बरयुक्त चिन्तन शक्तिले यसको नाप तौल गर्न सजिलो छैन । सम्भव हुँदैन । त्यसैले नै कर्मको विषय बुद्ध विषय हो । यो अचिन्तेय्य छ, अप्रमेय्य छ । जसले यसको चिन्तन गर्न खोज्छ, त्यो उन्मत्त अवस्थामा मात्र पुग्न सकिन्छ; अत्तो पत्तो लगाउन सकिन्न । कौवाले महासमुद्रको पानी सुखाउने अनर्थ प्रयास गरे जस्तो मात्रै हुन पुग्छ । कुनै व्यक्तिको अध्यासय बुझ्ने काम क्लेशान्ध व्यक्तिहरूको क्षेत्र होइन । त्यस कारण आफ्नो क्षमताले भ्याउन नसक्ने आफ्नो परिधि बाहिरको विषय माथि आलोचना समालोचना र टीका टिप्पणी गर्न खोज्नु उन्मत्तक प्रलाप मात्र हुन पुग्नेछ । आफू स्वयं अन्धो भइरहेको व्यक्तिले अरूहरूलाई पनि अन्धो सम्झे जस्तै हुन जाने छ ।

आफू स्वयं खाल्डोमा परी दुःख भोग्नु परिरहेको व्यक्तिले अरूलाई खाल्डोबाट मुक्ति दिने उपायको व्याख्यान गरिरहने जस्तो हुन जाने छ । पहिले आफू स्वयं खाल्डोबाट मुक्त भएर देखाउन सकेमा नै आफ्नो व्याख्यानमा सारनिहित भएको मानिने छ । नत्र भने खालि व्याख्यानले लङ्का हाँकि-

Downloaded from http://dhamma.digital/

रहनु निरर्थक हुन जाने छ । खालि ढिंढोरा पिट्नु खोखलापन देखाउनु हो । ज्ञानाभावको नाङ्गोपन देखाउनु हो । कुनै पनि ठोस निष्कर्षमा पुग्न सक्ने छैन, न त पुऱ्याउन सक्ने नै छ ।

जुन व्यक्तिमा आत्माभिमान बढी हुन्छ, आत्मासक्तिबाट मुक्त हुन सक्तैन, त्यस व्यक्तिले सार तत्त्वलाई असार सम्झिराख्छ र असारलाई सार । सार तत्त्वलाई उसले फेला पार्न सक्दैन । त्यो उसको मिथ्यासङ्कल्प गौचरको प्रमाण हो । सम्यक्सङ्कल्प गौचर उसमा हुन सक्दैन । सम्यक्सङ्कल्प गौचर नभइकन कर्मको खेल सम्झन सक्तैन । कर्मको खेलको ज्ञानाभावमा सत्त्वप्राणीहरूको गतिको स्थितिलाई टुङ्गो लगाउनाले ठूलो भूल हुने सम्भावना छ । यस प्रकारको भूल गर्नुबाट मानिस सँधैं अलग्ग रहनु उचित मानिन्छ । सोचविचारले काम गर्नुबाट नै मानिसको बुद्धिमत्ता झल्किन्छ । बुद्धोपदेश माथि एक्कासी प्रहार गर्नु अत्यन्त भयावह छ । यसले मानिसलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ । तसर्थ दृष्टिभ्रम र दृष्टिजालबाट मुक्त हुन खोज्नुमा नै मानिसको अर्थ र लाभ गाँसिएको छ । अन्यथा शिकारीको जालबाट उम्कन खोज्दाखोज्दै झन् झन् त्यसैमा फँस्दै अल्झिदै गइरहेको चालै पाउन सक्दैन ।

अतएव पाठक वृन्दहरूले यस 'कर्म र मनुष्य' पुस्तक अध्ययन गर्दा यसमा उल्लेखित विषय वस्तुहरूमाथि हलुङ्गो तरिकाले अध्ययन नगरी मामुली से मामुली साधारण से

Downloaded from http://dhamma.digital/

साधारण विषयलाई पनि गहन रूपमा विचार र बुद्धि विवेक पुऱ्याई अध्ययन मनन गर्न र यसबाट सही अर्थ लाभ गर्न सकुन् भन्ने सदाशयता व्यक्त गर्न चाहन्छु। किन भने बुद्ध धर्मको कर्मको विषय हामीले सम्झिराखेको भन्दा अति नै दुरूह छ, अथाह छ, गम्भीर छ, शूक्ष्म छ, दुर्बोध्य छ, छ अनि अत्यन्त दुर्दर्शनीय पनि।

यस पुस्तक पाठकवृन्दहरू समक्ष यसरी प्रस्तुत गर्न भाषा संशोधन जस्तो बोझिलो काममा तथा पुस्तकोपयोगी समालोचनात्मक भूमिका लेख्ने काममा जुन किसिमको सौहाद्रता, लगनशीलता र दिलचस्प देखाउनु हुँदै हे. मा. श्री सुवर्ण शाक्यज्यूले आफ्नो अमूल्य समय र योगदान समर्पण गर्नु भयो, त्यसको लागि वहाँ प्रति जति आभार प्रकट गरे पनि थोरै नै हुने छ। वहाँको सहिष्णुता पूर्ण सहयोग विना यो पुस्तकको रूपरेखा अहिलेको जस्तो हुने सम्भावना थिएन। अत: वहाँ प्रति आफ्नो हृदयदेखिको साधुवाद सर्मपित छ।

स्वर्गीय श्री कविन्द्रराज शाक्यको पुण्य स्मृतिमा श्रीमती लेखमाया शाक्य प्रमुख सपरिवारको पुनित श्रद्धाले यो पुस्तक यसरी पाठक वृन्दहरूको सामू प्रस्तुत गर्न सकिएको हो। यस धार्मिक पुस्तक प्रकाशन जस्तो धर्मदान पुण्यको आनुभाव प्रभावले स्वर्गीय श्री कविन्द्रराज शाक्यलाई विशेष रूपमा र अन्य सबै पुण्य सहभागी सम्पूर्ण बन्धु बान्धव ज्ञाति मित्रहरूलाई सम्पूर्ण दु:खको उन्मूलन अवस्था निर्वाण

Downloaded from http://dhamma.digital/

केही कुरा

सुख प्राप्त होऊन् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु । यस प्रकारको पुण्य कार्य उहाँहरूबाट बेला बखतमा आर्जन भई आफ्नो धर्म, संस्कृति र सभ्यतालाई अक्षुन्न राखी सेवा पुऱ्याउन सक्नु हुने छ भन्ने आशा पनि व्यक्त गर्न चाहन्छु ।

छपाईको काम शिघ्रातिशिघ्र सम्पन्न हुना खातिर दिनहुँ दुःख कष्ट सही प्रुफ लिन दिन जाने बेला बखतमा प्रुफ पढ्ने काममा अत्यन्त सहयोगी श्रामणेर वजिरबुद्धि; प्रुफ पढ्ने मात्रै नभई यस पुस्तक प्रकाशनमा चाहिंदो व्यवस्था मिलाई दिने र प्रकाशक जुटाइ दिने काममा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग र अनुबल पुऱ्याइरहने धर्मकी बहिनी अनागारिका उत्पलवर्णाप्रति सँधै आभारी र कृतकृत्य छु ।

विभिन्न अड्‌का जुढेर पनि प्रेस परिवारको सहिष्णुता, सहानुभूति, लगनशीलता, व्यवस्थित व्यवस्था र कार्यपरायणता विना पुस्तक यथासमयमा प्रकाशित हुनु असम्भव जस्तो हुन जान्छ । यस दिशामा "नेपाल प्रेस" प्रमुख र उहाँका सहकर्मीहरू नितान्त प्रशंसनीय तथा हार्दिक धन्यवादका पात्रहरू रहेका कुरा व्यक्त गर्दै आफ्नो केही कुरा यहीं टुंग्याउन चाहन्छु ।

चिरं तिट्ठतु सद्धम्मो !
सद्धर्म चिरस्थायी रहुन् !

— अनुवादक
२७–६–०४८

विश्व शान्ति बिहार
मीन भवन, नयाँ बानेश्वर, काठमाडौं ।

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| | |
|---|---|
| मन्तव्य | ग |
| दुई शब्द | च |
| कविन्द्रराज शाक्यको संक्षिप्त जीवनी | ङ |
| भूमिका | ञ |
| केही कुरा | प |
| **विषय** | **पृष्ठ संख्या** |
| प्रणाम | १ |
| संक्षिप्त बुद्धवंश बुझाउने छु | ३ |
| बुद्धकृत्य बोधनीय | ६ |
| लक्षित प्रणाम प्रतिफल | १० |
| धर्म शीर्षक अवबोध गरौं | ११ |
| कर्म सम्बन्धी ज्ञातब्य तथ्यहरू | १२ |
| काल द्वय ग्रहण विधि विभेद | १३ |
| चार प्रकारका मनुष्य विभाजन | १४ |
| जान्नुपर्ने चार सम्पदा | १७ |
| पिता तोदेय्य पुत्र शुभ | १६ |
| तीन प्रकारका श्रेष्ठीहरू | १६ |
| श्रावस्तीका नागरिक र दान | २० |
| तोदेय्यवादतिर नलाग | २२ |
| तोदेय्य ब्राह्मण कुकुर हुन पुग्यो | २३ |
| महाकारुणिकको प्रत्यवेक्षण | २४ |


Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| भगवान् बुद्धलाई समेत भुक्ने कुकुर | २५ |
| मरेर गएका सबै मानिस मानिस नै बन्दैनन् | २५ |
| शुभ ब्राह्मण बुद्ध कहाँ | २६ |
| सम्पत्ति लाभार्थ बुद्ध विधि | २७ |
| फेरि बुद्ध समक्ष | २९ |
| उपसंक्रमण गर्न अनुकूल ठाउँ | २९ |
| १४ प्रश्न | ३० |
| पहिलो प्रश्न र उत्तर | ३२ |
| परप्राणहिंसाले नरक पतन | ३३ |
| प्राणीहिंसा विरत बकुला | ३६ |
| पुनः मनुष्य भएमा दीर्घायु | ४१ |
| दोश्रो प्रश्न र उत्तर | ४५ |
| अरूलाई सास्ति गरेमा अपाय पतन हुने | ४६ |
| मनुष्य भए पनि रोगी | ५० |
| सास्ति नगरेमा निरोगी | ५३ |
| तेश्रो प्रश्न र उत्तर | ५४ |
| अतिक्रोधले नरक पतन | ५६ |
| मानिस भए पनि कुरूप | ६१ |
| शक्रदेवेन्द्र पनि स्वल्प द्वेषी | ६१ |
| फेरि मानिस भएर जन्मेमा रूप राम्रो | ६४ |
| चौथो प्रश्न र उत्तर | ६६ |
| ईर्ष्याले अपाय पतन | ६७ |
| यश परिवार नहुनुले मात्र | ६९ |


Downloaded from http://dhamma.digital/

राजाको दानमाथि ईर्ष्या गर्ने ७०
ईर्ष्या विहीन चित्तले स्वर्ग गमन ७५
जीवनमा नै दृष्टान्तको रूपमा राम्रो प्रतिफल ७५
पाँचौं प्रश्न र उत्तर ७७
नदिएमा नरक पतन ७८
सेंठ अवतारी गरीब ८०
मानिस पुग्नुभन्दा अगावै विमानोत्पत्ति ८२
फेरि मनुष्य भइ जन्मंदा इच्छित लाभ ८५
छैठौं प्रश्न र उत्तर ९०
आमा बाबुको अपमानले नरक गमन ९१
बट्टाइँ, हात्ती र बाँदर स्वर्गलोकमा ९८
फेरि मानिस भएमा लाभ १००
सातौं प्रश्न र उत्तर १०१
राजा अजातशत्रुको नरक अवतरण १०३
फेरि पनि निर्बुद्धि स्वाँठ हुनुपर्‍यो १०४
सील, स्याल र बाँदर सुगतिमा १०५
फेरि मानिस हुँदा प्रज्ञा लाभ १०८
कठपुतली जस्तै कर्म १०९
सबै तृष्णालाई नाश पार ११०
संक्षिप्त भाविता विधि १११
उपदेशको सारांश कविता १२१
निगमन मंगल प्रार्थना १२२


Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/



# कर्म र मनुष्य

## प्रणाम

❋

**सुभेन पुच्छितं पञ्हं–विस्सज्जितुं तथागतो ।**
**चूलकम्मं अदेसेसि–नमामि सुगतं अहं ।।**

यो तथागतो=अतीतकालका तथागत सम्यक्सम्बुद्धहरू जस्तै समान रूपमा राम्ररी आगमन भएका जुन् भगवान् बुद्धले; सुभेन=तोदेय्य नामधारी प्रसिद्ध ब्राह्मण–पुरोहित–पुत्र शुभ नामक ब्राह्मण माणवकले; पुच्छितं=हीन र प्रणीत दुई प्रकारका प्रभेदलाई निश्चित रूपमा सम्झने मनसाय राखी सोधिएका; पञ्हं=चौध प्रकारका प्रश्नमध्ये; विस्सज्जितुं=एउटा पनि बाकी नराखी प्रत्युत्तर दिनको लागि; चूलकम्मं =चूलकम्म विभङ्ग नामक सूत्रोपदेशलाई; अदेसेसि=श्रावस्ती नगरको सेंठको जेतवन आराममा रमाई रमाई विहार गर्नुभएको बेलामा करुणा पूर्वंगामी प्रज्ञाद्वारा विर्देशन

Downloaded from http://dhamma.digital/

दिनुभई उपदेश गर्नुभयो । सुगतं=राम्रो र असल कुरा थाहा पाएका; तं तथागतं= वहाँ तथागत सम्यक्सम्बुद्धलाई; अहं=म, अहं= चूलकम्म विभङ्ग नामक सूत्रोपदेशलाई आधार मानी "कर्म र मनुष्य" सम्बन्धी अवबोध्य विषयहरूलाई उपदेश गर्ने भित्री मनले लक्ष्य राखी त्यसमा प्रयास गर्न लागेको म; नमामि=भो भगवन् ! गुणांगहरू-प्रति भरोसा राखी नमस्कार गर्दछु ! नमामि=भो भगवन् ! धर्मोपदेशक एवं धर्मश्रोतागण आदि बहुसंख्यक परिषद् समूहका सत्पुरुषहरूका आन्तरिक र बाह्य शरीर, आन्तरिक र बाह्य गृह, आन्तरिक र बाह्य ग्राम तथा आन्तरिक र बाह्य शहर समेतलाई नछुटाई ती सबैमा अनेक प्रकारका भएभरका भय र शत्रुभाव आदि अन्तरायलाई हटाउने भएका तपाईंमा पवित्र प्रार्थनालाई अगाडि सारी म नमस्कार चढाउँछु ।

***

Downloaded from http://dhamma.digital/

# "संक्षिप्त बुद्धवंश बुझाउनेछु"

दीपंकर सम्यक्सम्बुद्धको सम्मुखमा सुनिश्चित भविष्यद्वाणी नियत व्याकरण रूपी पुष्पले अलंकृत भइसके-पछि सुमेध ऋषिको जन्मदेखि शुरू गरी चार असंख्य एक लाख कल्प पर्यन्त पारमी पूर्ण गरिसक्नुभएका बोधिसत्त्व सेतकेतु (श्वेतकेतु) देवपुत्रले बहुसंख्यक देव ब्रह्माहरू एकत्रित भई गरेको प्रार्थना अनुसार तुषित देवलोकबाट देवआयु घटाई महासम्बत् ६७ साल आषाढ पूर्णिमाका दिन, मध्यरातमा कपिलवस्तुका अधिपति राजा शुद्धोदनकी अग्रमहिषी महामायादेवीको कोखमा प्रतिसन्धि ग्रहण गर्नुभयो ।

तदुपरान्त नौ महिना बिताई दश महिना पुगेपछि महासम्बत् ६८ साल वैशाख पूर्णिमाका दिन दिउँसो १ घडी बित्दा माता मायाले रमणीय लुम्बिनीको शालोद्यानमा बोधिसत्त्व राजकुमार सिद्धार्थलाई विशुद्ध रूपमा जन्म दिनु भयो ।

त्यही दिनमा चारवटा महासुवर्ण घट र बोधिवृक्ष सहित आनन्द, कालुदायी, यशोधरा, छन्न र कण्डक घोडा यी चीज पनि एकै साथ प्रादुर्भाव भए ।

Downloaded from http://dhamma.digital/

बोधिसत्त्वलाई जन्माई ७ दिन पुग्दा माता माया स्वर्गारोहण हुनुभएकोले बोधिसत्त्व राजकुमारलाई सानी आमा गौतमीले स्नेहपूर्वक अंकमाल गरी स्याहार संभार एवं लालन पालन गरिन् ।

बोधिसत्त्व राजकुमारले १६ वर्षको उमेरमा एक साथ जन्मेकी यशोधरादेवीसित विवाह सम्बन्ध जोडी १३ वर्षसम्म राजसुखऐश्वर्य उपभोग गर्नुभयो ।

त्यसपछि चार चार महिनामा एक एक पल्ट उद्यान भ्रमणमा जाने चलन भए अनुसार उद्यान भ्रमणमा जाँदा बृद्ध, रोगी, मृतक र श्रमण यो चार ठूला निमित्त देखनाले वहाँको मनमा तीब्र संवेग छचल्किन गयो ।

तसर्थ पुत्र राहुल जन्मिसकेर महासम्बत् ९७ साल, आषाढ पूर्णिमाको मध्यरातमा जन्मसहपाठी छन्न सारथीलाई साथ लिई एकै साथ जन्मेको कण्डक घोडा चढी वहाँले महाभिनिष्क्रमण गर्नुभयो ।

बोधिसत्त्वले महाभिनिष्क्रमण गर्नुहुँदा २९ वर्षको उमेरमात्र भएकोले यदि कामगुण सुख वैभव उपभोग गरेको खण्डमा मज्जासित उपभोग गर्न पाइने बेला थियो । पिता शुद्धोदन महाराजले त बोधिसत्त्वले गृहत्याग नगराउन अनेक प्रकारले यथाशक्य प्रयत्न गरे । त्यसै बीचमा बोधिसत्त्वले रम्म, सुरम्म र सुभ नामक तीनवटा प्रासादहरू, यशोधरा महिषी प्रमुख परिचारिकाहरू, ज्ञातिबन्धु, इष्टमित्र, परिवार र परिषद्हरूलाई परित्याग गरी गृहत्याग गर्नुभएको हो ।

Downloaded from http://dhamma.digital/

"यदि मैले चतु: सत्यलाई बुझन सकें भने सत्त्वप्राणीहरूलाई पनि आफूले बुझे जस्तै ती कुरालाई बुझाउनेछु। म संसार वर्त दु:खबाट मुक्त हुन सकेमा सत्त्वप्राणीहरूलाई पनि त्यसरी नै संसार वर्त दु:खबाट मुक्त गराइदिनेछु। म सांसारिक जलधारको मुहानबाट पार तर्न सकेमा सत्त्वप्राणीहरूलाई पनि सांसारिक जलधारको मुहानबाट पार तराइदिनेछु" भनी सुमेध ऋषिको जन्ममा कबोल गरिआउनुभएको लक्ष्य अनुसार वहाँले सत्त्वप्राणीहरूलाई उद्धार गर्न चाहनुभएको कारणले वहाँले यसरी महाभिनिष्क्रमण गर्नुभएको हो।

बोधिसत्त्वले अनोमा नदी तीरमा बालुवाको फाँटमा पुग्दा केश क्षौर गरी, घटिकार महाब्रह्माले समर्पण गरेको आठ परिष्कार ग्रहण गरी श्रमण भिक्षु भेष धारण गर्नुभयो। त्यसपछि छन्न अमात्य र कण्डक घोडालाई राजधानी फिर्ता गराई एक्लै कठिन यात्रामा अगाडि बढ्नुभयो।

अनुपीय आम्रवनमा ७ दिन विहार गरी राजगृह नगरभित्र भिक्षाटनार्थ प्रवेश गर्नुहुँदा त्यहाँका राजा बिम्बिसारले आफ्नो आधा राज्य सहित सुख वैभव बाँडेर दिने वाचा गर्नुभयो। यस कुरालाई अस्वीकार गरी बोधिसत्त्व उरुवेल वनतिर एक्लै प्रस्थान गर्नुभयो।

त्यसपछि उरुवेल वनमा दुष्करचर्यालाई ६ वर्ष पर्यन्त रुक्ष क्लिष्ट तीव्र रूपमा आचरण गर्नुभयो। यतिसम्म कि रुक्ष, क्लिष्ट र तीव्र रूपमा आचरण गर्दा हाड र छाला मात्र

Downloaded from http://dhamma.digital/

बाँकी रही दुर्बलताको कारणले मूर्छा भई त्यसै लडिरहनुपरेको थियो ।

त्यसरी तपश्चर्या गर्दा पनि विशेष धर्म लाभ नहुँदा दुष्करचर्या छाड्नुभयो । तब आफू एक महिनाको बालक छँदा आनापान भाविता गरी प्रथमध्यान लाभ गरेको घटना सम्झनामा आएकोले त्यस आनापान कर्मस्थानलाई नै उद्योग र अभ्यास गर्ने निर्णय लिनुभयो । उद्योग र अभ्यास गर्नुभन्दा अघि फेरि शारीरिक शक्ति सम्पन्न हुन पुनर्वार खाद्य आहार सेवन गर्नुभयो ।

शक्ति सम्पन्न भएर आएपछि महासम्वत् १०३ साल, वैशाख पूर्णिमाको सन्ध्यामा बोधिमण्डपतिर उपसंक्रमण गरी अपराजित पल्लंकासनमा पलेटी मारी बस्नुभयो । सर्वज्ञ बुद्ध नभएसम्म त्यो आसनलाई छोड्ने छैन भनी अधिष्ठानद्वारा भावना धर्म उद्योग गर्न त्यसरी बस्नु भएको हो ।

त्यसपछि सूर्यास्त हुनुभन्दा अघि मारदेवद्वारा रचिएको बिघ्नबाधाप्रति विजय प्राप्त गर्नुभयो । रात्रीको प्रथमयाममा पहिले पहिलेका जन्महरूका स्कन्धक्रमलाई पुनर्वार स्मरण गर्न सक्ने र जान्न सक्ने ज्ञान विशेषलाई [**पुब्बेनिवासानुस्सति अभिञ्ञा**] लाभ गर्नुभयो ।

त्यसपछि मध्ययाममा हेर्न चाहेका ठूला साना, टाढाका नजीकका र भएभरका सजीव एवं निर्जीव पदार्थलाई हेर्न र देख्न सक्ने देवताहरूको आँखा सरि भएको [**दिब्बचक्खु अभिञ्ञा**] ज्ञान विशेषलाई लाभ गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

अन्तिम याममा भएभरका क्लेशलाई वासना पर्यन्त निरवशेष रूपमा हनन गर्न सक्ने [**आसवक्खय**] ज्ञानलाई लाभ गर्नुभयो। यो ज्ञानलाई अरहत्तमार्गज्ञान भनिन्छ।

भगवान् बुद्ध भन्नाले १ भएभरका क्लेशलाई वासना रहित हुने गरी हनन गर्न सक्ने अरहत्तमार्गज्ञान; २ जान्नु बुझ्नुपर्ने सम्पूर्ण कुरालाई बाकी नराखी निरवशेष रूपमा देख्न जान्न सक्ने सर्वज्ञताज्ञान यी ज्ञानद्वयलाई अधीनमा राखिराख्ने श्रेष्ठोत्तम पुद्गललाई जनाउँछ।

त्यस अभिप्रायलाई सरल रूपमा स्मरण गरिराख्न स्मरणिका कविता रचिराखेको छ। लौ त एक वार पढि हेरौं–

**हत्याले सम्पूर्ण क्लेशको– होइन्छ अरहत्त मार्ग त्यो।**
**ज्ञातव्य सर्वज्ञानले– भनिन्छ सर्वज्ञ ज्ञान त्यो।**
**राख्नाले स्वाधीन ज्ञानद्वय– हुन्छ बुद्ध भगवान् त्यो।**

यो ज्यादै स्मरण योग्य छ।

आज विश्वमा (१) हिन्दू धर्म (२) बुद्ध धर्म (३) क्रिश्चियन धर्म र (४) मुस्लिम धर्म गरी मान्नुपर्ने प्रमुख धर्म ४ प्रकारका छन्। ती धर्मावलम्बीहरूमध्येमा हिन्दू, क्रिश्चियन र मुस्लिम धर्मावलम्बी नवयुवक युवतीहरूले आ–आफ्ना मान्य ईश्वर भगवान्हरूको विषयलाई सविस्तर र सूक्ष्म विवरण नभए पनि साधारणतया जानेका छन् भन्ने सुनिन्छ।

Downloaded from http://dhamma.digital/

आजकालका बुद्धशासनानुयायी धेरैजसो नवयुवक युवतीहरूमध्ये आफ्ना सन्मान्य भगवान् बुद्धको विषयलाई जान्ने ज्यादै थोरै देखिन्छन् । यो अतिनै अफशोचको कुरा हो । यस्तो नहुन दिन आफ्ना स-साना छोराछोरीहरू; नाति नातिनीहरू; शिष्य शिष्याहरूलाई भगवान् बुद्धको विषय सविस्तर नभए पनि मोटामोटी रूपमा सम्झाइ बुझाइराख्नु र ज्ञान दिलाउनु आवश्यक छ ।

त्यसकारणले पनि हामीले शुरूमा उपदेश दिंदा संक्षिप्त बुद्ध-जीवनीलाई लिएर उपदेश दिने गरेका छौं ।

यथार्थ रूपमा सर्वज्ञता अनि सम्यक्सम्बुद्धत्वमा पुगिसकेपछि भगवान् बुद्धले ६० दिन जतिमात्र आराम पूर्वक विहार गर्नुभएको थियो । त्यो वर्षमा आषाढपूर्णिमाको दिन मृगदावनसम्म यात्रा गर्नुभई पञ्चवर्गीयहरूलाई प्रमुख मानी धेरै देवब्रह्माहरूलाई प्रथम उपदेशको रूपमा धर्मचक्र-देशना गर्नुभयो ।

त्यसबेलादेखि भगवान् बुद्धले कुशीनगरका मल्ल-राजाहरूको शालोद्यानमा परिनिर्वाण नहोउञ्जेल ४५ वर्षको समयावधिसम्म विभिन्न देश प्रदेशहरूमा विचरण गरी विहार गर्नुभएर बुद्धकृत्य नामक पाँच दैनिक क्रियालाई वेनेय्य सत्त्वप्राणीहरूको अर्थ, हित र कल्याणार्थ निरन्तर वहन गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

# बुद्धकृत्य बोधनीय

भगवान् बुद्धले दिनहुँ वहन गर्नुहुने पाँच महान् कार्यलाई "पञ्च बुद्धकृत्य" भनिन्छ ।

भगवान् बुद्धले बिहान सबेरै स्नान गरी भिक्षाटनको समयसम्म एकान्त स्थानमा एक्लै विहार गर्नुहुन्छ । अनि भिक्षाटनको समय भएपछि भिक्षाटनमा जानुहुन्छ र अनुकूल भएको अनुमोदन उपदेश दिनुहुन्छ । विहार फर्किसकेपछि भिक्षुहरूको भोजनकृत्य नसिद्धिन्जेल सभामण्डपमा रहेको बुद्धासनमा पर्खिरहनुहुन्छ । यी कुराहरू त विहान सबेरैदेखि भोजनकृत्य नसिद्धिउन्जेलसम्म वहन गर्नुहुने पहिलो कृत्य नै हो । पालिमा त **'पुरेभत्तकिच्च'** भनिन्छ । समयावधिद्वारा भन्ने हो भने बिहान ५ बजेदेखि १२ बजेभित्र वहन गर्नुपर्ने कृत्य हो ।

त्यसपछि गन्धकुटीभित्र पस्नुभन्दा अगाडि भिक्षुहरूलाई पाँच दुर्लभ धर्मद्वारा अववाद उपदेश दिनुहुन्छ । मध्याह्न समयतिर एकछिन जति विश्राम लिएर लेट्नुहुन्छ । विमुक्त हुने व्यक्ति आउने छ भने तयार भई प्रतीक्षा गरिरहनुहुन्छ । स्वयं गएर उपदेश गरी पार लगाउनुपर्ने व्यक्ति भएमा त्यहाँ गई उपदेश गर्नुहुन्छ । सन्ध्या समयमा चार परिषद्लाई कर्मस्थान दिने र उपदेश दिने आदि गर्नुपर्ने हुन्छ । यी भए भोजनकृत्यपछि वहन गर्नुपर्ने दोश्रो कृत्य । पालि शब्दमा यसलाई **'पच्छाभत्तकिच्च'** भनिन्छ । समयावधि अनुसार भन्ने

Downloaded from http://dhamma.digital/

हो भने यी कुरा दिउँसोको १२ बजेदेखि बेलुकीको ५ बजेभित्र वहन गर्नुपर्ने कृत्य हुन् ।

इच्छा भएमा सन्ध्यासमयमा नुहाउनुहुन्छ । पहिलो याममा समागम हुने भिक्षु परिषद्‌लाई योग्य शिक्षापदहरू प्रज्ञप्त गर्नुहुन्छ र कर्मस्थान दिनुहुन्छ । सोधेका प्रश्नहरूको जवाफ दिनुहुन्छ । यी त पहिलो याममा वहन गर्नुपर्ने कृत्य हुन् । पालि शब्दमा यसलाई **'पुरिमयाम'** कृत्य भनिन्छ । समयावधि अनुसार भन्ने हो भने बेलुकीको ६ बजेतिरदेखि रातको १० बजेभित्र वहन गर्नुपर्ने कृत्य हुन् ।

मध्यरातमा सोध्न आउने देवब्रह्माहरूलाई पनि उनीहरूको प्रश्नको जवाफ दिनुहुन्छ । यो रातको १० बजेतिर देखि रातको २ बजेभित्र वहन गर्नुपर्ने **'मज्झिमयाम'** कृत्य हो ।

यसरी नै बिहान २ बजेदेखि ३ बजेसम्म चंक्रमण गर्नुहुन्छ । ३ बजेतिरदेखि ४ बजेसम्म सिंहशेय्याद्वारा विश्राम लिनुहुन्छ । ४ बजेपछि ५ बजेसम्म वेनेय्य सत्त्व प्राणी छ वा छैन भनी जान्नको लागि संसारलाई अवलोकन गर्नुहुन्छ । यी कार्यहरू अन्तिम याम कहलाइने बिहानको २ बजेतिरदेखि ५ बजेभित्र वहन गर्नुपर्ने कृत्य हुन् । पालिमा यसलाई **'पच्छिमयाम'** कृत्य भनिन्छ ।

## लक्षित प्रणाम प्रतिफल

"पाँच बुद्धकृत्य" दिनहुँ वहन गर्नुहुने भगवान् बुद्ध

Downloaded from http://dhamma.digital/

एक समयमा श्रावस्ती नगरको जेतवन आराममा रमणीयताका साथ विहार गरिरहनुभएको थियो। त्यसबेलामा शुभ माणवकले सोधेको प्रश्नको जवाफ स्वरूप "चूलकम्मविभङ्ग सुत्त" उल्लेख गरी उपदेश गर्नुभयो।

आज त्यस सुत्तलाई आधार बनाई उपदेशको क्रमलाई अगाडि सार्ने भएकोले यस विषयमा प्रवेश गर्नुभन्दा अगाडि त्यस सुत्तलाई व्याख्या गरी उपदेश गर्नुहुने भगवान् बुद्धलाई प्रणाम गर्ने वाक्य "बुद्ध प्रणाम" द्वारा धर्मोपदेश शुरू गर्न चाहन्छु।

यसरी शुरू गर्नुको उद्देश्य भगवान् बुद्धलाई पूजा अभिवादन गरिएको कुशल चेतनाको कारणले धर्मदेशक र धर्मश्रोतागण समेत भय रहित भई बिघ्नबाधाहरूबाट मुक्त होऊन् भन्ने नै हो।

## धर्म शीर्षक अवबोध गरौं

आज उपदेश गरिने धर्म विषयको शीर्षक "कर्म र मनुष्य" सम्बन्धी ज्ञातब्य तथ्यहरू हुन्। मज्झिमनिकाय पालि चूलकम्मविभङ्ग सुत्तलाई आधार लिई देशना गर्ने यो उपदेश हो।

आजको उपदेशमा "कर्म केलाई भन्दछ? त्यस कर्मले मनुष्यप्राणीहरूलाई कसरी सञ्चालन गरिराखिएको छ? मनुष्यप्राणीहरूले कर्मको खेल र नचाईलाई किन सहनु

Downloaded from http://dhamma.digital/

र खप्नु परेको छ ? कर्मको खेल र नचाई सहन र खप्न नचाहने व्यक्तिले के गर्नुपर्ला ?" भन्ने तथ्यहरूलाई स्पष्ट पार्नेछु ।

कम्मस्सका माणव, सत्ता कम्मदायादा; कम्मयोनि; कम्मबन्धु; कम्मपटिसरणा; कम्मं सत्ते विभजति ।

माणव=जान्ने इच्छा लिई प्रश्न गरी निवेदन गर्न आउने हे शुभ ब्राह्मण माणवक; सत्ता=मनुष्य, देव, ब्रह्मादि विभिन्न सत्त्व प्राणीहरू; कम्मस्सका=कर्म नै आ-आफ्ना निजी सम्पत्ति भएका हुन् । कम्मदायादा=कर्म नै अंशियार भएका हुन् । कम्मयोनि=कर्म नै उत्पत्ति कारण भएका हुन् । कम्मबन्धु=कर्म नै बन्धुबान्धव भएका हुन् । कम्मपटिसरणा =कर्म नै प्रतिशरण आधार भएका हुन् । कम्मं=आ-आफूले गरिराखेका कुशल कर्म, अकुशल कर्म भए जतिले; सत्ते= कर्माधिकारी मनुष्य, देव, ब्रह्मा विभिन्न सत्त्वप्राणीहरूलाई; विभजति=प्रभेद र विभाजन गर्दछ । (वा) विभजति= हीन प्रणीत द्वय विभाजन गर्न प्रबन्ध र व्यवस्था मिलाई निरन्तर प्रशासन चलाई नेतृत्त्व लिइराखेको छ ।

साधु ! साधु ! साधु !

## कर्म सम्बन्धी ज्ञातब्य तथ्यहरू

सुत्तन्तविधि अनुसार भन्ने हो भने कर्म भनेको काम हो । अभिधर्म विधि अनुसार भन्ने हो भने यो चेतना हो ।

Downloaded from http://dhamma.digital/

त्यो कर्म अर्थात् चेतनाकर्म राम्रो र नराम्रो गरी दुई प्रकारका छन् । राम्रो कर्मलाई कुशल कर्म र नराम्रो कर्मलाई अकुशल कर्म भनिन्छ ।

कुशल वा अकुशल कर्म शरीरद्वारा गरिएमा शारीरिक, वचनद्वारा गरिएमा वाचसिक र मनद्वारा कल्पना चिन्तना गरी गर्दा मानसिक कर्म भनेर त्यसलाई पनि तीन प्रकारले विभेद गरिराखिएको छ ।

यसरी नै एक एक कर्म गर्ने, भन्ने र विचार गर्ने समयको दृष्टिले अतीत र वर्तमान कर्म भनी दुई दुई प्रकारमा विभेद गरिराखिएको छ ।

अतीत कर्मले वर्तमान जन्मको प्रतिसन्धि अवस्थामा प्रतिसन्धि फललाई सोझै उत्पन्न गराउन सकिन्छ । वर्तमान जन्मको प्रवृत्ति फललाई भने सहयोगमात्र गर्न सकिन्छ, सोझै उत्पन्न गराउन सकिन्न । त्यस्तै वर्तमान कर्मले वर्तमान फललाई र भविष्यको प्रतिसन्धि फललाई सोझै उत्पन्न गराउन सकिन्छ ।

## काल द्वय ग्रहण विधि विभेद

प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्था ग्रहणबिधि दुई प्रकारका छन् । अभिधर्मविधि अनुसार भन्ने हो भने प्रतिसन्धि चित्तको उत्पाद क्षणलाई प्रतिसन्धि अवस्था भनिन्छ ।

Downloaded from http://dhamma.digital/

प्रतिसन्धि चित्तको स्थितिअवस्थादेखि च्युतिचित्तको पूर्वभाग-सम्मको अवस्थालाई प्रवृत्तिअवस्था भनिन्छ ।

सुत्तन्तविधि अनुसार भन्ने हो भने मातृगर्भमा प्रतिसन्धि ग्रहण अवस्थादेखि लिएर मातृगर्भबाट उन्मुक्त नभएसम्मको अवस्थालाई प्रतिसन्धि अवस्था भनिन्छ । मातृगर्भबाट उन्मुक्त भइसकेपछिदेखि लिएर मरण हुनुभन्दा अगाडि बीचको अवस्थालाई प्रवृत्ति अवस्था भनिन्छ ।

सुत्तन्तविधि सम्झन सजिलो छ । अभिधर्म विधि त ग्रन्थकार एवं साहित्यकारहरूमा मात्र बोधगम्य हुन सकिन्छ । राम्रो अध्ययन नभएकाका लागि अभिधर्म बुझ्न सजिलो छैन । त्यसकारण सजिलो विषयलाई नै यहाँ अगाडि सार्नेछु ।

## चार प्रकारका मनुष्य विभाजन

विश्वमा रहेका मानिसहरूलाई अतीत र वर्तमान कर्म द्वयद्वारा विभाजन गरिएको खण्डमा मनुष्य ४ प्रकारका देखा पर्दछन् । ती हुन्– (१) अतीत र वर्तमान कर्म दुवै राम्रो भएको व्यक्ति; (२) अतीत कर्म राम्रो भई वर्तमान कर्म नराम्रो भएको व्यक्ति; (३) अतीत कर्म नराम्रो भई वर्तमान कर्म राम्रो भएको व्यक्ति; (४) अतीत कर्म र वर्तमान कर्म दुवै नराम्रो भएको व्यक्ति ।

धनसम्पत्ति र वैभव सम्पन्न आमाबाबुहरूको घरमा

Downloaded from http://dhamma.digital/

जन्म लिन पाउनु अतीत कर्म राम्रो भएकोले हो । जन्मदेखि लिएर मरण हुने बेलासम्मका बीच उन्नति बृद्धिको कारण विद्याध्ययन; धार्मिक कार्य पूर्वक सम्पत्ति आर्जन; कल्याणमित्र संसर्ग र आफूले आफूलाई सम्हाल्नु आदि वर्तमान उन्नति बृद्धिको कारणलाई सम्पादन गरी उन्नति बृद्धि गर्न पाउने वर्तमान कर्म राम्रो भएकोले हो ।

यसरी आमाबाबुको समयमा पनि सुखी; स्वयंले जीवन सम्हाल्ने समयमा पनि यथावत् सुखी हुन पाउने खालका व्यक्तिलाई अतीत कर्म र वर्तमान कर्म दुबै राम्रो भएको व्यक्ति भनिन्छ । बुद्धकालीन समयमा जेतवन विहारका दाता अनाथपिण्डिक र पूर्वाराम विहारका दात्री विशाखाहरू यसै प्रकारका व्यक्तिहरू हुन् भन्न सकिन्छ ।

मनुष्य जन्म लिएको अवस्थामा सुख वैभव सम्पन्न आमाबाबुहरूको घरमा जन्म लिन पाइयो तर जन्मिसकेपछि मरणपर्यन्तको बीचको अवस्थामा शिल्पविद्या अध्ययन गर्ने; धनसम्पत्ति उपार्जन गर्ने; आफूले आफूलाई सम्हाल्ने र कल्याणमित्रसँग संसर्ग गर्ने आदि वर्तमान उन्नति बृद्धिका कारणहरूलाई संचय गर्न नपाई आफ्नो समयमा दुःखी दरिद्र हुनुपर्नेहरू अतीत कर्म राम्रो भई वर्तमान कर्म राम्रो नभएका व्यक्ति हुन् ।

आमाबाबुको पालामा ८० करोड सम्पत्ति भएको श्रेष्ठिपुत्र आमाबाबुहरू बितिसकेपछि जथाभावी खर्च गरी सम्पत्ति सखाप भई हातमा कप्टेरो लिई मागेर खानुपरी

Downloaded from http://dhamma.digital/

अन्त्यमा कुक्कुर र बंगुर जस्तै जंगलमा मर्नुपर्ने त्यस बाराणसी श्रेष्ठिपुत्र अतीत कर्म राम्रो भई वर्तमान कर्म नराम्रो भएको व्यक्ति हो ।

दुःखी दरिद्र आमाबाबुहरूको घरमा मनुष्य जन्म लिनुपर्ने अतीत कर्म राम्रो नभएकोले हो तर जन्मिसकेपछि मरणपर्यन्तको बीचको समयमा वर्तमानको लागि उन्नति र बृद्धिको कारण भएको शिल्पविद्या अध्ययन गर्ने र धनोपार्जन गर्ने आदि कामहरू गरी सुखी भएर आउने वर्तमान कर्म राम्रो भएको व्यक्ति हो ।

यसरी आमाबाबुको पालामा दुःखी गरीब भएर पनि स्वयंले जीवन सम्हाल्नुपर्ने बेलामा सुखी हुने जस्तो व्यक्तिलाई अतीत कर्म नराम्रो भई वर्तमान कर्म राम्रो भएको व्यक्ति भनिन्छ ।

बर्मेली इतिहासमा धाइआमाको छोरोको जीवनबाट राष्ट्रको राम्रो नेता महाराजसम्म भएर जान पाएको च्योथिङ नोरथा भयिङनाउँ अतीत कर्म नराम्रो भई वर्तमान कर्म राम्रो भएको व्यक्ति हो ।

चीन र भारतबाट आउँदा फाटेको पायजामा र धोतीमात्र रही बर्मामा पुगेरमात्र सुखी भएका भारतीय साहू महाजन र चीनिया साहू महाजनहरूलाई पनि अतीत कर्म नराम्रो भई वर्तमान कर्म राम्रो भएकाहरूमा समावेश गर्न सकिन्छ ।

तँ पनि यसरी आइपुगेका प्रत्येक भारतीय र

Downloaded from http://dhamma.digital/

चीनियाहरू सुखी भएर आएका नभएकाले वर्तमान अवस्थामा सुखी हुनु अतीत कर्मको फल बिना हुन सक्तैन भन्ने कुरालाई पनि सम्झनुपर्छ ।

मनुष्य जन्म लिंदा दुःखी दरिद्र आमाबाबुहरूको कोखमा जन्म लिनु परी; जन्मदेखि मरण पर्यन्तको बीचको अवस्थामा वर्तमान उन्नति र बृद्धिका कारणहरूलाई सम्पादन नगरी आफ्नो पालामा पनि यथावत् दुःखीको दुःखी नै भइरहनुपर्नेहरू अतीत र वर्तमान कर्म दुबै नराम्रा भएका व्यक्तिहरू हुन् । यिनीहरू त अनाथ नामधारी गरीब याचक-हरू नै हुन् ।

## जान्नुपर्ने चार सम्पदा

वर्तमानको उन्नति बृद्धिको लागि वर्तमान कर्म नै अत्यधिक महत्त्वपूर्ण छ । त्यस वर्तमान उन्नति बृद्धिका कारणहरूको सम्बन्धमा "चार सम्पदा" लाई भगवान् बुद्धले उपदेश गरिराख्नुभएको छ ।

तिनीहरू के के हुन् त भन्दा (१) आफूले वहन गर्नुपर्ने भएभरका क्रियाकलापमा उद्योग वीर्य राख्नु; (२) उपार्जन गरी लाभ भएका धन सम्पत्ति सुरक्षित रूपमा देखरेख र संरक्षण गर्न जान्नु; (३) आफ्नो आम्दानी र खर्च सन्तुलन राखी मितव्ययितामा रहनु; (४) आफूमा जरूरी काम पर्न आउँदा सहयोग गर्न सक्ने सुमित्रहरूसँग सत्संगत गर्न जान्नु हुन् ।

Downloaded from http://dhamma.digital/

यसलाई भन्न सम्झन सजिलो पार्न स्मरणिकाहरू बनाइएको छ। अब यहाँ "वर्तमानलाई सुखी बनाउन सक्ने–चार धर्म उल्लेख गर्छु।" [१] गर्नुपर्ने भएभरका काम प्रयत्न पूर्वक गर्नेछु। [२] उपलब्ध सम्पूर्ण सम्पत्तिलाई राम्रो संरक्षण गर्नेछु। [३] आम्दानी खर्च सन्तुलन राखी मितव्ययिता कायम राख्नेछु। [४] आखिरी बेला योगदान लिन सुमित्रको संगत गर्नेछु। यी चार निश्चित कार्यद्वारा वर्तमान सुखमय हुने नै छ।

यो सम्झिराख्नु आवश्यक छ।

अतीत कर्म राम्रो भए पनि वर्तमान कर्म नराम्रो रहेमा दुःख हुन सक्नेछ। अतीत कर्म नराम्रो भए पनि वर्तमान कर्म राम्रो छ भने सुखी हुन सक्नेछ। अतीत कर्म र वर्तमान कर्म दुबै राम्रा छन् भने त दुःख हुने बाटो नै रहने छैन। अतीत कर्म र वर्तमान कर्म दुबै नराम्रा छन् भने त एक कौडीसम्म नरही दरिद्र हुने अवश्यम्भावी छ।

उपर्युक्त विषयहरूलाई हेर्दा मानिसहरूको सुख समृद्धि; दुःख परिहानीहरू आ–आफ्ना कर्मले व्यवस्था गरे अनुसार हुने हुन्छ भन्ने कुरा स्पष्ट छ। तसर्थ भगवान् बुद्धले "कर्म धर्मले सत्त्वप्राणीहरूलाई विभाजन, प्रशासन र अधीनस्थ पारिराखेको छ" भनी उपदेश दिनुभएको छ।

Downloaded from http://dhamma.digital/

## पिता तोदेय्य पुत्र शुभ

कर्मले सत्त्वप्राणीहरूलाई कठपुतली बनाइराखेको तथ्यलाई भगवान् बुद्ध श्रावस्तो नगरको श्रेष्ठिआराम जेतवनमा बडो रमणीयता पूर्वक विराजित भइरहनु भएको अवस्थामा ब्राह्मण माणवक शुभको लागि उपदेश गर्नु भएको थियो ।

ब्राह्मण माणवक शुभ ब्राह्मण पुरोहित तोदेय्यको पुत्र हो । त्यो ब्राह्मण पुरोहित श्रावस्तीराष्ट्राधिपति राजा कोशलका एकजना राजगुरु हुन् । श्रावस्तोनगरको आसपासमा रहेको तुदि ग्राम आधिकारिक रूपमा बक्सीस पाएकोले यो तोदेय्य कहलाइएको हो । यो ब्राह्मणसँग ८७ करोड धन सम्पत्ति थियो ।

## तीन प्रकारका श्रेष्ठीहरू

श्रेष्ठीहरू तीन प्रकारका छन्– (१) क्षत्रिय महाशाल (२) ब्राह्मण महाशाल र (३) गृहपति महाशाल ।

क्षत्रिय महाशाल भनेको राजकीय श्रेष्ठी हो । प्रयोग नगरी संकलन गरिराखेको धनसम्पत्ति एक सय करोड (एक अर्ब); एक हजार करोड छ । दिनहुँ खर्च गरिने सम्पत्ति एक गाडा भारी ढुवानी; दिनहुँ हुने आम्दानी सम्पत्ति दुई गाडा भारी ढुवानी हुन्छ ।

Downloaded from http://dhamma.digital/

ब्राह्मण महाशाल भनेको ब्राह्मण श्रेष्ठी हो । प्रयोग नगरी संकलन गरिराखेको धन सम्पत्तिको प्रमाण अस्सी करोड छ । दिनहुँ खर्च गरिने सम्पत्ति आधा गाडा भारी ढुवानी; आम्दानी हुने सम्पत्ति एक गाडा भारी ढुवानी हुन्छ ।

गृहपति महाशाल भनेको महाजन श्रेष्ठी हो । संकलन गरिराखेको धन सम्पत्तिको प्रमाण चालीस करोड; दिनहुँ खर्च गरिने सम्पत्तिको प्रमाण चार खण्डको एक खण्ड गाडा भारी ढुवानी; आम्दानी हुने सम्पत्ति आधा गाडा भारी ढुवानी हो ।

तोदेय्य ८७ करोड सम्पत्तिका धनी भएको ब्राह्मण श्रेष्ठी भएर पनि उनमा दान गर्ने बानि भने पटक्कै छैन भनिन्छ ।

## श्रावस्तीका नागरिक र दान

भगवान् बुद्ध २० पटकको वर्षावासपछि श्रावस्ती नगरमा मात्र (२४) वर्षावास व्यतीत गर्नुभयो । बुद्धको सबैभन्दा बढी वर्षावासको स्थान त्यही थियो ।

बुद्धकालीन अवस्थामा श्रावस्ती राजधानीमा ७ करोड जनसंख्या थियो । त्यसमध्ये ५ करोड जनता आर्यहरू थिए । बाँकी २ करोड पृथग्जनहरू थिए ।

आर्यहरू बिहान बिहान दान प्रदान गर्छन्; सन्ध्याको

Downloaded from http://dhamma.digital/

समयमा पुष्प धूप श्रीखण्ड हातमा लिई बुद्ध–पूजार्थ जान्छन् र उपदेश सुन्छन् । यसरी उनीहरू समय बिताउँछन् ।

जेतवन विहारका दाता अनाथपिण्डिक र पूर्वाराम विहारका दायिका विशाखाहरूले पनि भगवान् बुद्धको आराममा दिनको २ पटक जाने गर्छन् । त्यसरी गएको बेलामा दान प्रदान गर्न एक न एक बस्तु लिएर जाने गर्छन् । उनीहरूको घरमा पनि दिनहुँ दुई हजार भिक्षुसंघलाई भोजन प्रदान गर्छन् ।

तर उनीहरूको आफ्नो घरमा भोजन दान दिंदा उनीहरू आफैले दान प्रदान कार्यमा लाग्न सक्तैनन् किनभने उनीहरू शहरमा भोजन प्रदान गर्ने कार्यहरूमा वेय्यावच्च कार्य वहन गर्नुपर्ने व्यक्ति हुन् ।

त्यसो भएर विशाखाले त भिक्षुसंघलाई घरमा भोजन दान प्रदान गर्न छोरा पट्टिकी नातिनीलाई आफ्नो प्रतिनिधि-को रूपमा कार्यभार सुम्पिराखेकी छिन् । अनाथपिण्डिक श्रेष्ठीले पनि आफ्नो घरमा भोजन दान गर्न छोरीहरूलाई पालै पालोसित कार्यभार सुम्पिराखेको छ ।

कोशलराज स्वयंको पनि आफ्नो राजदरबारमा पाँच सय भिक्षुसंघलाई दिनहुँ भोजन प्रदान गर्ने बानि छ । यसरी श्रावस्ती राजधानीमा दान प्रदान गर्ने व्यक्तिहरू ठूलो संख्यामा थिए ।

Downloaded from http://dhamma.digital/

## तोदेय्यवादतिर नलाग

तोदेय्य ब्राह्मणले बुद्ध प्रमुख भिक्षुसंघलाई एक चम्चा जति भिक्षा भोजन र एक दाडु जति यागुसम्म पनि दान गरेको थिएन ।

उसको सिद्धान्त "ददतो भोगानं अपरिक्खयो नाम नत्थि ।" ददतो=दान प्रदान गर्ने व्यक्तिको; भोगानं=भोग सम्पत्तिहरू; अपरिक्खयो नाम=क्षय वा विनाश भएन भन्ने; नत्थि=छैन ।

दान प्रदान गर्छ भन्दा भोग सम्पत्ति व्यय नगरी नहुने भएकोले बारबार दिंदा भोग सम्पत्ति क्षीण हुँदै जान सकिन्छ । तसर्थ उनी आफैले पनि दान गर्दैन र आफ्ना निकट सम्पर्कमा रहेका व्यक्तिहरूलाई पनि उनको सदा पाठ गर्ने गरेको गाथा पाठ गर्दै दान प्रदान नगर्न उक्साउने बानि रहेको थियो ।

**अञ्जनानं खयं दिस्वा–वम्मिकानञ्च सञ्चयं ।**
**मधूनञ्च समाहारं; पण्डितो घरमावसे ।।**

अम्भो=हे महिला तथा सज्जनवृन्द; अञ्जनानं=अञ्जनका सलाईहरूको; खयञ्च=बारबार घर्षण हुँदा खिएर जानुलाई; वम्मिकानं=धमिराका घरहरूको; वा धमिराहरूको; सञ्चयञ्च=बारबार जम्मा पार्दा ठूलो घर भएर आउनुलाई र; मधूनं=मधूहरूको; समाहारञ्च=फूलको रस बारबार चुसेर जम्मा पार्दा मौरी चाका भएर आएकोलाई;

Downloaded from http://dhamma.digital/

दिस्वा=प्रत्यक्ष रूपमा देखेर वा हेरेर; पण्डितो=भोग सम्पत्ति बृद्धिको आकांक्षा राख्ने पण्डित कुलपुत्रले; घरमावसे=घरावास गृहस्थाश्रममा बस्ने गर्नुपर्दछ ।

यो उसको सदा प्रयुज्य गाथा नै हो। यसको अभिप्राय पनि बुझि हेरौं ।

"हे महिला तथा सज्जनवृन्द, अञ्जन सलाई बारबार घर्षण गर्दा खिएर जाने जस्तै भोग सम्पत्तिहरू पनि दिंदा दिंदा सकिन्छ । धमिराहरू र मधुमक्खीहरूले थुपार्दा थुपार्दा ठूल-ठूला धमिराका घरहरू अनि मौरीका चाका भएर आए जस्तै धन सम्पत्ति पनि जम्मा पार्दा पार्दा धनाध्य भएर आउनेछ । तसर्थ धन सम्पत्ति थुपार्दै जाऊ; दिने नगर ।"

उसको सिद्धान्त यो जन्मको निमित्तमात्र एकोहोरो धारणा भएका व्यक्तिहरू र दान प्रदान गर्न नचाहने व्यक्ति-हरूको निमित्त त रुचाउने खालको छ तर कसैले पनि भुलभुलैयामा परी त्यस वादको पछि लाग्ने मनसाय नराखे अन्यथा सजिलैसित दुःखमा फँस्ने छौं । पृथग्जन भनेको जीवन अन्त भइसकेको होइन र मरणपछि स्थिरगति भएको पनि होइन । त्यस प्रकारको सिद्धान्तवादी ब्राह्मण आफै के भएर गयो भन्नेतिर पनि विचार गरि हेरौं ।

## तोदेय्य ब्राह्मण कुकुर हुन पुग्यो

त्यसरी दान प्रदान नगरी आएको पुरोहित ब्राह्मणको

Downloaded from http://dhamma.digital/

मरणोपरान्त उसको छोरो शुभ ब्राह्मण त्यस घरको प्रमुख भयो । त्यो ब्राह्मण भने धन सम्पत्ति माथि आसक्त राखी मरेर पनि आफ्नै घरमा कुकुर भएर जन्म लियो ।

तोदेय्यपछि कुकुरको अवतार लिएको त्यसलाई ब्राह्मण माणवक शुभले असाध्य प्रेम गर्छ । उसले आफूले खाने खाना खुवाउँछ । त्यस कुकुरलाई अंगालो मारी श्रेष्ठोत्तम ओछ्यानमा सुताउँछ तर आफ्नो बाबुले कुकुर अवतार लिएको कुरा भने उनलाई थाहा छैन ।

## महाकारुणिकको प्रत्यवेक्षण

भगवान् बुद्धले मुक्त हुन योग्य सत्त्वप्राणी छ कि छैन भनी जान्नको लागि संसारलाई दिनहुँ बिहान एकपटक बेलुकी एकपटक हेर्ने गर्नुहुन्छ ।

बिहान अरुणोदयको बेला चक्रवाल ब्रह्माण्डको सीमानादेखि गन्धकुटीद्वारसम्म विस्तारै संक्षिप्त पारी सुवर्ण ज्ञानले हेर्नुहुन्छ ।

बेलुकी पखकोमा गन्धकुटी विहारद्वारदेखि चक्रवाल ब्रह्माण्डको सीमासम्म विस्तृत पार्दै सुवर्ण ज्ञानले हेर्नुहुन्छ ।

त्यसरी हेर्नुभएर सुवर्ण ज्ञानमा मुक्त हुन योग्य सत्त्व प्राणी देखा पर्न आएमा, त्यस कहाँ जानु योग्य ठानिएमा स्वयं जानुहुन्छ र पर्खिरहन उचित भएमा पर्खिरहनुहुन्छ ।

Downloaded from http://dhamma.digital/

एकदिन अरुणोदयमा सुवर्ण ज्ञानजाल फैलाई भगवान् बुद्धले संसारलाई हेर्नुहुँदा धनसम्पत्तिमाथि आसक्ति राखी मरेको तोदेय्य ब्राह्मणले कुकुर भएर जन्म लिइरहेको देख्नुभयो । त्यो ब्राह्मणले कुकुर हुनुपरेकोलाई कारण मानी शुभ ब्राह्मण शरण गमनमा प्रतिष्ठित हुने कुरा पनि देख्नुभयो ।

## भगवान् बुद्धलाई समेत भुक्ने कुकुर

एकदिन भिक्षाटनको समयमा शुभ माणवक नभएको बेलामा भगवान् बुद्ध शुभको घरमा भिक्षाटन जानुभयो । तोदेय्य कुकुरले भगवान् बुद्धलाई देख्ने बित्तिकै नजिक गई भगवान् बुद्धप्रति शत्रुताको व्यवहार गरी घुमीघुमी भुकि रह्यो ।

त्यस अवस्थामा भगवान् बुद्धले उनलाई भन्नुभयो– "तोदेय्य, तिमीले मनुष्य जीवनमा म तथागतलाई 'गौतम गौतम' भनी क्षुद्रवचन प्रहार गरेर आयौ । अहिले कुकुर भएर जन्म लिंदा पनि मलाई भुकिरहन्छौ । तिमी अब धेरै समय नबित्दै अवीचि नरकमा पुग्नेछौ ।"

## मरेर गएका सबै मानिस मानिस नै बन्दैनन्

यहाँनिर याद राख्नुपर्ने कुरा के छ भने तोदेय्य

Downloaded from http://dhamma.digital/

साधारण व्यक्ति होइन । त्यो त राजगुरु पण्डित धनपति हो । तैपनि पृथग्जन भन्दाखेरि कसैको पनि गति स्थिर छैन । पृथग्जन रूपमा मरेछ भने (१) मनुष्य भएर पनि जन्मिनेछ । (२) देवता भएर पनि जन्मिनेछ। (३) तिरश्चीन पशुप्राणी भएर पनि जन्मिनेछ । (४) नरकमा पनि पतन हुनेछ र (५) प्रेत भएर पनि जन्मिनेछ । यी पाँचवटा गतिहरूमध्येमा कुनै एकमा जन्मिनुपर्नेछ ।

तसर्थ तोदेय्य मरेर उसको अकुशल कर्मानुसार कुकुर भएर जन्मिनुपरेको हो ।

त्यसलाई सम्झना राख्न धार्मिक स्मरणिका बनाइ-राखिएको छ । त्यस कुरालाई पनि उल्लेख गरिहालौं ।

पृथग्जनप्राणी मरण भएमा– जन्मिने गति अस्थिर छ ।
मनुष्य, देव, पशु र प्रेत– नरक योनिमा जान सक्छ ।
तोदेय्यनामक त्यो ब्राह्मण– मरेर कुकुर हुन पुग्यो ।
कुकुरबाट योनि फेर्दा– अवीचि नरकमा घुस्न पुग्यो ।

यो कुरा सम्झि राख्न योग्य छ ।

## शुभ ब्राह्मण बुद्धकहाँ

यो घटनालाई फेरि जोडेर लैजाऔं । भगवान् बुद्धले आफ्नो विषयमा भन्नुभएको कुरा सुनी तोदेय्य कुकुरले "श्रमण गौतमले त मेरो विषयमा जानिसक्यो" भनी अति नै

Downloaded from http://dhamma.digital/

दुःखी र खिन्न भयो। तब भगवान् बुद्ध पनि विहारतिर फर्कनुभयो। कुकुर मनखिन्न पारी भान्सा घरको चुलोको बीच खरानीमाथि टाउको निहुऱ्याई सुतिरह्यो। घरका मानिसहरूले उचालेर ल्याई उत्तम पवित्र बिछौनामा सुताउन खोजे तापनि त्यो सुतेन।

शुभ माणवक फर्केर आउँदा आफ्नो कुकुर खरानीमाथि सुतिरहेको देख्दा परिवारहरूसँग त्यसको कारण सोध्यो। परिवारका सबै व्यक्तिले भगवान् बुद्ध आउनुभई बताएर गएका जम्मै कुरा आद्योपान्त सुनाए।

त्यसबेला शुभ ब्राह्मणलाई भगवान् बुद्धप्रति ठूलो रीस उठ्यो। "मेरो बुबा ब्रह्मलोकमा पुगिसकेको छ। तोदेय्य कुकुर भएर जन्मन सक्तैन। तैपनि श्रमण गौतमले मेरो बुबालाई कुकुर भएर जन्मेको छ भनेर गयो। यो कुरा श्रमण गौतमले जथाभावी मुखमा जे आयो त्यही भनेर गएको हो। यो श्रमण गौतमलाई म मृषावादको आरोप लगाई बेइज्जत गरिदिनेछु।" यति भनी रीसले आगो भएर भगवान् बुद्धकहाँ गयो।

## सम्पत्ति लाभार्थ बुद्ध विधि

त्यो शुभ भगवान् बुद्धकहाँ गई आफ्नो बाबुलाई कुकुर भएको भनेको सत्य हो कि भनी सोध्यो। भगवान् बुद्धले पनि, "सत्य हो, विश्वास नभए घर फर्केर पानी नमिसा-

Downloaded from http://dhamma.digital/

एको क्षीर जावला त्यो कुकुरलाई पेटभरी खवाऊ; श्रेष्ठोत्तम ओछ्यानमा सुताऊ; अर्धनिद्रामा पुग्दा तिम्रो बुबाले तिमी-लाई नबताई लुकाएर गाडर राखिछोडेको सम्पत्तिको बारेमा त्योसँग सोध। त्यसबेला जम्मै बताइदिनेछ। तब तिमीले त्यो कुकुर तिम्रो बुबा नै हो भन्ने कुरा जान्ने छौ" भनी शुभ ब्राह्मणलाई कुकुर भई जन्मेको कुरा थाहा पाउने तरीका बताउनुभयो।

तोदेय्य ब्राह्मणले उसको छोरालाई जानकारी नदिई लुकाइ राखेका कुरा हुन्- (१) एकलाख मूल्य जाने सुनको भाँडो (२) एकलाख मूल्य जाने सुवर्णमाला (३) एकलाख मूल्य जाने सुनको खराउ (४) एकलाख सुवर्ण कार्षापण। शुभ माणवकलाई आफ्नो बाबुले सम्पत्ति गाडिराखेको छ भन्नेमात्र थाहा छ तर कहाँनिर गाडिराखेको भन्ने कुरा थाहा छैन।

त्यसकारण भगवान् बुद्धले बताउनुभएको कुरा सुनेर शुभ खुशी भयो। "श्रमण गौतमले भनेको कुरा सही भएमा चीजवस्तु लाभ हुनेछ। सही नभएमा श्रमण गौतमलाई मृषावादको आरोप लगाउनेछु" भनी हर्षोल्लास पूर्वक घर फर्केर गयो।

घर पुग्दा भगवान् बुद्धले बताउनुभएको विधि पुऱ्याई कुकुरसँग सोध्यो। त्यसबेला कुकुरले 'मेरो विषयमा जानिसकेछ' भनी आँसु झारी भुक्दै ती चार प्रकारका

Downloaded from http://dhamma.digital/

चीजहरू गाडिराखेको ठाउँ खोस्रेर देखायो । त्यो ठाउँ खनेर हेर्दा चीजवस्तु जम्मै पाइए ।

## फेरि बुद्ध समक्ष

अब शुभ ब्राह्मण भगवान् बुद्धप्रति ठूलो श्रद्धा राखी प्रसन्न भयो । "श्रमण गौतमले जन्म जन्मको ढाकिएको सूक्ष्म प्रतिसन्धिलाई समेत जान्न सक्नुहुन्छ । वहाँलाई सर्वज्ञ बुद्ध भनेको ठीक र अश्यवम्भावी रहेछ" भनी भगवान् बुद्धप्रति आस्था र विश्वास राख्यो ।

त्यसपछि त्यसले भगवान् बुद्धसँग सोध्न भनी १४ वटा प्रश्नहरू तयार पार्‍यो । ती प्रश्नहरूलाई उपहारको रूपमा धारण गरी भगवान् बुद्ध समक्ष दोश्रो बार पुग्यो । यो बेलामा उनी आदर गौरब पूर्वक अनुकूल स्थानमा बस्यो ।

## उपसंक्रमण गर्न अनुकूल ठाउँ

अनुकूल ठाउँ भनेको छ वटा दोषबाट रहित भएको ठाउँ हो । ती छ वटा दोष यी हुन्– (१) अति टाढा पर्ने (२) अति नजिक पर्ने (३) उच्च ठाउँ (४) हावा लाग्ने ठाउँ (५) मुखामुख हुने ठाउँ (६) पछाडि पर्ने ठाउँ ।

(१) अति टाढा पर्ने ठाउँमा बस्दा चिच्याएर कुरा गर्नुपर्ने हुन्छ । (२) अति नजिक पर्ने ठाउँमा बस्दा परस्परमा धक्का लाग्ने हुन्छ । (३) हावा लाग्ने ठाउँमा बसेमा आफ्नो

Downloaded from http://dhamma.digital/

शरीरको दुर्गन्ध आफूभन्दा श्रेष्ठोत्तम व्यक्तितिर पुग्ने हुन्छ। (४) उच्च ठाउँमा बस्दा बेसोमति हुने हुन्छ। (५) मुखामुख हुने ठाउँमा बस्दा कुरा गर्ने बेला आँखा आँखा जुधिरहने हुन्छ। (६) लगत्तै पछाडितिर बस्दा पनि केही भन्नुपर्ने बेलामा पछाडि फर्किरहनुपर्ने हुन्छ।

तसर्थ आफूभन्दा ठूला ठालू कहाँ उपसंक्रमण गरी बस्दा ती छ वटै दोषबाट मुक्त हुने ठाउँमा बस्नुपर्छ। त्यसरी बस्नुलाई नै अनुकूल र उचित ठाउँमा बसेको भनिन्छ।

यहाँ स्मरणिकालाई अगाडि सार्दछु–

दूर, समीप, हावा लाग्ने– उच्च, पछाडि, मुखामुख।
यी छ दोष छाड्नु उचित छ– नजिक पुग्दा श्रेष्ठोत्तम।।

यो कुरा सम्झि राख्नु उचित छ।

## १४ प्रश्न

शुभ ब्राह्मणले उचित र अनुकूल ठाउँमा गौरब पूर्वक बसिसकेपछि भगवान् बुद्धलाई प्रश्नको विषयमा निवेदन गर्‍यो।

"भगवन्, कुनै मानिसहरू अल्पायु छन् कुनै दीर्घायु। यो किन र कसरी भयो?" यस्तै खालका १४ वटा प्रश्नहरू युगल युगल रूपमा उनले सोधेका थिए।

उनले सोधेका १४ प्रश्नलाई संक्षिप्त पारी "कर्मको कारणले त्यसो हुने हो" भनी भगवान् बुद्धले सजिलोसित

Downloaded from http://dhamma.digital/

जवाफ दिनुभयो । "भगवन्, यसरी संक्षिप्त जवाफ मात्रले बुझिदैन; विस्तृत रूपमा जवाफ पाऊँ" भनी शुभ ब्राह्मणले पुनर्वार निवेदन गर्‍यो ।

यहाँ भगवान् बुद्धले विस्तृत रूपमा जवाफ नदिनु भएको शुभ ब्राह्मणको अभिमानलाई चुर गर्न हो । त्यस युगको ब्राह्मण भन्नाले आधुनिक शिक्षा प्राप्त, उच्च श्रेणीको व्यक्ति झैं हो । शुभ अंगविद्याविद् उच्च श्रेणीको ब्राह्मण धनपति हो । उसमा विद्याभिमान छ । त्यो आफू जस्तो अरू कोही छैन भनी धारणा राख्ने व्यक्ति हो ।

उनले सोधेको प्रश्नलाई शुरूमै विस्तृत रूपमा जवाफ दिएको खण्डमा "यो श्रमण गौतमले मैले जानेको कुरा नै जवाफ दिएको हो; उनको जवाफ मैले जानेको भन्दा फरक छैन" भनी भन्न बेर छैन । तसर्थ स्वयंले "प्रश्नको जवाफ बुझिदैन" भनी स्वीकारेपछिमात्र भगवान् बुद्धले विस्तृत र स्पष्ट रूपमा जवाफ दिनुभयो भनी अट्ठकथाचार्यले वर्णन गरिराखेको छ ।

अब शुभ ब्राह्मणको प्रश्न र भगवान् बुद्धको जवाफ यहाँ उल्लेख गरिनेछ । पालिमा भए जस्तै पालि र अर्थलाई विस्तृत रूपमा बताइरहँदा आजका नवयुवक-युवतीहरूको निमित्त झोंज र दिक्क पार्ने होइन्छ भन्ने लागेकोले पालिमा भएका भावलाई मात्र "प्रश्न उत्तर गद्यरूप; कथावस्तु स्मरणिकाहरू" को रूपमा मात्र उल्लेख गरिनेछ ।

★★★

Downloaded from http://dhamma.digital/

# पहिलो प्रश्न–उत्तर

शुभ– भगवन्, कुनै व्यक्तिहरू अल्पायु हुन्छन्, कुनै भने दीर्घायु। मानिस मानिसमा एक समान भएर पनि यसरी "अल्पायु–दीर्घायु" विभेद भइरहनुको कारण के हो ?

बुद्ध– शुभ ब्राह्मण, चाहे पुरुष होस्, चाहे स्त्री; कुनै व्यक्ति-हरूले प्राणी हिंसा गर्छन्; (तिनीहरू) प्रचण्ड छन्। रक्ताम्य हात भएका हुन्छन्; हत्या गर्नुमा दिलचस्पी राख्छन्। सत्त्व प्राणीहरूप्रति बिल्कुल माया ममता राख्दैनन्।

यसरी परप्राण हनन गर्ने स्वभाव भएका व्यक्तिहरू मरण हुँदा सुख रहित, नराम्रो गति, भताभुंग रूपमा पतन हुने नरकमा पुग्न सकिन्छ।

यदि त्यस्तो व्यक्ति मरणोपरान्त नरकमा पतन नभए पनि फेरि मनुष्य योनिमा जन्म लिंदा अल्पायु हुन सकिन्छ। परप्राण हनन गर्ने अकुशल कर्म अल्पायु गराउने खालको आचरण हो।

शुभ ब्राह्मण, चाहे पुरुष होस्, चाहे महिला, कुनै

Downloaded from http://dhamma.digital/

व्यक्तिहरू परप्राण हनन गर्नुबाट विरत (अलग) हुन्छन् । परप्राण हनन गर्नको निमित्त दण्ड, शस्त्र जस्ता हात हतियार समाउँदैनन् । परप्राण हनन गर्न हिचकिचाउँछन् । सत्वप्राणीहरूमा दया राख्छन् । सत्वप्राणीहरूको अर्थ हितलाई मात्र चाहना गर्छन् ।

यस प्रकारका व्यक्तिहरू मरणोपरान्त सुगति स्वर्ग लोकमा उत्पन्न हुन सकिन्छ ।

यदि मरणोपरान्त देवलोकमा पुग्दैनन् भनेता पनि फेरि मनुष्ययोनिमा जन्मने अवस्थामा दीर्घायु हुन्छन् । परप्राण हनन गर्नुबाट विरत रहनु दीर्घायु प्राप्त गराउने एक प्रकारको राम्रो आचरण हो ।

अहिले उल्लेख गरेका कुराहरू "पहिलो प्रश्न–उत्तर" को भावात्मक गद्यरूप हुन् । अक्षरशः भाषान्तरण गरिएका कुरा होइनन् । तैपनि यत्तिले नै सारांश पर्याप्त होला जस्तो लाग्छ ।

## परप्राण हिंसाले नरक पतन

परप्राण हिंसा गर्ने व्यक्ति मरणोपरान्त नर्कमा पतन हुन पुग्छ भन्ने कथनको सम्बन्धमा छोटो कथावस्तु जोडि हालों ।

भगवान् बुद्धको पालामा राजगृह नगरमा चुन्द नाउँ भएको एउटा सूकरिक थियो । उनले ५५ वर्षसम्म सुँगुर

Downloaded from http://dhamma.digital/

पालिकन तिनीहरूलाई मारी काटी बेचेर जीविका गर्थ्यो । उसको सुंगुर मार्ने तरीका सुन्ने सबैको (मनमा) चीसो पसी रौंहरू ठाडा गराउन सक्ने भई डरलाग्दो पाराको रहेछ ।

सुंगुरलाई चल्नै नसक्ने गरी हात खुट्टामा डोरीले बाँध्छ । सम्पूर्ण शरीर फुलेर नआएसम्म त्यसको सारा शरीरमा घनले हिर्काउँछ । जिउँदै रहेको त्यस सुंगुरको मुख च्याती त्यसभित्र लट्ठीले अड्याई उमालेको तातो पानी जबरजस्ती मुखमा खन्याइदिन्छ । पेट भित्रको मल मूत्रहरू त्यो तातो पानी सँगसँगै निस्केर भित्र पेटको मलमूत्र पूरा सफा भइसकेपछि मात्र पानी खन्याउन छोड्थ्यो ।

त्यसपछि सुंगुरको सम्पूर्ण शरीरमा बाँकी रहेको तातो पानीले छ्यापिदिन्छ । तातो पानी छ्यापी छालाहरू सेतो भएर आएपछि फेरि आगोले रौंहरू जलाइदिन्छ । सबभन्दा पछि सुंगुरको टाउको काट्छ । त्यसको रगत थापी मासुसँगै मुछेर पकाएर खाने गर्छ । खाएर बाँकी रहेको मात्र बेच्छ । क्रूरता र प्रचण्डतामा त उसलाई बादशाह नै भन्नुपर्छ ।

यस्तो किसिमले जीविका गर्दै आउँदा ५५ वर्ष पुगेको अवस्थामा उनलाई रोग लाग्यो । उसको सम्पूर्ण शरीरमा अवीचि नर्कको आगोको ताप राप देखा पर्न आयो । त्यसबेलामा सहनै नसक्ने गरी पोलेकोले त्यो चुन्दलाई सुंगुर जस्तै चार खुट्टा टेकी ७ दिनसम्म सुँगुर कराए जस्तो कराइरहनु पर्‍यो ।

Downloaded from http://dhamma.digital/

घरका परिवारहरूले उनलाई कुनै रूपमा पनि रक्षा गर्न नसक्दा घरभित्र दैलो थुनी त्यसै छोडिराख्नुपर्‍यो ।

ती दिनहरूमा कुनै भिक्षुहरू उसको घर छेउबाट जाँदा सुँगुर जस्तै कराइरहेको शब्द सुनी साँच्चैको सुँगुरको शब्द ठानी विहारमा पुग्दा भगवान् बुद्धसँग यसरी निवेदन गरे–

"भो भगवन्, चुन्द सूकरिकले घरको दैलो थुनी सुँगुरहरू मारिरहेको आज (७) सात दिन भयो । उसको घरमा कुनै न कुनै उत्सव माने जस्तो देखिन्छ । आजसम्म पनि यो सुँगुर मार्ने कसाईंमा मैत्री र करुणाचित्त बिल्कुल आएको रहेन छ । यस्तो क्रूर भयंकर व्यक्तिलाई हामीले कहिले पनि देखेका थिएनौं, भन्ते !"

त्यस अवस्थामा भगवान् बुद्धले भन्नुभयो– "भिक्षुहरू हो, चुन्दले ७ दिनसम्म घरको दैलो थुनी सुँगुर मारिरहेको होइन । उसले अपनाइआएको अकुशल कर्मले वर्तमानमा नै कर्मविपाक भोग्नुपरी उसको सारा शरीरमा अवीचि नर्कको आगो दन्किरहेको छ । अत्यन्त पोलेको र डाह भएकोले उनी आफै सुँगुर जस्तो कराइरहेको हो । केही समयभित्रै ऊ नर्कमा पुग्नेछ ।"

त्यही सातौं दिनमा नै चुन्द मरेर अवीचि नर्कमा पतन हुन गयो ।

यस कथावस्तुलाई नियालेर हेरी परप्राण हिंसा गर्ने

Downloaded from http://dhamma.digital/

व्यक्तिहरूको मरण हुँदा नर्कमा पुगिन्छ भन्ने कुरालाई याद राखी परप्राण हिंसा गर्नुबाट विरत हुनु उचित छ ।

परप्राण हिंसा गर्ने व्यक्तिहरू मरेर फेरि मनुष्य चोला लिएर आएमा त्यो अल्पायुको हुन्छ भन्ने सम्बन्धमा आफ्नो वरिपरिको वातावरणलाई अध्ययन गरेर हेरे पनि अनुमान लगाउन सकिन्छ ।

आफ्नो आँखाको छेउछाउमा स–सानो उमेरमा मरेर गएका व्यत्तिहरूलाई बारबार भने जस्तै देखिराखेको छ । आफ्नो वा अरूका ज्ञातिबन्धुहरूमध्ये पनि यसरी अल्पायुमा मरिरहेको छ । यसरी मरिरहेका व्यक्तिहरू प्रायशः अतीत जन्ममा परप्राण हिंसा गरेर आएका व्यक्तिहरू हुन् ।

## प्राणीहिंसा विरत बकुला

परप्राण हिंसा गर्नुबाट विरत रहने व्यक्तिहरू मरेर सुगति प्राप्त गरी स्वर्गलोकमा पुगिन्छ भन्ने कुराको सम्बन्धमा सानो कथावस्तु ओडिहालौं ।

भगवान् बुद्ध प्रादुर्भाव हुनुभन्दा अघि मगध राष्ट्रको मचल गाउँमा मघ नामक एउटा माणवक थियो । उसका सूजा, सुधम्मा, चित्ता र नन्दा भन्ने चारजना स्वास्नी थिए । उसका कुशल कर्ममा साथ दिने ३३ जना कुलपुत्रहरू थिए ।

सूजाका अतिरिक्त अरू सबै बाटो मरम्मत गर्ने, माटो पुर्ने, बढार्ने, पुल बनाउने, पौवा पाटी बनाउने, पोखरी खन्ने

Downloaded from http://dhamma.digital/

र वृक्षारोपण भर्ने आदि कुशल कर्महरू गरेकाले मरणोपरान्त त्रयस्त्रिंशत् देवलोकमा पुगे । मघ माणवक शक्र देवेन्द्र भए ।

कुनै कुशल कर्म नगरी मरेकी सूजा भने एउटा पहाडी खाल्डोमा बकुला भई जन्म हुन पुगिन् ।

शक्र देवेन्द्रले पहिलेको जन्ममा आफ्नी स्वास्नी भएकी सूजा बकुलालाई देवलोकमा ल्याई नन्दा पुष्करणीया छाडि राखे ।

त्यसपछि अन्य महारानीहरूले सूजाको विषयमा जोरजुलुम गरी सोध्न लागेकाले "सूजा बकुला भएकी छे । नन्दा पुष्करणीमा छे" भनी शक्र देवेन्द्रले बताए । त्यो थाहा पाएर सौतेनीहरूले सूजा बकुला कहाँ गई जिस्क्याउन र गिज्याउन थाले ।

"आर्या सूजाको थुतुनो कस्तो छ, खुट्टाहरू कस्ता छन्, माछा कसरी टिप्छिन्" आदि भनी उपहास गर्न थाले ।

पूर्व जन्मका आफ्ना सौतेनीहरूले जिस्क्याउन र गिज्याउन थालेको देखी साह्रै शर्माउन थालिन् ।

त्यसकारण आफ्नो स्थल पहाडी खाल्डोमा नै फिर्ता पुऱ्याउन भनी उनीले शक्र देवेन्द्रसँग प्रार्थना गरिन् । शक्र देवेन्द्रले तिनीलाई पहाडी खाल्डोमा नै पुऱ्याइसकेपछि प्राणीहिंसाबाट विरत रहने शील रक्षा गर्न लगाए ।

बकुला भनेको माछा, भ्यागुतो आदि पानीमा रहेका कीट पतंग कीडा मकोड़ाहरूलाई खोजी खोजी मारेर खाने

Downloaded from http://dhamma.digital/

पंछी जात हो। प्राणी हिंसा गर्नुबाट विरत रहनु परेमा तिनको लागि जीविका गर्न नै मुश्किल पर्छ। तथापि सूजा बकुलाले शक्र देवेन्द्रको उपदेश अनुरूप प्राणी हिंसाबाट विरत रही शील रक्षा गरिन्।

एकदिन तिनीलाई परीक्षा गर्न शक्र देवेन्द्रले तिनको अगाडि मरेको माछाको रूपमा भेष बदलेर बसे। सूजा बकुलाले मरेको माछा त हो नि भनी खान टिप्न लागिन्। त्यसबेला माछारूप शक्र देवेन्द्रले चलेर देखाए। सूजाले जिउँदो माछा भन्ने थाहा पाएपछि नखाइकन त्यसै छोडिदिइन्।

त्यसबेला शक्र देवेन्द्र प्रसन्न भए। सूजाको अगाडि आफ्नो रूप प्रकट गरी देखाई यस्तै गरी लगातार शील रक्षा गरेमा केही समयमै सौतेनीहरूमध्येमा पुनः बडा महारानीकै रूपमा पदासीन गर्नेछु भनी प्रोत्साहन युक्त कुरा बताई देवलोक फर्केर गए।

सूजा बकुलाको आयु पाँचशय वर्ष थियो भनिन्छ। तैपनि तिनले जीवनभर परप्राणी हिंसाबाट विरत रही शील रक्षा गर्नु परेकोले पेट भरि खान पाएकी थिइनन्।

यसरी आयु क्षीण भई मरी बाराणसीमा एउटा कुह्मालेकी छोरी भई जन्मिन्।

सूजा बकुला मरणोपरान्त देवलोकमा नपुग्दा शक्र देवेन्द्रले दिब्यदृष्टिले त्यसबेला कुह्मालेकी छोरी भइरहेको देख्दा उनलाई सहयोग गर्ने विचार गरे।

Downloaded from http://dhamma.digital/

त्यस पछि शक्र देवेन्द्र आफै मनुष्य लोकमा ओर्ली बूढोको भेष लिई, गाडाभरि सुनको काँक्रो राखी ठूलो स्वरले कराई बेच्न लागे ।

उनको काँक्रो पैसाले किन्न पाइँदैनथ्यो । शीलाचरण-द्वारा मात्र किन्न पाइन्थ्यो । परप्राणी हिंसाबाट विरत रहनु आदि पाँच प्रकारका शील रक्षा गर्ने व्यक्ति भएमा सित्तैमा दिने रे ।

त्यसबेला सूजा बस्ने बस्तीमा शील रक्षा गर्ने शीलको विषयलाई थाहा पाउने कोही थिएनन् । सूजा एउटीले मात्र अतीत जीवनमा बकुला भएको अवस्थादेखि शील रक्षा गरेर आएको बानी भएकोले शीलको विषयमा पनि बुझेकी थिइन् र शील पनि रक्षा गरेकी थिइन् । त्यस कारण ती सुनका काँक्राहरू ती एउटीले मात्र पाइन् । वास्तवमा त्यो वस्तु तिनलाई दिन नै ल्याएको थियो ।

सूजा कुह्मालेकी छोरी भएको अवस्थामा पनि परप्राणी हिंसा आदिबाट लगातार विरत भएर आएकीले मरणोपरान्त असुर लोकमा वेपचित्त असुर देवराजकी छोरी सूजा देवकन्या हुन पुगिन् । अतीत जन्ममा शील रक्षा गरेर आएकीले अत्यन्त सुन्दरी पनि भइन् ।

देवराज इन्द्रले पनि सूजा कुन भुवनमा उत्पन्न हुन पुगे होलिन् भनी दिव्यदृष्टि लगाएर हेर्दा असुर देवराजकी छोरी हुन पुगेको देखे । असुर देवहरू र त्रयस्त्रिंशत् देवहरू परस्परमा शत्रुहरू थिए । तसर्थ देवराज इन्द्रले सूजालाई

Downloaded from http://dhamma.digital/

बोलाउन जान असमर्थ भई समयलाई हेरी पर्खिरहनु परेको थियो ।

एक दिन सूजा देवकन्याको निमित्त भावी पति रोज्न वरमाला चढाउने उत्सव मनाइयो । त्यस उत्सवमा देवराज इन्द्र असुर भेष धारण गरी आइपुगे ।

वरमाला लगाउने बेला आइपुग्दा सूजाले असुर भेष धारण गरिराखेको देवराज इन्द्रलाई वरमाला लगाउन पुगिन् । देवराज इन्द्र पनि तुरन्त सूजालाई हात समाती त्रयस्त्रिंशत् देवलोकतिर एक्कासी भागे ।

असुर देवहरूले इन्द्र भनी थाहा पाए पछि तुरन्तै समात्न युद्ध भेरी बजाउँदै एक्कासी लखेट्न थाले ।

तर असुर देवराजले "मेरी छोरीलाई समाती भाग्ने देवराज इन्द्र हो भने तिमीहरूले नलखेट्नु; देवताहरू मध्येमा म बाहेक सबभन्दा श्रेष्ठ देवराज इन्द्र नै हो" भनी लखेट्न निषेध गरे ।

तब असुरहरूले पनि उनलाई लखेट्न छोडे । देवराज इन्द्रले पनि त्रयस्त्रिंशत् देवलोकमा पुग्दा सूजालाई बडामहारानीको रूपमा पदासीन गरे ।

सूजा बकुलाको जीवन र कुह्यालेकी छोरीको जीवनमा परप्राणी हिंसा गर्नु आदिबाट विरत भएर आएकी हुनाले अन्तिम अवस्थामा त्रयस्त्रिंशत् भुवनमा पुरानो पतिसँग नै फेरि संगम हुन पुगिन् ।

तसर्थ परप्राणी हिंसा गर्नुबाट विरत रहनु देवलोक

Downloaded from http://dhamma.digital/

पुग्ने उत्तम उपाय हो भनी ख्याल राखी यसको अनुसरण र आचरण गर्नुपर्दछ ।

## पुनः मनुष्य भएमा दीर्घायु

परप्राणी हिंसाबाट विरत हुने व्यक्तिहरू मृत्यु भएर फेरि मनुष्य हुन आएमा दीर्घायु हुन सक्छन् ।

भगवान् बुद्धका ३२ महापुरुष लक्षणहरूमध्येमा समावेश भएका (१) कुर्कुच्चा लामो हुनु (२) हात र खुट्टाका औंलाहरू लामा लामा भई सलक्क पर्नु (३) शरीर सीधा सोझा हुनु आदि लक्षण पनि अन्तर्निहित छन् ।

यस प्रकारका लक्षणाधिकारी अरूहरूको प्रयोगको कारणले प्राणोत्सर्ग हुन नसकी आयु पर्यन्त दीर्घायु भइरहन सक्छन् ।

ती लक्षणहरूले निर्देशित गरे जस्तै, बुद्धहरू अरूहरूको प्रयोगको कारणले परिनिर्वाण हुनुहुने नीति नियम छैन ।

एक समय भगवान् बुद्ध राजगृह नगरको वेणुवनाराममा विराजमान हुनुभएको थियो । त्यस अवस्थामा देवदत्तले आफ्नो उपासक राजा अजातशत्रुकहाँबाट ३२ जना धनुर्धारीहरूलाई आफ्नो विहारतिर बोलाएर लग्यो । त्यसपछि भगवान् बुद्धलाई बाण हानी मार्न ठूलो प्रबन्ध मिलाई निर्देशन दिई धनुर्धारीहरूलाई पठाइदिए ।

तर धनुर्धारीहरू भगवान् बुद्धकहाँ पुग्ने बित्तिकै

Downloaded from http://dhamma.digital/

कर्मानुसार शरणगमनमा प्रतिष्ठित भए; कर्मानुसार मुक्ति धर्म पाए। तसर्थ देवदत्तको भगवान् बुद्धलाई मार्ने संकल्प विफल भयो।

तैंपनि देवदत्तले हार मानेन। एक दिन भगवान् बुद्ध गृद्धकूट पर्वतको फेदीमा चंक्रमण (यताबाट उता उताबाट यता हिंड्डुल गर्नु) गरिरहनु भएको थियो। त्यसबेला देवदत्त आफै पर्वत शिखरमा चढ्यो। आफ्ना मानिसहरूको सहयोगले यन्त्रचालित पत्थर तयार पारी भगवान् बुद्धमाथि प्रहार गरी एउटा ठूलो ढुंगा गुडाएर खसाल्यो।

भगवान् बुद्धतिर गुडेर आएको ढुंगालाई अर्को एउटा ढुंगा माझमा आई रोकिदियो। भगवान् बुद्धलाई ढुंगाले नथिचिकनै ढुंगा ढुंगा ठक्कर खाई उच्छिट्टिएर आएको एउटा पत्थरको टुक्रामात्रले भगवान् बुद्धको बुढी औंलामा चोट पुऱ्यायो।

त्यसबेलामा पनि भगवान् बुद्धलाई सोझै मार्ने संकल्प गर्ने देवदत्तको संकल्प सफल र पूर्ण हुन पाएन।

यतिले पनि देवदत्तले हार मानी हात थामी बसेन। एकदिन आफ्नो उपासक राजा अजातशत्रुसित मन्त्रणा गरी प्रचण्ड हात्ती नालागीरिलाई मात्तिने गरी रक्सी ख्वाई हमला गराउन तयार पारी राखिछाडे। राजगृह नगरभित्र भिक्षुसंघ सहित भगवान् बुद्ध भिक्षाटनको निमित्त प्रवेश गर्नुहुँदा रक्सीले मात्तिएको त्यो प्रचण्ड नालागीरि हात्तीलाई भगवान् बुद्धतिर धपाइपठाए।

Downloaded from http://dhamma.digital/

प्रचण्ड हात्ती मेघ गर्जन जस्तो भयंकर शब्द निकाली हस्तीनाद गर्दै भगवान् बुद्धतिर बेतोडले डगुरेर गयो। यो दृश्य देख्ने सबै मानिसहरूले भयंकर नालागीरि हात्तीको दन्तको चुच्चोले भगवान् बुद्धलाई दु:ख दिने भयो भनेर अड्कल लगाउन थाले।

तर भयंकर नालागीरि हात्ती भगवान् बुद्धको नजीक पुग्ने बित्तिकै मात्तिने रक्सीको प्रभाव हटेर गई वहाँको पादचरणमा गौरबका साथ निहुरेर बस्यो।

त्यसबेला पनि भगवान् बुद्धलाई हात्तीको प्रहारद्वारा मार्ने देवदत्तको संकल्प सफल हुन सकेन। यसरी देवदत्तले भगवान् बुद्धलाई मार्न अनेकौं प्रकारले संकल्प र प्रयास गरेता पनि विफल हुन गई बुद्धले आयु पर्यन्त दीर्घायुका साथ रहन पाउनुभयो।

यस्तो प्रतिफल पाउनु सानोतिनो कारणले भएको होइन। परापूर्वका ठूला साना जीवनहरूमा परप्राणी हिंसा गर्नुबाट विरत रहनुभएको कारणले मात्र यस्तो दीर्घायु प्राप्त गर्नुभएको हो।

पहिलो प्रश्न–उत्तरसित सम्बन्ध राखेको कुरा यत्तिकैले पुग्यो होला। अब धर्म स्मरणिका भनिहालौं।

प्रश्न– कुनै छन् अल्पायु – दीर्घ आयु कुनै कुनै।
यस्तो हुनु के हो कारण ?–चाहन्छु बुझ्न विभेदले ॥

Downloaded from http://dhamma.digital/

उत्तर– प्राणहिंसक मरणपछि– अपाय पतन सुनिश्चित ।
नर जन्म लिएमा पनि– हुन्छ अल्पायु कुकर्मले ।।
अहिंसक मरणपछि– पुग्नेछ छवटै दिव्यलोक ।
मनुष्य भए दीर्घायु हुन्छ– सुकर्म फलको प्रभावले ।।

यो कुरा सम्झिराख्नु उचित छ ।

★★★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# दोश्रो प्रश्न र उत्तर

भो भगवन्... ...कुनै कुनै व्यक्तिहरू निकै रोगग्रस्त हुन्छन् । कुनै कुनै व्यक्तिहरू भने अल्प रोगी हुन्छन् । मानिसको रूपमा समानता भएर पनि यसरी "रोगी निरोगी" विभेद भइरहनुको कारण के हो ?

शुभ ब्राह्मण, चाहे पुरुष होस्, चाहे महिला कुनै कुनै मानिसहरूमा हातले होस् या त ढुंगा, लट्ठी खुकुरी एक न एकले सत्त्वहरूलाई सास्ति गर्ने बानि छ ।

यसरी सास्ति गर्नु मिथ्याकर्म हो । त्यस प्रकारको मानिस मर्दा सुख रहित, नराम्रो गति भएको लथालिंग परी पतन हुने र नरकमा पुग्ने हुन्छ ।

केही भएर नरकमा नपुगेता पनि फेरि मानिस हुन पुग्दा ठूलो रोगी भएको हुनेछ । यसरी सत्त्वहरूलाई सास्ति गर्नु रोग व्याधिलाई बढाउने खालको नराम्रो आचरण हो ।

शुभ ब्राह्मण...चाहे पुरुष होस्, चाहे महिला कुनै मानिसहरूमा सत्त्वहरूप्रति हातसम्मले पनि सास्ति गर्ने बानी हुँदैन र ढुंगा, लट्ठी खुकुरी कुनैले पनि सास्ति गर्ने बानी हुँदैन ।

Downloaded from http://dhamma.digital/

यसरी कसैप्रति सास्ति नगर्नु राम्रो र पवित्र कर्म हो । यस्ता मानिसहरू मर्दा राम्रो गति भएको दिव्यलोकमा पुग्ने हुन्छ ।

केही भएर दिव्यलोकमा नपुगेतापनि मानिस हुन पुग्दा निरोगी हुन्छन् । यसरी सत्त्वहरूलाई सास्ति नगर्नु कष्ट नदिनु निरोगी हुने कारण भएको राम्रो आचरण हो ।

अहिले उल्लेख गरेको कथन दोश्रो प्रश्न उत्तरको अभिप्राय हो ।

## अरूलाई सास्ती गरेमा अपाय–पतन हुने

सत्त्वहरूलाई सास्ति गर्ने र दुःख दिने व्यक्तिहरूको मरण भएमा अपायमा पतन हुन सक्छ भन्ने कथनको सम्बन्धमा स्यानो कथावस्तु जोडिहालौं ।

भगवान् बुद्धका पालामा श्रावस्ती नगरमा कोक नामक कुकुर पाल्ने एउटा शिकारी थियो । एक दिन उनी एकाबिहानै धनुष बाण समाती एक जमात कुकुरहरू लिई शिकार गर्न हिंड्यो ।

बीच बाटोमा भिक्षाचरण गर्दैआएका एक जना भिक्षुसित भेट भयो । त्यसबेला रीस उठी "मेरो त यो दुष्ट अलछिन भिक्षुसित भेट हुन पुगेछ । आज खोजेर कुनै शिकार पाइने छैन" भनी मनमनै गाली गर्दै सरासर तड्की निस्केर गयो ।

Downloaded from http://dhamma.digital/

उनले विचार गरे जस्तै नै भयो । जति खोज्दा पनि जंगलमा एउटा जनावर पाइएन । मन खिन्निक्क पार्दै फर्कंदा बिहान सबेरै बाटोमा भेटेकै भिक्षुसित भेट भयो ।

त्यसबेला "यो दुष्ट अलछिन भिक्षुको कारणले मलाई कुनै पनि जनावर फेला नपरेको हो" भनी रिसाएर त्यस भिक्षुलाई कुकुरद्वारा लखेट्न लगायो । भिक्षुले त्यसो नगर्न बिन्तिभाव गरे । शिकारीले उनको कुरा एक नसुनी भिक्षुलाई कुकुरहरूद्वारा झम्टाउन लगायो ।

विचरा भिक्षु डर र त्राशले नजीकको एउटा रूखमाथि चढी एउटा मान्छेको उचाइमा कक्रेर बस्न लागे । कुकुरहरूले भिक्षुलाई समात्न नसकी रूखघेरी भुकिरह्यो ।

त्यसबेला दुष्ट शिकारीले "हुँ.. यसरी रूखमाथि चढेर भाग्दैमा बचिएला र" भन्दै भिक्षुको पाइतलामा बाणले घोचिदियो । असाध्य दु:खेकोले घोचिदिएको खुट्टा माथि उचालिराख्दा शिकारीले विचरा भिक्षुको अर्को पाइतलामा पनि बाणले घोचिदियो । यसरी एउटा खुट्टा उचालिराख्दा अर्कोमा घोचिदिन्थ्यो ।

तल रहेका कुकुरहरूले पनि कन्याककुरूक पारिदिऊँ जस्तो गरी भुकिराखेका थिए । कोहीले रूख चढ्न कोशीस गरिरहेका थिए । यसरी होहल्ला मचिई त्यो क्षणले भयानक रूप लिइरहेको थियो । बिचरा भिक्षु एकातिर दुखेर सारा शरीरभरि आगोले पोलिराखेको जस्तो भई डाह भइराखेको थियो भने अर्कोतिर डरले थरथर कामिरहेको थियो ।

Downloaded from http://dhamma.digital/

आखिरमा लगाइराखेको चीवर वस्त्र झरेको समेत थाहा नपाउने भयो ।

त्यो झरेर गएको चीवर वस्त्रले रूखमुनिको शिकारी-माथि झवाम्मै ढाक्न पुग्यो ।

त्यसबेला उसका आफ्ना कुकुरहरूले रूखमाथिको भिक्षु नै ओर्लेको सम्झी चीवर वस्त्रभित्र जबरजस्ती घुसी त्यो कोक शिकारीलाई टोकेर मारिदिए । उनको मासु खाँदा खाँदा हाडमात्र बाँकी रहुन्जेल लुछाचूँड गरी खाइदिएका थिए रे ।

त्यसपछि रूखमाथिको भिक्षुले सुकेको एउटा हाँगा भाँचेर कुकुरहरूलाई हानेर धपाइपठायो । त्यसबेलामात्र कुकुरहरूले पनि आफ्ना मालिकलाई भूलले मारेको थाहा पाई तिनीहरू जंगलतिर भागेर गए ।

आफ्नो चीवर वस्त्रको कारणले कोक शिकारीको मृत्यु हुन गएकोले त्यसको दोष आफूलाई लाग्छ कि लाग्दैन भन्ने कुरा छुट्याउन नसकी असमंजस्यमा परिरह्यो । यो कुरा निराकरण गर्न उसले भगवान् बुद्धकहाँ गई भएभरको घटना निवेदन गऱ्यो ।

भगवान् बुद्धले "तिमीमा कुनै दोष छैन; त्यो कोक शिकारीले आफ्नो अकुशल कर्म अनुसार गरे जस्तै नराम्रो प्रतिफल भोगेर गएको मात्र हो । त्यो कोक शिकारीले अतीत जन्ममा पनि यसरी नराम्रो प्रतिफल भोगेर आइसकेको

Downloaded from http://dhamma.digital/

थियो" भनी कोकको अतीत घटनालाई उल्लेख गरी उपदेश गर्नुभयो ।

अतीत जीवनमा भावी कोक एउटा वैद्यराज भएर आएको थियो । उनी एक दिन एउटा गाउँभित्र पसी उपचार गर्ने रोगी खोजिरहँदा उपचार गर्न नपाएर गाउँ बाहिर निस्केर आयो ।

उनले ग्रामद्वारमा बच्चाहरू ख्याल–ठट्टा गरी खेलिरहेको देख्यो । त्यहाँनिर रूखको कुनामा टाउको निकाली सुतिरहेको एउटा सर्पलाई पनि उसले देख्यो । त्यसबेला केही नभएका बच्चाहरूलाई सर्पले टोकाएर भए पनि औषधोपचार गर्ने दुष्ट विचार उसको मनमा आयो ।

त्यसकारण एउटा बच्चालाई बोलाएर "रूखको कुनामा एउटा स्यानो सालिका सुतिराखेको छ, त्यहाँ चढेर समात" भनी झूठो प्रेरणा दियो । बच्चाले साँच्चै हो भन्ठानी रूखमाथि चढी सर्पलाई सालिका सम्झी टचाप्प समात्यो । बच्चाले सर्पको घाँटीमा समाती थिच्दा सर्प रहेछ भनेर थाहा पाउने बित्तिकै बेसरी कसिने गरी समातेर तल बसेको वैद्यको टाउकोमाथि फालिदियो ।

त्यो सर्पले बैद्यराजको पाखुरामा बेरी बेसरी डसिदियो । त्यसले गर्दा भावी कोक वैद्यराज त्यहीं ठहरै मऱ्यो ।

भगवान् बुद्धले त्यो कोक शिकारीको अतीत जीवनको घटना र वर्तमान जीवनको घटनालाई जोडेर "अरूहरूप्रति

Downloaded from http://dhamma.digital/

अपराध गर्ने र कष्ट दिने व्यक्तिहरूले यो जन्ममा पनि नराम्रो प्रतिफल भोग्नुपर्छ र मरणपछि पनि अकुशल कर्मले व्यवस्था गरे जस्तै अपाय दुर्गतिमा पतन हुन जान्छ" भनी अन्त्य उपदेश गर्नुभयो ।

## मनुष्य भए पनि रोगी

अरूलाई दुःख कष्ट दिने व्यक्तिहरू मरणपछि मानिसै भएर जन्मे पनि रोगी हुनेछ भन्ने कथनसित सम्बन्धित स्यानो कथावस्तु उल्लेख गरौं ।

भगवान् बुद्धको पालामा श्रावस्ती नगरमा महापाल नामको एक जना श्रेष्ठी भगवान् बुद्धको उपदेश सुनी संवेग लाभ गरी भएको सम्पत्ति आफ्ना भाइ चूलपाललाई सुम्पी भिक्षु भएर गयो ।

उनी उपाध्याय आचार्यहरूसँग भिक्षु वर्ष ५ वर्ष जति एक साथ बस्यो । बुढेसकालमा भिक्षु भएको कारणले ग्रन्थ वाङमय पढ्ने नगरी विपश्यना भावना–धर्मलाई मात्र बढाएर प्रयत्न पूर्वक अभ्यास गर्ने हुनेछु भनी भगवान् बुद्धसँग निवेदन गरी कर्मस्थान माग्यो ।

त्यसपछि आफूसँग पछिलाग्ने ६० जना भिक्षुहरू बोलाई श्रावस्तीबाट १२० योजन जति टाढा पर्ने एउटा गाउँतिर हिंड्नुभयो । ग्रामीणहरूले भिक्षुहरूप्रति श्रद्धा उब्जेर आएकाले चतुःप्रत्यय दान गरे । तिनीहरूको गाउँमा नै वर्षावास बस्न निवेदन र प्रार्थना पनि गरे ।

Downloaded from http://dhamma.digital/

महापाल स्थविरसँगै ६० जना भिक्षुहरूले त्यस गाउँमा वर्षावास बसी श्रमण धर्मलाई उठाएर अभ्यास गरे। महापालले अन्य भिक्षुहरूलाई, "साथीहरू हो; हामीहरूले भगवान बुद्धसमक्ष कर्मस्थान मागेर आएका हौं। अप्रमादी भई उद्योग र अभ्यास गर्नुपर्छ" भनी हौसला र प्रेरणा दिएर भन्नुभयो।

स्वयंले पनि विपश्यना भावना-धर्म तीव्र रूपले रातौं दिन उद्योग र अभ्यास गर्नुभयो। त्यसरी उद्योग गरी एक महीना बित्न लाग्दा महापाल स्थविरलाई आँखाको रोग हुन लाग्यो। आँसु झरी हेर्न नसक्ने भएर आयो। तै पनि वीर्य शिथिल नपारी भावना-धर्मलाई मात्र लगातार उद्योग र अभ्यास गरिरहनुभयो।

महापाल स्थविरमा आँखाको रोग लागेको कुरा गाउँको बैद्यराजले थाहा पाउँदा त्यसको लागि औषधी तयार पारिदियो। त्यो औषधी राख्दा सुतेर नाकमा हाल्नु पर्थ्यो। तर स्थविरले बसेर नै नाकमा औषधी हाली नस लिनुभयो। नलेटी नसुती भावना-धर्म उद्योग र अभ्यास गर्ने अधिष्ठान (अठोट) भंग होला भन्ने डरले त्यसो गरेको हुन सक्छ।

बैद्यराजले सुतेर औषधी प्रयोग गर्न बारम्बार निवेदन र प्रार्थना गर्दा पनि वहाँले स्वीकार्नु भएन। "महापाल, तिम्रो आँखा अन्धो हुने भए होओस्; उद्योग र अभ्यास गर्न दुर्लभ भएको श्रमण धर्मलाई मात्र लगातार अगाडि सार्दै जाऊ; पछि नहट" भनी आफूले उपदेश र

Downloaded from http://dhamma.digital/

प्रेरणा दिंदै भावना-धर्मलाई मात्र रातौं दिन उद्योग र अभ्यास गर्नुभयो ।

यसरी उद्योग गरेर आउँदा एक दिन मध्यरात बित्नै लाग्दा आँखा पनि अन्धो भयो; अरहन्तत्व पनि लाभ भयो ।

महापाल स्थविर अन्धो हुनु परेको कारण त श्रमण-धर्मलाई रात दिन अति तीव्ररूपले उद्योग र अभ्यास गरेकोले हो भनी धारणा राख्नु पर्छ । तर त्यसो त होइन कि अतीत जन्ममा उनले अतिक्रमण गरेर आएको अकुशल कर्मको खेललाई भोग्नुपरेको कारणले मात्र हो ।

उनी अतीत जन्ममा एउटा बैद्य भएर आएको थियो । एक दिन एउटी आँखाको रोगी महिलासंग भेट भयो । ती महिलाले उसको आँखाको रोग सफा गरी उपचार गरिदिन सकेमा छोराछोरी सहित उनी पनि बैद्यराज कहाँ दासी हुनेछु भनिन् ।

त्यस उसले भावी महापाल बैद्यराजले ती आँखाको रोगी महिलालाई औषधी उपचार गऱ्यो । एक चोटी मात्र मलम लगाइदिने बित्तिकै त्यस महिलाको आँखाको रोग एकदम निको भएर गयो ।

तर ती महिलाले आपनो सत्य कराल अनुसार दासी बन्न जाने डर मानेर आँखाको रोग निको भएको छैन भनी झूठ कुरा गरिन् । भावी महापाललाई त्यस महिलाले औषधीको मूल्य तिर्नुपर्ला भन्ने डरले झूठ बोलेकी हुन् भनी थाहा थियो ।

Downloaded from http://dhamma.digital/

तसर्थ उनले अन्धो पारिदिने औषधी मिलाई ती महिलालाई लगाउन दियो। महिलाले पछिको औषधी लगाउने बित्तिकै उनको आँखा अन्धो भयो।

त्यस वैद्यराजको जीवनमा अतिक्रमण गरेर आएको अनुकूल कर्मको कारणले महापाल स्थविर भिक्षु भएर आएको अवस्थामा समेत नराम्रो प्रतिफल भोग्नुपरेको हो।

त्यस कारण अरूलाई दुःख कष्ट र सासना दिने व्यक्तिहरू फेरि मानिस भएर जन्मे पनि रोगी हुन्छन् भन्ने बुद्धवचनलाई सुनिश्चित रूपमा सम्झना राखी त्यस प्रकारको अकुशल कर्म अतिक्रमण नहुने गरो बिरत भएर बस्नु योग्य छ।

## सास्ती नगरेमा निरोगी

सत्त्वहरूलाई सास्ती नगर्ने व्यक्तिहरू फेरि मानिस भएर जन्मँदा निरोगी हुन्छन्।

बोधिसत्त्व सिद्धार्थ कुमारको ३२ महापुरुष लक्षणहरू मध्येमा "एक गेरा तिलजति आहार जिब्रोमाथि राख्नुले नै सम्पूर्ण शरीरमा रस फिंजेर जानसक्नेगरी धारण गर्न सक्ने रसिला नशाहरू बोधिसत्त्वको घाँटीमा लेटिई स्थिर रहने भन्ने एउटा लक्षण पनि समावेश छ।

यस्तो लक्षणको अधिकारी मानिस भइरहेमा राजा चक्रवर्ती, श्रमण भिक्षु भएमा बुद्ध हुन सकिन्छ। आहारलाई समरूपमा पाचन गर्न सकिने पाचक शक्तिले सम्पन्न हुन्छ। निरोगी हुन्छ।

Downloaded from http://dhamma.digital/

यसरी "निरोगी हुनु" भन्ने जस्तो प्रतिफललाई बिना कारण सित्तैमा पाइने होइन। परापूर्वकालमा ठूला साना जन्महरूमा सत्त्वहरूलाई दुःख कष्ट र सास्ती दिनुबाट विरत भएर आएको कुशल कर्मको कारणले मात्र पाएका हुन्।

लौ त......दोश्रो प्रश्न उत्तरसित सम्बन्ध राखेर त यतिले नै पुग्ला जस्तो छ। यो सित सम्बन्धित स्मरणिका कविताहरू भनिहालौं–

प्रश्न– हुन्छन् कुनै रोगग्रस्त– अरू हुन्छन् निरोगी नै।
यसो हुनाको के कारण– छ इच्छा जान्न विभेदले ।।

उत्तर– मरणान्तमा सास्तीदाता– अपाय पतन सुनिश्चित।
भएमा मनुष्य रोगी हुन्छ– हुन्न उपचारले निको ।।
मरणान्तमा अविहिंसक– पुगिन्छ दिब्यलोकमा।
भएमा मनुष्य रोग मुक्त– हुन्छ अस्थायी रोग त ।।

यो सम्झिराख्नु योग्य छ।

★★★

Downloaded from http://dhamma.digital/

# तेश्रो प्रश्न र उत्तर

भो भगवन्, ...... कुनै मानिसहरूको रूप वर्ण राम्रो छैन। कुनै मानिसहरूको रूप वर्ण राम्रो छ। मानिस मानिसको रूपमा एक समान भएर पनि यसरी "रूप वर्ण राम्रो नराम्रो" विभेद हुनु के को कारणले हो ?

शुभ ब्राह्मण,......चाहे पुरुष होस् वा महिला कुनै व्यक्तिहरू रिसाहा क्रोधी हुन्छन्; तीव्र प्रचण्ड हुन्छन्; अलिकति न रुचाउने खालको कुरा भनाउनुपर्दा पनि अति नै उपादान राखी रिस उठाउँछन्।

यसरी रिसाहा र अति क्रोधी हुनु मिथ्या कर्म हो। यस्तो मानिस मरेमा सुख रहित दुर्गतिमा लथालिंग रूपमा पतन हुने खालको नरकतिर पुग्न जान्छ।

केही भएर नरकमा पतन नभई फेरि पनि मानिस नै भएर जन्मँदा पनि त्यो कुरूप हुन्छ। यसरी रिसाहा र क्रोधी हुनु कुरूप बनाउने आचरण हो।

शुभ ब्राह्मण,......चाहे पुरुष होस् वा महिला कुनै मानिस रिसाहा छैनन् तीब्र प्रचण्ड क्षर पनि छैनन् न रुचाउने कुरा धेरै भनाउनुपर्दा पनि उपादान राख्दैनन् र रिसाउँदैनन्।

Downloaded from http://dhamma.digital/

यसरी रिस नभएको व्यक्तिको मरण हुँदा त्यो दिव्य-लोकमा पुगिन्छ ।

केही भएर दिव्यलोक नपुगेता पनि फेरि मानिस नै भई जन्मलिदा उसको रूप लावण्य राम्रो हुन्छ । क्रोध नगर्नु र रिस न उठाउनु रूप लावण्य राम्रो पार्ने कुशल आचरण नै हो ।

अहिले उल्लेख गरेर आएको विषय तेश्रो प्रश्न र उत्तरको सारांश कथन हो ।

## अतिक्रोधले नरक पतन

अति रिसाहा व्यक्तिहरू मर्दा अपाय दुर्गतिमा पतन हुन्छन् भन्ने कुरासित सम्बन्धित कथावस्तु जोडिहालौं ।

अघि अघि वाराणसी देशमा कलाबु राजाको पालामा बोधिसत्त्व अस्सी करोड सम्पत्ति भएको ब्राह्मण महासाल कुलमा उत्पन्न भएको थियो । उमेर पुग्दा उनले तक्षशीला गई विद्या अध्ययन गऱ्यो । प्रज्ञाले पारंगत भई घर फर्केर आएपछि सम्पत्ति आर्जन गर्न थाल्यो ।

बोधिसत्त्व आमा बाबु बितिसकेको बेलामा सबै वैभव सम्पत्ति त्यागी हिमालय पर्वतमा ऋषि श्रमण भएर रहन लाग्यो । जंगलमा फल मूल सेवन गरी धेरै समयसम्म रह्यो ।

Downloaded from http://dhamma.digital/

यसरी समय बित्दै जाँदा उनीमा "नून अमिलो" खाने चाहना उठेर आयो । वन जंगलमा अमिलो फल मूल पाउन सकेतापनि नूनिलो चीज त पाउन सकिन्न होला ।

त्यस उसले बोधिसत्त्वले पनि जंगलबाट शहरतिर प्रस्थान गऱ्यो । शहर पुग्दा राजोद्यानमा बस्नुभयो । भोलिपल्ट बिहान भिक्षाटनको लागि विचरण गर्दै सेनापतिको घर अगाडि पुग्नुभयो ।

सेनापति ऋषिको गमनागमन चालचलन सूक्ष्म शान्त स्थिर रहेको स्थितिमाथि अति प्रसन्न भयो । तसर्थं बोधिसत्त्व ऋषिलाई घरभित्र निम्त्यायो । स्वयं आफूले भिक्षा-दान गरी राजोद्यानमा नै बसोबास गराइयो ।

एक दिन कलाबु राजा जाँड-रक्सी खाई, पिई परिवारका महिलाहरूसंगै उद्यान क्रीडामा निस्क्यो ।

उद्यानमा पुग्दा मंगलशिलामा आसन बिछ्याउन लगाई ऊ सबभन्दा प्रिया महिलाको गोदमा सुत्यो । उसको छेउछाउमा पनि महिलाहरूले घेरा लगाई गाई नाची निदाउञ्जेलसम्म नाचगान गरिरहे ।

राजा निदाइसकेपछि ती नाचगान गर्ने महिलाहरू सितार गितार आदि वाद्यवादनहरू बिसाई उद्यानभित्र घुम्न लागे । फलफूल टिप्नेले टिपी; फूल तोड्नेले तोडी मनचाहेजति रमाउन थाले ।

Downloaded from http://dhamma.digital/

तिनीहरू रूखभरि फूलहरू फुलिरहेको एउटा रूखमुनि शान्त दान्त पूर्वक बसिरहनु भएको बोधिसत्त्व ऋषिलाई अचानक देख्न पाउँदा नजिकमा गई अभिवादन गरी उपदेश सुनिरहे ।

त्यसैबेला राजालाई अङ्कमाल गरेर रहेकी महिलाले हात गोडा चलाउन लाग्दा कलाबु राजा पनि शयनबाट ब्युँझेर आयो । उसको सामुन्ने नाचगान गरिरहेका महिलाहरूलाई न देख्दा रिस उठी "यी दुष्ट महिलाहरू कहाँ गइन्" भनी सोध्यो ।

ऋषि कहाँ उपदेश सुनिरहेका छन् भन्ने थाहा पाउँदा राजाको क्रोधको बम एक्कासी विस्फोटन भयो । तुरुन्त जुरुक्क उठी, तलवार झिकी "यो दुष्ट ऋषिलाई त सम्झना रहने गरी पाठ सिकाइ हाल्छु" भनी बरबराउँदै बोधिसत्त्व भएतिर क्रोधित हुँदै गयो ।

राजा क्रोधको घैंटो फुटाल्दै आइरहेको देखिरहेका उनको स्वभाव जानिरहेका, फकाउन फुल्याउन सिपालु महिलाहरूले दगुरेर स्वागत गर्दैं फुस्ल्याउँदै तलवार खोसेर लिए ।

तैपनि अतिक्रोधी राजा बोधिसत्त्व कहाँ गई "ए ऋषि, तिमी के वादी हौ" भनी हप्काउँदै सोध्यो । बोधिसत्त्वले "सहन गर्ने; क्रोध नगर्ने क्षान्तिवादी हुँ" भनी जवाफ दिनुभयो ।

Downloaded from http://dhamma.digital/

त्यसबेला अवीचिमा कुहिरने क्रोधको घैंटो मूर्ख राजाले आफ्नो हातको कठपुतली ज्यानमारा नाइकेलाई बोलायो। ज्यानमारा नाइके आइपुग्दा "यो दुष्ट कपटी ऋषिलाई भुइँमा लडाऊ; किला भएको वेटले पिठ्युँ र छातीमा हजार चोटी हिर्काऊ" भनी असभ्य छाँटले हुकुम दियो। ज्यानमारा नाइकेले पनि हुकुम बमोजिम गर्नु नै पऱ्यो।

बोधिसत्त्वमा दुई हजार चोटि हिर्काइएता पनि रिस भने कति पनि निस्केन। चोटपटक त कहाँ सह्य हुन्थ्यो र! पातलो छाला बाक्लो छालामात्र नभई मासु समेत छिया छिया परी फुटेर रातो रगत यत्र तत्र छचल्की तीव्र वेदना भुगट्नु पऱ्यो।

कलाबु राजाले "तिमी के वादी हौ" भनी फेरि सोध्यो। बोधिसत्त्वले पनि "सहन गर्ने, क्रोध नगर्ने वादी हुँ" भनी फेरि पनि जवाफ दिनुभयो।

त्यसबेला अति द्वेषचरित्र भएको मूर्ख राजाले बोधिसत्त्वको हात-गोडा, कान-नाक क्रमैसित काट्न लगायो। पटकै पिच्छे बोधिसत्त्वसँग "तिमी के वादी हौ" भनी बार-बार सोध्न लाग्यो। प्रत्येक सोधनीमा बोधिसत्त्वले पनि "सहन गर्ने; क्रोध नगर्ने वादी हुँ" भनेर नै बार-बार जवाफ दिइरहनु भयो।

Downloaded from http://dhamma.digital/

यसरी बोधिसत्त्वले जति-जति रिस उठाएन त्यति त्यति नै मूर्ख राजाको क्रोधको घैंटो फुट्दै गयो । त्यसकारण अन्तमा "यतिसम्म भएको फुट्टे ऋषि; तेरो दुष्टवाद तेरै होस्" भनी हप्काउँदै गाली गर्दै बोधिसत्त्वको छातीमा लातले हिर्काई भुइँमा पछारेर निस्कन लाग्यो ।

दुष्टराजा निस्किसकेपछि सेनापति आएर बोधिसत्त्व-लाई आदर गौरव पूर्वक अडेस दिएर उवाली प्रार्थना गर्न लाग्यो ।"रिस नै उठाउनु छ भने राजाप्रति मात्र रिस उठाउनुस् अन्य व्यक्तिहरूलाई माफि दिनुस्" भनी प्रार्थना गऱ्यो ।

बोधिसत्त्वले कसैमाथि पनि (आफूमा) रिस नभएको; राजामाथि पनि रिस नगरी सहन गरेको कारण बताउनु भयो ।

अतितीव्र द्वेषचरित्र भएको मूर्ख राजा उद्यान द्वारनिर पुग्दापुग्दै जीवन्त रूपमै पृथ्वीमा धँसेर गई अवीचि नरकमा सोझै ओर्लनु पऱ्यो । बोधिसत्त्व ऋषि पनि त्यसै दिनमा अनित्य हुन पुग्नु भयो ।

यो कथावस्तुमा अतिद्वेषी मूर्ख राजाको कारणले निर्दोषी विचरा ऋषिले पनि निरर्थक रूपमा प्राण गुमाउनु पऱ्यो । राजा स्वयंले पनि केही लाभ नपाई अवीचि नरकको खासीमा कुहिरनु पर्ने मात्र फल पायो ।

तसर्थ रिस-राग ननिस्कने गरी, निस्केता पनि तुरुन्त शान्त हुने गरी अभ्यास र उद्योग गर्नु उचित छ ।

Downloaded from http://dhamma.digital/

# मानिस भए पनि कुरूप

अतिद्वेषी व्यक्तिहरू मर्दा फेरि मानिस भएर जन्मे पनि कुरूप हुन्छन् भन्ने कुरा सम्बन्धी साधक प्रमाण कथावस्तुहरू त अहिलेसम्म फेला परेका छैनन् ।

तर, एउटै व्यक्तिलाई नियालेर हेरेमा रिस उठिरहेको बेलामा उसको रूप वर्ण कुरूप भई; रिस नउठेको बेलामा उसको रूप वर्ण प्रसन्न प्रफुल्लित रहेको देख्न सकिन्छ ।

यसरी व्यक्तिमा एउटै पनि द्वेष उब्जिरहेको बेलामा कुरूप भई द्वेष नभएको बेला रूप वर्ण प्रसन्न भएकोलाई देख्न जान्न पाइनुद्वारा "अतिद्वेषी व्यक्तिहरू मरेर फेरि मानिसनै भएमा कुरूप हुन्छन् भन्ने बुद्धदेशित वाक्य सही भएको तथ्य पाठकवर्गले अनुमान गरी जान्न सकिने हुनेछ ।

## शक्रदेवेन्द्र पनि स्वल्पद्वेषी

बौद्धधर्मावलम्बी बर्मेली जातिहरू दिव्य सम्पत्तिलाई ठूलो ठान्ने चाहना राख्ने बढी छन् । देवाधिपति शक्रदेवेन्द्रको ऐश्वर्यलाई त अरू बढी ठूलो ठान्छन् । चाहना राख्छन् । शक्र देवेन्द्रलाई समेत साधारण तौरले सम्बोधन नगरी "हजुरबा" भनी नामाकरण गरी हजुरबा शक्रदेवेन्द्र भनी प्रेमपूर्वक सम्बोधन गर्ने गर्छन् ।

Downloaded from http://dhamma.digital/

त्यो देवाधिपति शक्र बनाइने सातवटा धर्महरू छन् । त्यसलाई "गर्नु पालना आमाबाबुको, गर्नु गौरब बृद्धको । सौम्य कोमल बोल्नु वचन– न बोल्नु चुगली वचन ।। त्याग्नु कंजूसी सत्य रक्षा– शान्त पार्नु हो क्रोध रिस । सही मार्ग सत्य धर्म - शक्रत्व प्राप्ति कारण ।। भनी पौराणिक आचार्य-हरूले कविता बनाइराखेका छन् ।

त्यस शक्रदेवेन्द्र हुनुका सातवटा कारणभित्र "रिस स्वल्प हुनु" भन्ने पनि एउटा कारण समावेश छ । लौ त...... शक्रदेवेन्द्रमा क्रोध कम भएको स्थितिलाई अलिकति जोडिहालौं ।

शक्रदेवेन्द्र अगाडिको जन्ममा मगध राष्ट्रको मचल गाउँमा 'मघ' नामक एउटा माणवक भएको थियो । उनी गाउँको काम गर्ने ठाउँमा गई ठाउँ ओगट्ने बेलामा धूलोलाई खुट्टाले सोधेर लिई आफू उभिने ठाउँलाई रमाइलो मनमोहक पारो बनाउँथ्यो र शुद्ध सफा सुघर भई समतल भूमिमा उभिरहन्थ्यो ।

केही न बित्दै गाउँको अर्को एउटा मानिस आइपुगी मघमाणवकलाई धचेटेर पठाइन्थ्यो । उनी चाहिं मघमाण-वकको सफा पारिराखेको शुद्ध ठाउँमा गई उभिन्थ्यो । यो त जानाजानी खालि उसमाथि शोषण र दमन गर्ने नीति थियो । रिस पनि उठ्दो ह्री ।

Downloaded from http://dhamma.digital/

मघ माणवक आफूले सफा पारिराखेको ठाउँ लुटाउनुपरे पनि अरूमाथि रिस नउठाई अर्को एउटा ठाउँमा सरेर जान्थ्यो । त्यो ठाउँलाई पनि रमाइलो र मनमोहक पारी बनाइन्थ्यो । फेरि अर्को गाउँले मानिस आई उसलाई घचेटी उसले सफा पारिराखेको ठाउँमा गई उभिन्थ्यो ।

यस्तै गरी उसमाथि दमन गरेतापनि मघले रिस नउठाएको मात्र नभई एउटा राम्रो विचार पनि उनमा आयो । "यी मानिसहरूले मैले मरम्मत गरिराखेको, शुद्ध स्वच्छ सफा पारी समतल पारिराखेको ठाउँमा बसेर मानसिक सुख पाइराखेका छन् । यो मेरो कारणले तिनीहरूले पाएको मानसिक सुख हो । यी मानिसहरूको निमित्त शुद्ध स्वच्छ सफा भएको एउटा ठाउँ बनाई दान गर्नुपऱ्यो" भन्ने विचार उनमा आयो ।

त्यसपछि गाउँको बीचमा खलजत्रो एउटा जग्गालाई धेरै मानिसहरू विश्राम लिनको लागि सफासुघर र मरम्मत गऱ्यो । जाडोको मौसममा धेरै मानिसहरूले आगो ताप्न आगो बनाइदियो । भावी शक्रदेवेन्द्र मघमा अन्याय गरी ठाउँ लुटेर लिदा पनि रिस नउठाई कुशल कर्म गर्नमात्र उनमा विचार आइरहन्थ्यो ।

तसर्थं दोष र क्रोध नउठाउनु र नउठ्ने गरी संयम र दमन गरी राख्नु पनि दिव्यलोक पुग्नाको कारण राम्रो कुशल धर्म हो भनी होश राखी अनुशरण गर्नुपर्दछ ।

Downloaded from http://dhamma.digital/

## फेरि मानिस भएर जन्मेमा रूप राम्रो

रिस न उठाउने व्यक्तिको फेरि मनुष्य भएर जन्म लिंदा रूप लावण्य राम्रो हुन्छ ।

बोधिसत्त्व सिद्धार्थ कुमारको ३२ महापुरुष लक्षण मध्येमा "सिंगिनिक्ख शुद्ध सुन जस्तो पहेंलो वर्णको छाला हुनु" पनि एउटा कारण समावेश छ । यसप्रकारका लक्षणधारी व्यक्तिहरू गृहस्थी भएर बसेमा राजा चक्रवर्ती; श्रमण भएमा बुद्ध हुन सकिन्छ ।

बोधिसत्त्वले पुराना पुराना ठूला साना जन्महरूमा नरम नरम वस्त्रहरू दान प्रदान गर्नु भएको थियो । त्यस अतिरिक्त विशेष गरी रिस र द्वेष, कम उठ्थ्यो । रिस उठेता पनि तुरुन्त शान्त हुने गरी उद्योग गर्थ्यो । आघात (दागा) पनि राख्दैनथ्यो । कतिको रिस कम छ भन्ने विषयमा अगाडि उल्लेख गरिसकेको खन्तिवादी (क्षान्तिवादी) ऋषिको घटना-बाट नै अनुमान गर्न सकिने देखिन्छ ।

यसरी क्रोध, द्वेषलाई वृद्धि नगरी, आघात नराखी आएकोले नै सिद्धार्थ राजकुमारको जीवनमा सुवर्ण वर्ण भएको छवि वर्ष रही अतुलनीय रूपमा राम्रो हुन पाएको हो ।

लौ तेश्रो प्रश्न उत्तरको सम्बन्धमा भन्दै आएको त कुरा पनि निकै लामो भइसक्यो । संक्षिप्त स्मरणिका कविता भन्दै अन्त गरिहालौं ।

Downloaded from http://dhamma.digital/

प्रश्न– हुन्छन् कुरूप कुनै व्यक्ति– कुनै व्यक्ति सुरूप छन् ।
यसो हुनाको के कारण– इच्छा छ जान्न विभेदले ।।

उत्तर– मरणान्तमा अतिक्रोधी– अपाय पतन सुनिश्चित ।
भएमा मनुष्य अति दु:खी– हुन सक्छ कुरूप पनि ।
मरणान्तमा स्वल्पद्वेषी– पुगिन्छ दिव्यलोकमा ।
भएमा मनुष्य ती सुन्दर– हुन्छ चिटिक्क शोभित ।।

यो कुरा सम्झिराख्नु उचित छ ।

★★★

# चौथो प्रश्न र उत्तर

भो भगवन्,...... कुनै कुनै मानिसहरूमा भाग्य यश युक्त परिवार छैनन् । कुनै कुनै मानिसहरू भने भाग्य यश परिवार युक्त छन् । मानिस मानिस बीच समानता भएर पनि यसरी "भाग्य यश परिवार हुनु नहुनु" विभेद हुनुको कारण के हो ?

शुभ ब्राह्मण,......यस संसारमा चाहे पुरुष होस् वा महिला कुनै मानिसमा ईर्ष्या चित्त छ । अरूहरूमा लाभ बढी भएको, अरूहरूले सत्कार सम्मान पाएको, मान मर्यादा

Downloaded from http://dhamma.digital/

मिलेको देख्दा दाह गर्छन् । दाह भएको मनले गाली गर्ने अपराध गर्ने गर्छन् ।

यो ईर्ष्या हुने, दाह हुने मन नराम्रो कर्म हो । यसरी ईर्ष्या दाह चित्त भएका व्यक्तिहरू मरण हुँदा सुख रहित, दुर्गति, लथालंग परी पतन हुने नरकमा उब्जन्छन् ।

केही भएर नरकमा पतन नभए पनि मनुष्य संसारमा फेरि जन्म लिन आउँदा यश परिवार भाग्य विहीन हुन्छन् । यसरी ईर्ष्यालु भई दाह हुने मनोवृत्ति यश परिवार भाग्य विहीन पार्ने त्यसप्रकारको आचरण नै हो ।

शुभ ब्राह्मण,..... यस संसारमा चाहे पुरुष होस् वा महिला, कुनै मानिसमा ईर्ष्याचित्त दाहचित्त छैनन् । अरूहरू-लाई लाभ प्राप्त भएको, सत्कार सम्मान गरेको, मान मर्यादा राखेको देख्दा ईर्ष्याचित्त दाहचित्त बृद्धि गराउँदैनन् ।

यसरी ईर्ष्याचित्त दाहचित्त नपाल्नु राम्रो कुशल कर्म हो । यस्तो मानिस मर्दा सुगति स्वर्गलोकमा पुगिन्छ ।

केही भएर दिव्यलोकमा नपुगेता पनि फेरि मनुष्य भएर जन्मिँदा भाग्य र यश परिवार बढी हुन्छ । यसरी ईर्ष्याचित्त दाहचित्त नपाल्नु यश परिवार र भाग्य वृद्धि गराउने पनि राम्रो आचरण नै हो । उल्लेखित कुरा चौथो प्रश्न र उत्तरको सारांश कथन हो ।

## ईर्ष्याले अपाय पतन

अन्य व्यक्तिहरू सुखी समृद्ध र फले फुलेकोलाई ईर्ष्या हुनु आफ्नो निमित्त सित्तैमा खालि नराम्रो अकुशल कुरा

Downloaded from http://dhamma.digital/

उब्जाइरहनु हो । त्यस चित्तले मरण भएमा केही लाभ न निस्की अपायमा पतन हुनु मात्र थाती रहने भयो ।

श्रावस्ती नगरमा एउटा महाजन थियो । ऊ कर्म र कर्मफललाई विश्वास गर्छ र त्रिरत्नको शरण पनि लिन्छ ।

उनकी स्वास्नी मत्ता भने क्रोध उठाउने स्वभावकी थिइन् । ईर्ष्यालु थिइन् र दाह गर्थिन् । कर्म र कर्मफललाई पनि विश्वास गर्दैनथिन् । त्रिरत्न शरण पनि लिंदैनथिन् ।

मत्ता छोराछोरी न भएकी थारो थिइन् । त्यसकारण महाजनले कुलवंश विच्छेद हुने डरले वैभव सम्पत्ति समान भएकी "तिस्सा" नामकी महिलालाई दोश्रो स्वास्नीको रूपमा ब्याहेर ल्यायो ।

तिस्सा स्वभावले कोमल थिइन् । कर्म र कर्मफललाई विश्वास गर्थिन्; त्रिरत्न शरण लिन्थिन् । केही समय नबित्दै उनको "भूत" नाउँको एउटा छोरो जन्मियो ।

महाजनले दोश्रो स्वास्नीलाई बढी प्रेम गर्थ्यो । यता उता जाँदा पनि दोश्रो स्वास्नीलाई नै प्रायः साथमा लैजान्थ्यो । त्यसकारण मत्तामा तिस्साका आमा छोराप्रति दिन पर दिन ईर्ष्या र दाह हुँदै आयो ।

एकदिन टाउको धोई नुहाइ धुवाइ गरी नयाँ लुगा लगाई ताजा खाना खाई बसिरहेकी तिस्साको टाउकोमाथि मत्ताले दाह र ईर्ष्याचित्तले बधारेर थुपारेको फोहर धूलो खन्याइदिइन् ।

Downloaded from http://dhamma.digital/

अर्को एकदिन पनि महाजनसित बाहिर जान लागेकी तिस्साका राम्रा लुगाहरू ईर्ष्याले गर्दा लुकाइराखिन्। सजिसजाउ पार्ने अत्तर पाउडर आदि सरसामानहरू पनि मलमूत्रको खाल्डोमा गुपचुप पारी फालिदिन्थिन्। चिलाइने फल जस्ता गेडाहरू जंगलबाट ल्याई तिस्साको ओछ्यानमाथि गोप्य रूपमा छर्किदिन्थिन्।

त्यसरी दाह र ईर्ष्याचित्त राखी मत्ता मरेर जाँदा प्रेतनी हुन पुगिन्। मत्ता प्रेतनीले (१) सम्पूर्ण शरीरमा धूलो फोहर मैलो टाँसी राख्नु (२) बिल्कुल वस्त्रविहीन भइरहनु (३) एकदम दुर्गन्ध बास आइरहनु (४) सारा शरीर चिलाइरहनु (५) खाना खान नपाउनु आदि नराम्रो प्रतिफल भोगिरहनु परिन्।

यस्तो हुन परेकीलाई उनी आफैले प्रकट रूपमा देखाई तिस्सालाई बताएर अपराध स्वीकारिन्। तिस्साले उनीप्रति माया लागेर उनको निमित्त राम्रो कुशल कर्म गरी पुण्य दान गर्न महाजनलाई भनिन्। महाजनले कुशल कर्म गरी पुण्य दान दिएपछि मात्र बिचरी मत्ता प्रेतनी जीवनबाट मुक्त भएर गइन्।

ती प्रेतनीले भोग्नु परेको पाँच प्रकारका दुष्परिणाम-हरूमध्येमा खाना खान नपाउनु एकमात्र अतीत जीवनमा दान नगरेकीले हो। बाँकी अरू चार प्रकारका दुष्परिणामहरू त तिस्साप्रति दाह र ईर्ष्या परेको चित्तले नराम्रो अकुशल कर्म गरेकी मात्रले हो।

Downloaded from http://dhamma.digital/

# यश परिवार नहुनुले मात्र

दाह र ईर्ष्या हुने स्वभाव आफूभन्दा बढी सुखी भएको, समृद्ध भएको, वृद्धि भएको, उच्च स्थिति रहेको व्यक्तिलाई हेरी बिना सित्तैमा त्यसै त्यसै बस्दाबस्दै उब्जिरहने अकुशल चैतसिक हो। पालिभाषामा 'इस्सा' भनिन्छ। दोष (चित्त) सित उत्पन्न हुने सहचारी धर्म पनि हो। तसर्थ ईर्ष्याचित्त एकदम बढी भएर आएमा मिथ्या बोलिवचन, मिथ्याकर्म बोल्ने गर्ने स्थितिसम्म पुगी दोष-अग्नि सरेर आउँछन्।

"आफ्नो हात जाँदा मात्र उसको हात पनि आउँछ" भने जस्तै आफूले अरूप्रति राम्रो चेतना (भावना) राखेमा मात्र अरूले पनि आफूप्रति राम्रो चेतना राख्ने हुन्छ। यो त मानवीय स्वभाव नै हो। आफूले नै अरूप्रति बिना सित्तैमा त्यसै त्यसै बस्दाबस्दै दाह र ईर्ष्या राखिरहन्छ भने अरूले पनि आफूलाई स्नेह गर्ने, मित्रता राख्ने, गौरब गर्ने, मेल मिलाप राख्ने चाहना गर्ने छैनन्।

त्यसकारण यस्तो दाह र ईर्ष्याचित्त भएको व्यक्तिमा यसै जीवनमा समेत आफूलाई घेरेर बस्ने राम्रा मित्रहरू, साथी भाइहरू, चेलाचेलीहरू, धेरै हुन सजिलो छैन।

यसलाई दृष्टि दिएर पनि "ईर्ष्यालु व्यक्तिहरू मरेर फेरि मानिस भएर जन्मेतापनि भाग्य यश परिवार नभएको

Downloaded from http://dhamma.digital/

हुन सक्छ" भनी भगवान् बुद्धको वचन सहो भएको तथ्यलाई पाठकवृन्दहरूले अनुमान गरी जान्न सकिनेछ ।

## राजाको दानमाथि ईर्ष्या गर्ने

ईर्ष्याचित्तलाई पालिराख्ने व्यक्तिहरूमा यसै जीवनमा नै ऐश्वर्य, वैभव, मान, पदवी र यश परिवार बिलीन भएर गएको कथावस्तु ओडिहालौं ।

एक समय भगवान् बुद्ध ५०० भिक्षुहरूसँग देश चारिका गर्नुहुँदै पुनः श्रावस्ती नगरमा फिर्नुभयो ।

त्यसबेला नागरिकहरू र राजा कोशलले बुद्धप्रमुख भिक्षुसंघहरूलाई आगन्तुक भोजन प्रतिस्पर्धात्मक रूपमा दान प्रदान गरिरहेका थिए । कहिलेकाहीं नागरिकहरूको जित हुन्थ्यो र कहिलेकाहीं राजाको, यसरी अदला बदली भइरहे । अन्तिम राजाको पालामा नागरिकहरूलाई जित्न सक्ने गरी के गर्नुपर्ला भनी राजाले सोच्न सकेको थिएन ।

त्यसलाई कारण गरी मल्लिका महारानीले असदिस दानको व्यवस्था मिलाइन् । असदिस दान भनेको अरूले दाँजेर दाँज्न नहुने दान भन्ने मतलब हो । यस प्रकारको दान एक एक भगवान् बुद्धको पालामा एकैचोटि मात्र प्रादुर्भाव हुने भएको छ ।

सर्वप्रथम ५०० भिक्षुसंघहरू बस्ने श्रीखण्डको मण्डप राजपटांगिनीभित्र बनाउन लगाइयो । ५०० वटा स्वेतछत्र

Downloaded from http://dhamma.digital/

बनाइयो। ५०० शुद्ध कन्या राजकुमारीहरू र ५०० हात्तीहरू छानिराख्यो। एक एक जना भिक्षुको लागि एक एकवटा ठाउँ अलग्ग व्यवस्था गरिराख्यो।

दान उत्सवको दिनमा एक एकजना भिक्षुको पछाडि एक एकवटा हात्तीले सुँडले स्वेतछत्र समाती स्वेतछत्र ओढाई थचक्क बसिरह्यो।

दुई दुईजना भिक्षुहरूको माझ माझमा शुद्धकन्या राजकुमारी दुई दुईजनाले आदर पूर्वक ठाउँ लिइरहिन्। एउटीले श्रीखण्ड घोट्नु पर्थ्यो। बाँकी एउटीले दुईजना भिक्षुलाई पंखाहम्काई रहनु पर्थ्यो।

मण्डपको माझमा सुवर्णडुंगा (८/६) वटा सजाइ राखेको थियो। कुनै कुनै शुद्धकन्या राजकुमारीहरूले घोटिसकेका श्रीखण्डहरू ल्याई सुवर्णडुंगामा हाल्नु पर्थ्यो। कुनै शुद्धकन्या राजकुमारीहरूले डुंगामा रहेको श्रीखण्ड जललाई पद्म पुष्पले फेरि त्यसमा डुबाई मण्डपभित्र सबै ठाउँमा छर्कि-दिनु पर्थ्यो।

दान उत्सवमा भाग लिन आएका अतिथि परिषद्हरूले मण्डप बाहिर घेरा लगाई ठाउँ लिनु पर्थ्यो।

स्वेतछत्र धारण गर्ने ५०० हात्तीहरूमध्ये आयुष्मान् अंगुलिमाललाई स्वेतछत्र धारण गर्नुपर्ने एउटा हात्तीमात्र जंगली हात्ती थियो। अरू बाँकी हात्तीहरू जम्मै शिक्षित थिए।

Downloaded from http://dhamma.digital/

स्थविर पनि गृहस्थी अवस्थामा प्रचण्ड मान्छे । हात्ती पनि जंगली भन्दा दान उत्सवमा आएका परिषद्हरूले आयुष्मान् अंगुलिमाल र जंगली हात्ती प्रति बढी दिलचस्पी लिइरहेका थिए ।

स्थविरको प्रभाव शक्तिले नै जंगली हात्तीलाई अभि-भूत गर्न सक्ने हो कि जंगली हात्तीले नै उपद्रव मच्चाउने हो भनी बिचार गरिरहेको जस्तो देखिन्छ तर स्थबिरको प्रभाव शक्तिले जंगली हात्ती अरू शिक्षित हात्तीहरू भन्दा पनि बढी ज्ञानी भई कान समेत नचलाई शान्त भइरह्यो ।

नागरिकहरूले सर-सामानको क्षेत्रमा राजालाई माथ गरेर दान गर्न सकिएता पनि ५०० हात्ती र ५०० शुद्धकन्या राजकुमारीहरू कहाँ पाउन सकिने हो र ? त्यस कारण यो दान उत्सवमा नागरिकहरूले राजा कोशललाई माथ गर्न सकेनन् । दाँजोमा आउन नसकी हार मान्नु पऱ्यो ।

यो असदिस दान उत्सवमा राजा कोशलले एकै दिनमा १४ करोड कार्षापण खर्च गरी दान प्रदान गरेको थियो । भगवान् बुद्धलाई दिएको स्वेतछत्र दान, पल्लक, पात्रको पिङ्को, पाउदानीहरू अनर्घ मूल्यवान थियो रे ।

तर उपदेश गर्नु भएको बेलामा भगवान् बुद्धले दानलाई सुहाउने गरी भव्य रूपमा अनुमोदन उपदेश नगरी एउटा गाथा जति मात्र उपदेश गरी बिहार फर्कनु भयो ।

Downloaded from http://dhamma.digital/

राजा कोशल निकै मन खिसिक्क पारी विहारतिर पछिलाग्यो। भगवान् बुद्धसंग लामो उपदेश दिनु नभएको कारण निवेदन गऱ्यो।

भगवान् बुद्धले "महाराजको काल मन्त्रीमा महाराजको दान प्रति ईर्ष्या भइरहेको छ। लामो उपदेश गरेमा काल मन्त्रीको टाउको ७ टुक्रा भइ मर्नेछ। त्यस कारण भव्य रूपमा उपदेश नगरेको हो" भनि स्पष्ट पारी बताइ दिनुभयो।

यो असदिस दान उत्सवमा काल मन्त्री र जुण्ह मन्त्रीहरूमा भिन्ना भिन्नै चिन्तन मनन भइरहेको थियो।

काल मन्त्रीले "हेर त, यो मूर्ख राजाले एकै दिनमा १४ करोड कार्षापण खर्च गरी दान गरेकोमा उसका भिक्षु श्रमणहरू पेट फुल्ने गरी सुस्वादिष्ट खानाहरू खाई बिहार पुग्दा कुहिने गरी सुतीरहनेछन्। यो मूर्ख राजाले चीज बस्तुहरू बेकारमा नास गरीरहेको छ" भनि बिचार गरी ईर्ष्या गरिरहेको थियो।

जुण्ह मन्त्री भने "यो राजा कत्तिको असल छ; एकै दिनमा १४ करोड कार्षापण सम्म खर्च गरी दान प्रदान गर्न सक्ने रहेछ। यो दान पुण्य समभागमा बाँडी दिंदा हामीले पनि साधु अनुमोदन गर्न पाइने भो" भनी विचार गरी प्रसन्न भइरह्यो।

भगवान् बुद्धको कुरा सुनेर कोशल राजाले काल मन्त्रीलाई बोलाएर सोध्यो। कालले पनि दाह र ईर्ष्या गर्न लागेको कारणलाई सही रूपमा स्वीकारी बताइदियो। तसर्थ

Downloaded from http://dhamma.digital/

कोशल राजाले काल मन्त्री सहित उसका सबै परिवारलाई देश निकाला गरिदियो।

यसरी काल मन्त्री देश निकाला गराउने गरी स्थान मान पदवी यश परिवार विहीन हुनु परेको के को कारणले हो त भन्दा राजाको दान प्रति ईर्ष्या चित्त राखेको अकुशल कर्मको कारणले नै हो।

## ईर्ष्या विहीन चित्तले स्वर्ग गमन

अरूहरू सुख समृद्ध भई वैभवशाली भएको देखेर प्रसन्न प्रमुदित हुनु विना पैसा खर्चले कुशल पुण्य पाउनु हो।

यो प्रसन्न प्रमुदित चित्त ब्रह्मचर्य चार धर्महरूमध्येमा "मुदिता नामक सुखित सत्त्वलाई आरम्मण गरी उब्जने प्रमुदित चित्त" सित स्वभावगत रूपमा एकसमान छ।

मुदिता धर्म भाविता गर्ने ब्यक्तिले कमसेकम मनुष्य र दिब्य सुख पाउन सकिन्छ। ध्यान लाभ हुने सम्म मुदिता धर्म भाविता गर्न सकेको खण्डमा ब्रह्मा समेत हुन सकिन्छ।

त्यसकारण अरूहरू सुख समृद्ध भई वैभवशाली भएकोलाई प्रसन्न प्रमुदित हुनु पनि दिब्यलोक पुगिने राम्रो कारण धर्म हो भनी सम्झनु पर्दछ। यस प्रकारको चित्तलाई पनि बढीसे बढी भाविता गर्न सक्ना खातिर प्रयत्न र उद्योग गर्नु उचित छ।

## जीवनमा नै दृष्टान्तको रूपमा राम्रो प्रतिफल

प्रमुदित हुने मनोवृत्ति पालिराख्ने ब्यक्तिहरूले यसै जीवनमा नै दृष्टान्तरूपमा सुपरिणाम भोग्न पाइन्छ।

Downloaded from http://dhamma.digital/

अघि भनिसकेको कोशल नरेशको असदृश दान उत्सवमा प्रमुदित चित्त राख्ने जुण्ह मन्त्रीको मनोविचारलाई भगवान् बुद्धले फेरी आज्ञाहुनु भएकोले राजालाई थाहा भयो। त्यसबेला राजाले जुण्ह मन्त्रीलाई ७ दिन सम्म महादान दिन लगायो। जुण्हलाई राज सुख वैभव पनि ७ दिन सम्म समर्पण गरियो।

यो जुण्ह मन्त्रीले राज सुख वैभव अनुभव गर्न पाउनु राजाको दान प्रति प्रसन्न चित्त राखेको राम्रो कुशल कर्मको कारणले नै हो।

चौथो प्रश्न उत्तरसित सम्बन्धित विषयत यत्तिकै ले पुगिसक्यो जस्तो छ। योसित संबद्ध संक्षिप्त स्मरणिका कविता भनिहालौं।

प्रश्न–

कोही कोही छन् भाग्यशाली–कोही छन् स्वल्प भाग्यवान्।
यसो हुनाको के कारण – जान्न चाहन्छु विभेदले॥

उत्तर– ईर्ष्यालु मरणान्तमा – अपाय पतन सुनिश्चित।
भएमा मनुष्य यशहीन – होइन्छ निष्प्रभ पनि॥
मरणान्तमा ईर्ष्यामुक्त – पुगिन्छ दिव्यलोकमा।
भएमा मनुष्य तेजस्वी–होइन्छ यशस्वी भाग्यवान्॥

यो कुरा सम्झी राख्नु उचित छ।

***

Downloaded from http://dhamma.digital/

# पाँचौं प्रश्न र उत्तर

भो भगवान्, कुनै कुनै ब्यक्तिहरू वैभव सम्पत्ति अल्प भएका हुन्छन् । कुनै कुनै ब्यक्तिहरू भने महान वैभव सम्पत्ति भएका हुन्छन् । मनुष्यको रूपमा एक समान भएर पनि यसरी "वैभव सम्पत्ति अल्प बढी" विभेद भइरहनुको कारण के हो ?

शुभ ब्राह्मण, यो संसारमा चाहे पुरुष होस् वा महिला कुनै कुनै ब्यक्तिहरूले श्रमण भिक्षुसंघ दाक्षिणय्य ब्यक्तिहरूलाई "भोजन, पान, रस, वस्त्र, यान, पुष्प, धूप, चन्दन, शयनासन, विहार, प्रदीप" आदि दान प्रदान गर्दैनन् ।

यसरी दान प्रदान नगर्नु मिथ्याकर्म हो । यस्ता ब्यक्तिहरू मरण भएमा सुख विहीन, दुर्गति विनिपातिक (जथाभावी पतन हुने) भई नरकमा पुगिन्छ ।

केही भएर अपायमा पतन नभएता पनि फेरि मनुष्य जन्म लिदा वैभव सम्पत्ति अल्प हुन्छ । यसरी दान प्रदान नगरी रहनु वैभव सम्पत्ति अल्प पारिने नराम्रो अभद्र आचरण हो ।

शुभ ब्राह्मण, यो संसारमा चाहे पुरुष होस् वा महिला कुनै कुनै ब्यक्तिहरूले भिक्षु श्रमणसंघ दाक्षिणेय्य

Downloaded from http://dhamma.digital/

व्यक्तिहरूलाई "अन्न, पान, वस्त्र, यान, पुष्प, धूप, चन्दन, शयनासन, विहार, प्रदीप' आदि दान प्रदान गर्दछन् ।

यसरी दान प्रदान गर्नु राम्रो कुशल कर्म हो । यस्ता व्यक्तिहरू मरण भएमा सुगति स्वर्गलोकमा पुगिन्छ ।

केही गरेर दिव्यलोकमा नपुगेता पनि फेरि मनुष्य भएर जन्म लिदा वभव सम्पत्ति बढी हुन्छ । यसरी दान प्रदान गर्नु वैभव सम्पत्ति वृद्धि गराउने कारण राम्रो भद्र आचरण नै हो ।

अहिले उल्लेख गरिएको पाँचौं प्रश्न र उत्तरको अभिप्राय कथन हो ।

## नदिएमा नरक पतन

दान प्रदान नगर्ने व्यक्तिहरू मरण भएमा नरक पतन हुन्छन् भन्ने कुरासंग सम्बन्धित स्यानो कथावस्तु जोडीहालौं ।

बुद्धकालीन अवस्थामा श्रावस्ती नगरमा महाधनी प्रशस्त धन धान्य भएको आगन्तुक नाउँको एउटा सेठ साहू थियो । उनी महाधनी साहू भएपनि त्यो वैभव सम्पत्ति आफूले पनि उपभोग गर्दैनथ्यो । अरूहरूलाई पनि दान प्रदान गर्दैनथ्यो ।

उनले राम्रो स्वादिष्ट प्रणीत खाद्य भोज्य भए पनि न खाई उछिनेको चामल र गुन्द्रुकको झोल मात्र खान्थ्यो ।

Downloaded from http://dhamma.digital/

सबभन्दा राम्रो कोमल मुलायम लुगा फाटाहरू भएपनि नलगाई बाक्लो खस्रो कोराको बस्त्र मात्र लगाउँथ्यो। आजानेय्य राम्रा असल जातका घोडाहरू जोतेको सुबर्ण जडित मंगलरथ भएपनि नचढी छुत्रो एक्कामा चढी हिंड्थ्यो। छाता लगाउन स्वर्णछत्र भएपनि नलगाई घाँसपातको छत्रमात्र लगाउँथ्यो।

"आगन्तुक" भनेको आफ्नो भाषामा "पाहुना" हो। उसको नाउँ र उसको रहन् सहन् एकदम ठ्याम्म मिलेको छ। सेठ साहू भइरहे पनि केही पनि समुचित रूपमा नखाई नलगाई केही क्षणको लागि घुम्न चहार्न आएको पाहुना जस्तै नै हो।

उसले मरणान्त सम्म केही पनि कुशल कर्म गरेर गएन। उसको अंशोयारी छोरा छोरी पनि छैनन्। तसर्थ त्यसको मरणपछि उसको सारा सम्पत्ति राजाको सम्पत्तिको रूपमा जफत गराइयो। उसको सम्पत्ति राजदरबारतिर ७ दिन ७ रात सम्म ओसारी रहनुपरेको थियो।

उनी चाहिं कहाँ जन्म लिन पुग्यो भन्दा रौरव–नरकमा पुग्न गयो। यो नरक "नरकाग्निले सासना गरेकोले आगोले पोलेका नारकीय प्राणीहरूको आर्तनाद शब्दले कोलाहल मञ्चिरहने नरक" भन्ने अभिप्राय भएको हो।

दान प्रदान नगरी बसेर आएको आगन्तुक सेठ त्यस नरकमा जानु पऱ्यो। त्यस कारण यो सेठ साहू जस्तो नहुन सचेत हुनु पर्दछ।

Downloaded from http://dhamma.digital/

# सेठ अवतारी गरीब

दान प्रदान नगर्ने व्यक्तिहरू मरणपछि फेरि मानिस हुन आउँदा धन सम्पत्ति विहीन भई गरीब भएर बस्नुपर्दछ भन्ने कथन सम्बन्धी स्यानो कथावस्तु जोडिहालौं ।

भगवान् बुद्धको पालामा श्रावस्ती नगरमा अस्सी करोड सम्पत्तिको धनी अति कंजूस आनन्द नामक एउटा सेठ साहू थियो ।

उसले आफ्नो छोरा मूलश्रीलाई समेत आफ्नो अधीनस्थ सम्पत्ति कति छ भनी पूर्णरूपमा भनिराखेको थिएन । छोरो-चाहिलाई जानकारी नै नदिइकन पाँचवटा सुवर्ण घैंटाहरू गोप्य रूपमा गाडिराखेको थियो ।

उनले महिनैपिच्छे पन्द्रह पन्द्रह दिनको एक एक पल्ट ज्ञाती बन्धुहरूलाई जम्मा पार्दथ्यो । दान प्रदान नगर्न आफ्नो छोरालाई ज्ञातीबन्धुहरू समक्ष अनुशासन गर्ने प्रेरणा दिने बानी गरेको थियो ।

त्यसरी दान प्रदान नगरी बसेर आएको आनन्द सेठ मर्दा श्रावस्ती नगरको ढोका नजिकको चाण्डाल पोडे गाउँमा जन्म लिनगयो । त्यस युगमा कोरा कोरा काम गर्ने कामदार-हरूलाई चाण्डाल पोडे भनिन्थ्यो ।

त्यस गाउँमा एक हजार घर थियो । अघि अघि ग्रामीण जनताहरूका कामकाज सहज सुलभ थियो ।

Downloaded from http://dhamma.digital/

तै पनि आनन्द सेठको अवतारी बच्चाले प्रतिसन्धि ग्रहण गरेको समयदेखि ग्रामीणहरूको कामकाज सहज सुलभ सजिलो भएन।

तसर्थ तिनीहरूले "यो गाउँ भित्र दुष्ट अलच्छिन कोही न कोही आइहाल्यो" भन्दै गाउँलाई ५००/५०० घर छुटयाई दुई भागमा बाँडिदिए।

त्यस अवस्थामा आनन्द सेठको अवतारी बच्चा भएको बिभाजित गाउँमा कामकाज नराम्रो भई, त्यो नभएको अर्को भागमा कामकाज हर्र कर्र भएर आयो।

त्यसले गर्दा २५०/२५० घर आदि गरी भाग लगाउँदा पनि सेठ अवतारी बच्चा भएको भागमा मात्र कामकाज अप्ठेरो पर्न गयो। यस्तै गरी लगातार भाग लगाउँदै जाँदा अन्त्यमा उसको आमा बाबुको एउटै घरमात्र बाँकीरहन गयो।

त्यसबेला उनिहरूको एउटै घरमात्रको कामकाज अप्ठेरो परेको देखनमा आयो। त्यसकारण घरको मालिकले "यी आइमाईले पेट बोकेदेखि सबै ठाउँमा कामकाज गर्न अप्ठेरो पर्न गयो। जन्मने बच्चा अलच्छिन दुष्ट हुनु पर्छ" भनी आफ्नी स्वास्नी गर्भवतीलाई घरबाट निकाली दियो।

ती आइमाईले दुःख कष्ट साथ जीवन निर्वाह गरी जन्माउने बेला भएपछि बालक पुत्र जन्माइन्। त्यो बालक आँखा, कान, नाक, हात, खुट्टा आदि शारीरिक अंगहरू हुनु पर्ने ठाउँमा नभएकोले राक्षस, पिशाच जस्तो देखिन्थ्यो। अति

Downloaded from http://dhamma.digital/

नै कुरूप थियो ता पनि आफ्नै छोरो हुँदा आमा चाँहिले कहाँ छाड्न सकिन्थिन् र ?

तो आइमाईले बच्चासंग जाँदा खोजिनीति गर्दा पनि केही पाउँदैनथिन् । तसर्थ बच्चालाई घरमा छाडेर मात्रै खोज-खाज गर्न जान पर्थ्यो । यसरी दुःख कष्टका साथ पालन पोषण गर्दा गर्दै बच्चा आफैले आफ्नो पेट पाल्न सक्ने उमेरमा पुग्न थाल्यो ।

त्यसबेला मात्र आमाचाहिले नछोडि नहुने बाध्यतामा परी छोरो बालकलाई छोडिदिनु पर्‍यो। स्यानो एउटा भाँडो समाउन लगाई मागेर खान पठाइदिनु पर्‍यो । भाँडो पनि राम्रो होइन; फुटेको माटोको चुट्ठो भाँडो रे !

त्यो बच्चा एकदिन शहरमा घुमी माग्दामाग्दै उही आनन्द सेठको जन्ममा बसेर आएको घर दैलोमा पुग्न गयो । आफ्नो घर भनी जवर्जस्ती त्यहाँ पस्न लाग्यो । पहिलो, दोस्रो र तेस्रो द्वार नाघी चौथो द्वारसम्म पुग्न गयो । त्यसको छेउछाउमा मूलश्री सेठका छोराछोरीहरू खेलिरहेका थिए ।

ती बालबच्चाहरू कुरूप भिखारी केटोलाई अचानक देखेर तर्सी चिच्याएर रुनथाले ।

त्यसले गर्दा ठूला मानिसहरू आइपुगी "अलच्छिन् दुष्ट" भनी केटोलाई कुटाकुट गरे । कुटाई पिटाईले गर्दा बेहोश परेको स्यानो भिखारीलाई धुलो फ्याँक्ने ठाउँमा फालिराखे ।

Downloaded from http://dhamma.digital/

त्यस अवस्थामा भगवान् बुद्ध त्यहाँ आइपुग्नु भयो । मूलश्री सेठलाई बोलाउनुभई त्यो केटो पहिलेको आनन्द सेठ अवतारी भएको कुरा बताउनु भयो । पहिले त मूलश्रीले भगनान् बुद्धको कुरा पत्याएन । त्यसो हुँदा आनन्द सेठको जन्ममा गाडिराखेको सुवर्ण घडाहरू देखाउन केटोलाई भगवान् बुद्धले आज्ञा दिनु भयो । सुवर्ण घडाहरू देखेपछि मात्र मूलश्रीले पनि पत्यायो ।

यो आनन्द सेठको घटनालाई हेरेमा दान प्रदान नगर्ने व्यक्तिहरू मर्दा अपाय दुर्गतिमा पतन नभएता पनि फेरि मनुष्य हुनपुग्दा दुःखी र दरिद्र हुन जान्छ । आफूमात्रै दुःखी दरिद्र हुने होइन आफ्नो परिवारलाई समेत दुःखी बनाइनसक्छ भन्ने कुरा देखनमा आउँछ ।

त्यति मात्र नभई भिखारी बालक अवतारी आनन्द सेठ रहेको तथ्य भगवान् बुद्ध स्वयंले निराकरण गरिदिनु भएको थाहा पाउनाले पुनर्जन्म छ छैन भन्ने समस्या पनि आफसेआफ समाधान हुन जान्छ ।

## मानिस पुग्नुभन्दा अगावै विमानोत्पत्ति

दान प्रदान गर्ने व्यक्तिहरू मर्दा धेरै जसो दिव्यलोकमा पुग्दछन् । कुनै कुनै दाताहरू मर्नु अगावै देवलोकमा आफ्ना आफ्ना निमित्त दिव्य विमान अघिदेखि नै उत्पन्न भएका हुन्छन् ।

Downloaded from http://dhamma.digital/

भगवान् बुद्धको पालामा वाराणसी नगरमा नन्दिय नाउँको एकजना श्रेष्ठिपुत्र थियो । उनी श्रद्धाधर्मले सम्पन्न, आमा बाबुका पालैदेखि सघर्षहरूलाई आधार बनाई सेवा गरेर आएको व्यक्ति थियो । आमा-बाबुहरूले बिवाह गरिदिएकी गृहिणी महिलालाई स्वीकार गर्दा पनि आफ्नो गुरु आचार्य श्रमण संघहरूलाई आदर गौरवका साथ सेवा टहल गर्नेछु भनी बचनबद्ध गराइसके पछि मात्र स्वीकारेको थियो ।

आमा बाबुहरू बितिसकेर आफू स्वयं गृह स्वामी भएर आएको बेलामा पनि महादान दिने गर्थ्यो । श्रमण संघहरूलाई भौजन दान गर्थ्यो । अनाथ दुःखी दरिद्रहरूलाई पनि सधैंभरी अन्न पदार्थ दिने बानी छ ।

त्यतिमात्र नभई मृगदावन क्षेत्रमा चारवटा प्राँगण द्वार भएका चारवटा बिलडिंगहरू जोडिएका महाविहार निर्माण गरी बुद्धप्रमुख भिक्षुसंघहरूलाई दान दिएको थियो । भगवान् बुद्धको हातमा जल तर्पण गरी पुण्य अनुमोदन गर्ने बित्तिकै त्रयस्त्रिशत् देवलोकमा उसको निमित्त दिब्यविमान प्रादुर्भाव हुन थालिसकेको थियो रे !

त्यो विमान पूर्ब, पश्चिम, दक्षिण र उत्तर १२ योजन विस्तृत भई १०० योजन अग्लो थियो । सप्तरत्नले भरिपूर्ण दिव्यविमान । यो तथ्य नन्दिय सेंठले त चाल पाएको थिएन ।

एक दिन आयुष्मान् महामौद्गल्यायनले त्रयस्त्रिशत् देवलोकमा जानुभई नन्दियको विमाननिर उभिरहनुहँदा

Downloaded from http://dhamma.digital/

दर्शनार्थ देवताहरू आइपुगे। आयुष्मान् महामौद्गल्यायनले नयाँ विमानको विषय सोधपुछ गर्नुहुँदा देवताहरूले मृगदावन विहार दाता नन्दिय सेंठको निमित्त अघि देखि नै उब्जन लागिरहेको विषय निवेदन गरे ।

त्यस अवस्थामा नन्दियका परिचारिका हुने देव-अप्सराहरु पनि विमानबाट ओर्लेर आई आयुष्मान् महामौ-द्गल्यायनलाई आदरका साथ अभिवादन गरिन्। नन्दिय सेंठ कहाँ कथा उपहार पठाइन् ।

भन्ते, हामीहरू नन्दिय स्वामीका परिचारिकाहरू हौं । नन्दिय स्वामीलाई पर्खिरहनाले अबेर हुन लागि उद्विग्न पर्न-लागेका छौं । माटोको भाँडो फुटाली सुनको भाँडो लिए फैं मनुष्य-ऐश्वर्य त्यागी दिव्य-ऐश्वर्य ग्रहण गर्न यथाशक्य चाँडो देवलोक आउनु हुन सम्झना दिइ पठाएको कुरा तपाईं आयुष्मान् फिर्ति हुने बेलामा स्वामी नन्दियलाई भनिदिनु होला भनी देव-अप्सराहरूले एक स्वरमा प्रार्थना गरे ।

आयुष्मान् महामौद्गल्यायन पनि मनुष्य लोकमा फिर्तिसक्नु हुंदा भगवान् बुद्ध समक्ष उपस्थित हुनु भई "भो भगवन्, मनुष्यलोकमा कुशलकर्मीको लागि मर्नु अगावै उसको निमित्त देवलोकमा भूमिविमान प्रादुर्भाव भइरहन्छ कि भन्ते ?" भनी निवेदन गऱ्यो ।

त्यसबेला भगवन् बुद्धले " प्रियपुत्र मौद्गल्यायन, नन्दिय सेंठको लागि प्रादुर्भाव भइरहेको दिव्य -ऐश्वर्य त्रय-

Downloaded from http://dhamma.digital/

त्रिशत् देवलोकमा तिमी आफैले देखिसकेकै छौ। किन मसित फेरि सोधिरहेको ? भनी आज्ञा गर्नु भयो।

त्यसकारण दान प्रदान गर्ने दाताहरू मर्दा दिव्यलोकमा पुगिन्छ। मर्नु अगावै नै भूमिविमानहरू पनि प्रादुर्भाव भइरहन सकिन्छ भन्नेलाई सम्झना राखी यथाशक्य दान दान प्रदान गर्नु नै उचित हो।

## फेरि मनुष्य भइ जन्मँदा इच्छित लाभ

दान प्रदान गर्ने दाताहरूको मरण पछि उनीहरू दिब्य लोकमा नपुगेता पनि फेरि मनुष्य हुन पुग्दा धन सम्पत्तिले युक्त भएका हुन्छन्। इच्छा गरेको कुरा दुर्लभ नभई सुलभ हुन सक्छ।

राजगृह नगरमा महासेन नाउँको एकजना ब्राह्मण थियो। उनी आयुष्मान् सारिपुत्रको बाबु वङ्कन्त ब्राह्मणको साथी थियो। आयुष्मान् सारिपुत्रलाई पनि औरसपुत्रकै रूपमा हृदयंगम गरिराखेको जस्तो देखिन्छ।

एक दिन आयुष्मान् सारिपुत्र महास्थविर भिक्षाचरण गर्दै उसको दैलोनिर आइपुग्नुभो। उसमाथि दया लागि संग्रह गर्न आइपुग्नुभएको हो।

तै पनि बिचरा ब्राह्मण धन सम्पत्ति विनाश भई दुःखी दरिद्र भइरहेको बेलामा परेकोले केही पनि दान गर्न योग्य वस्तु नभएकोले आयुष्मान् सारिपुत्रसित भेटघाट नगरी छलेर बसिरह्यो।

Downloaded from http://dhamma.digital/

आयुष्मान् सारिपुत्र फेरि अर्को दिन पनि सरासर आइपुग्नु भो । उनले पनि भेटघाट नगरी छलेर लुकेर नै बसिरह्यो । आफ्नै छोरो जस्तो आफूले ठानिराखेको आयुष्मान्–लाई केही पनि दिने चीज नभएर मन खुसुक्क पारी लुकेर बसेको हो ।

एक दिन आफ्नो निमित्त लाभ भएर आएको खस्रो एउटा टुक्रा कपडा र एक छाक क्षीर भोजन आयुष्मान्लाई दान गर्न आशा राखी पर्खिरह्यो ।

ध्यान समापत्तिबाट भरखर उठेर आउनु भएको आयुष्मान् सारिपुत्रले पनि ब्राह्मणको मनोविचार थाहा पाई उसलाई संग्रह गर्न आइपुग्नु भो ।

महासेन ब्राह्मणले पनि खस्रो कपडा र एक छाक क्षीर भोजन आयुष्मान्लाई जम्मै अर्पण गरी दान दिइपठायो । यस कुशल कर्मको कारणले आयुष्मान्हरूले अवबोध गरिने धर्म अवबोध गर्न पाइयोस् भनेर पनि प्रार्थना गऱ्यो ।

त्यो महासेन ब्राह्मण मरण हुँदा श्रावस्ती नगरमा आयुष्मान् सारिपुत्रको उपस्थापक कुलमा उत्पन्न हुन पुग्यो ।

उसकी आमामा प्रतिसन्धि ग्रहण समयदेखि राम्रो र उत्तम दौहृद लाग्न थाल्यो । त्यो दौहृद के भने– आयुष्मान् सारिपुत्र प्रमुख ५०० भिक्षुसंघलाई क्षीर भोजन दान प्रदान गर्ने इच्छा थियो । संघहरूद्वारा सेवित बाँकी क्षीरभोजन उनी आफैले योगीवस्त्र धारण गरी सेवन गर्ने इच्छा थियो ।

Downloaded from http://dhamma.digital/

त्यसैले उनका ज्ञातिबन्धुहरूले आयुष्मान् सारिपुत्र प्रमुख संघलाई क्षीर भोजन दान प्रदान गरी भावी मातामा लागेको दौहृद शान्त हुने गरी ब्यबस्था गरिदिए।

त्यस महिलाले नौ महिना बितेर दश महिना आइ–पुग्दा बालक पुत्र जन्माइन्। बालकको न्वारण मंगल दिवस-मा आयुष्मान् सारिपुत्र प्रमुख संघहरूलाई क्षीरभोजन दान–प्रदान गरे। स्यानो बालकलाई पनि नुहाइ धुवाइ गरेर एक लाख मूल्य भएको कम्बलासनमा सुताइराखे।

त्यस बालकले आयुष्मान् सारिपुत्रलाई देख्दा यो मेरै आचार्य हो; मेरो आचार्यको कारणले गर्दा यो श्रीसम्पत्ति मैले पाएको हो; मेरो आचार्यलाई यो कम्बलासन दान गर्नुपर्‍यो भन्ने बिचार आयो। त्यसकारण आफ्नो पिठ्युँमुनिको कम्बला-सनलाई आफ्ना औंलाहरूले बिस्तारै बिस्तारै तानी तानी गुट-मुटयाएर ल्यायो। ठूलाठालूहरूले बालकको हातसित कम्बला-सन अल्झेको ठानी झिकिदिन कोशिश गर्दा बालक रुन्थ्यो।

त्यसैले कम्बलको साथै बालकलाई आयुष्मान् सारि-पुत्रको पादचरणमा उपसंक्रमण गरी राखिदिए। त्यसबेला बालकले हातको कम्बल आफ्नो पुरानो आचार्यलाई दान गरे जस्तो गरी छोडिदियो।

त्यस अवस्थामा मात्र ठूला बडाहरूले पनि बालकको छन्द (चाहना) बुझ्न लागे। बालकलाई पनि आयुष्मान् सारिपुत्रको गृहस्थी अवस्थाको उपतिस्स नाउँलाई कारण गरी "तिस्स" भनी नामकरण गरिदिए।

Downloaded from http://dhamma.digital/

तिस्स ७–वर्षको उमेरमा पुग्न लाग्दा उसको छन्द अनुरूप आमा-बाबुहरूले आयुष्मान् सारिपुत्र समक्ष विशाल र भव्यरूपमा श्रामणेर प्रव्रज्या गरिदिए। भगवान् बुद्ध प्रमुख संघहरूलाई पानी नमिसाएको क्षीर भोजन मात्र ७–दिन सम्म लगातार दान प्रदान गरे।

८ औं दिनमा श्रमण तिस्स भिक्षाटन गर्न निस्क्यो। नागारिकहरूले स्यानो श्रमणलाई भोजन पात्र ५०० सँगै भिक्षा-पात्रको पाउदानीको रूपमा ५०० वस्त्र समेत दान प्रदान गरे।

अर्को दिनमा त दाताहरूले भोजनपात्र ५०० साथै ५०० वस्त्र विहार नजिकसम्म आएर दान प्रदान गरे। २–दिनमा भोजनपात्र १००० र एक हजार वस्त्र लाभ भयो। यी जम्मैलाई पनि श्रामणेर तिस्सले संघहरूलाई दान गरि दिए।

एक समय चिसो परिरहेको एक दिनमा सातवर्षीय स्यानो श्रामणेर तिस्स कम्बलको ओढनी आवश्यक परि–रहेका एक हजार संघ समूहलाई आफू अगुवा भई निमन्त्रण गरेर कम्बलको ओढनी दान लिन निस्कनुभयो। शहर पुग्नु भन्दा अगावै ५०० ओढनी लाभ भयो। शहर पुग्दा अर्को ५०० ओढनी पनि लाभ भयो।

यसरी दान प्रदान गर्ने व्यक्तिहरू बढी भई आगन्तुक पाहुनाहरूको आवागमन बढी भएकोले श्रामणेर तिस्समा त्यस शहरमा बस्ने पनि उद्विग्न लागेर आयो। तसर्थ भगवान् बुद्ध–

Downloaded from http://dhamma.digital/

समक्ष कर्मस्थान प्रार्थना गरी एउटा वनाश्रममा गई वर्षावास बसेर भावनाधर्म कार्य निरन्तर उद्योग र अभ्यास गर्न लाग्दा ७ वटै वर्षमा नै अरहन्त हुनुभयो ।

यो आयुष्मान् तिस्सले ज्ञातिबन्धुहरू पनि सुखी समृद्ध हुनु; दान दाताहरू पनि प्रशस्त रूपमा भई चाहेको चीज-वस्तु दुर्लभ नभई लाभ गर्न सक्नु के को कारणले हो भन्दा महासेन ब्राह्मणको जीवनमा दान प्रदान गरेर आएकोले नै हो।

पाँचौ प्रश्न उत्तरको सम्बन्धमा कुरा गर्दै आएको निकै बढी भइसक्यो । संक्षिप्त स्मरणिका कबिताहरू भन्दै अन्ततिर जाऔं ।

प्रश्नः– कुनै व्यक्ति गरीव छन्– कुनै त छन् सुखी धनी ।
यसो हुनाको के कारण – जान्न चाहन्छु विभेदले ।।

उत्तरः– त्यागहीन मरणान्तमा – अपाय पतन सुनिश्चित ।
भएमा मनुष्य धनहीन –दुःख खाल्डोमा परिहाल्छ ।।
दानी व्यक्ति मरणान्तमा – पुगिन्छ दिव्यलोकमा ।
भएमा मनुष्य धनी हुन्छ – सुलभ हुन्छ चाहे जति ।।

यो कुरा सम्झिराख्नु उचित छ ।

***

Downloaded from http://dhamma.digital/

# छैठौं प्रश्न र उत्तर

भो भगवन्, कुनै व्यक्तिहरू नीचकुलका हुन्छन् । कुनै व्यक्तिहरू उच्चकुलीन । मानिस मानिस बीच समान भएर पनि यसरी "नीचकुल र उच्चकुलीनमा" विभेद हुनुको कारण के होला ?

शुभ ब्राह्मण, यो संसारमा चाहे पुरुष होस् वा महिला कुनै व्यक्ति कडा छन्; अभिमानी छन्; वन्दनीय व्यक्तिलाई पनि अभिवादन गर्दैनन् स्वागतयोग्य व्यक्तिलाई पनि स्वागत गर्दैनन्; आसन दिन योग्य व्यक्तिलाई पनि आसन दिंदैनन्; बाटो छोडिदिनुपर्ने व्यक्तिलाई पनि बाटो दिंदैनन्; आदरणीय व्यक्तिलाई पनि आदर गर्दैनन्; गौरवयोग्य व्यक्तिलाई पनि गौरब राख्दैनन्; माननीय व्यक्तिलाई पनि मान गर्दैनन्; पूजनीय व्यक्तिलाई पनि पूजा गर्दैनन् ।

यसरी उच्च श्रेष्ठ व्यक्तिलाई आदर नगर्नु मिथ्या कर्म हो । यस्ता व्यक्ति मरण हुँदा सुख रहित दुर्गति र जथाभावी पतन हुने नरकमा उत्पन्न हुन जान्छन् ।

केही गरेर नरकमा पतन नभई फेरिपनि मनुष्य भएर जन्मेतापनि नीचकुलमा उत्पन्न हुन जान्छ । यसरी आदर-

Downloaded from http://dhamma.digital/

णीय, पूजनीय व्यक्तिलाई आदर नगर्नु; पूजा नगर्नु हीन नीच कुलमा उत्पन्न गराइने दुराचरण भएर नै हो ।

शुभ ब्राह्मण, यस संसारमा चाहे पुरुष होस् वा महिला कुनै व्यक्तिहरू भने कडा र अभिमानी छैनन्; वन्दनीय व्यक्तिलाई पनि अभिवादन गर्छन्; स्वागत योग्य व्यक्तिलाई पनि स्वागत गर्छन्; आसन दिनयोग्य व्यक्तिलाई पनि आसन दिन्छन्; बाटो छोडिदिनुपर्ने व्यक्तिलाई पनि बाटो दिन्छन्; आदरणीय व्यक्तिलाई पनि आदर गर्छन्; गौरवयोग्य व्यक्तिलाई पनि गौरव राख्छन्; माननीय व्यक्तिलाई पनि मान गर्छन्; पूजनीय व्यक्तिलाई पनि पूजा गर्छन् ।

यसरी उच्च श्रेष्ठ व्यक्तिलाई आदर गर्नु र पूजा गर्नु राम्रो कुशल कर्म हो । यस्तो मनुष्य मरण हुँदा सुगति युक्त स्वर्गलोकमा पुगिन्छ ।

फेरी मनुष्य जन्म लिएमा पनि उच्च पवित्र कुलमा जन्मिन पाइन्छ । यसरी मान अभिमान रहित उच्च श्रेष्ठ व्यक्तिलाई आदर गर्नु; पूजा गर्नु उच्च पवित्र कुलमा उत्पन्न हुने आचरण नै हो ।

अहिले उल्लेख गरेर आएको कुरा छैठौं प्रश्न उत्तरको मुख्य कथन हो ।

## आमा बाबुको अपमानले नरक गमन

आफूभन्दा उमेर, गुण र शिक्षाले माथिका आमा बाबु, गुरु आचार्य, श्रमण संघ आदि व्यक्तिहरूलाई अनादर

Downloaded from http://dhamma.digital/

र अपमान गर्ने व्यक्तिहरूमा सचेतता ल्याउन आमालाई अपमान गर्दा नरक पुगेको श्रेष्ठिपुत्रको घटना उल्लेख गरौं ।

काश्यप सम्यक्सम्बुद्धको पालामा हाम्रा बोधिसत्त्व अतिऋद्धिमान् एउटा वृक्षदेवता भएको थियो । त्यस देवराजले एक समयमा सपरिवार उस्सद नरकतिर भ्रमण गर्न गयो ।

त्यस नरकका नारकीयहरूले टाउको माथि तीक्ष्णधार भएको तलवार चक्र चढाइराखेका थिए । तलवार चक्रले छोसिएकोले रगत बगी अति दुःख भोग्नुपरिरहेका थिए ।

त्यहाँ बोधिसत्त्व देवराजलाई मित्तविन्दक नामक एक नरक भोगीले त्यसरी तलवार चक्र बोकेर दुःख भोगिरहनु परेको कारण सोध्यो । देवराजले, "तिमी अतिलोभी छौ; आमा–बाबुको कुरा मान्दैनौ; आमालाई अपमान गर्छौ; त्यसैले यस्तो दुःख भोगिरहनु परेको हो" भनी जवाफ दियो ।

त्यो मित्तविन्दक बाराणसी नगरमा अस्सी करोड सम्पत्ति भएको सेठपुत्र भई जन्मिएको थियो । उनका आमा बाबुहरू श्रोतापन्न आर्यहरू थिए । तैपनि ऊ भने शीलाचरण विहीन थियो र त्रिरत्नमा पनि गौरव र आस्थाहीन थियो ।

उसको बाबु मरेको अवस्थामा आमा चाहिं गृहस्वामिनी हुन पुगिन् । आमाचाहिले एकलौटे छोरो मित्तविन्दकलाई सभ्य र सुशिक्षित पार्न चाहन्थिन् । अनि मानिस भएको सार बनाउन चाहन्थिन् । तसर्थ आफ्नो छोरालाई दान

Downloaded from http://dhamma.digital/

प्रदान गर्न लगाउँथिन् । शील ग्रहण गर्न लगाउँथिन् । उपोसथव्रत गर्न लगाउँथिन् । उपदेश सुनाउन लगाउँथिन् ।

ऊ भने आमाको कुरा बिल्कुल सुन्दैन थियो। "यी कुराहरू मलाई न सुनाउनु । मर्दा जहाँ पुग्नु पर्ने हो त्यही ठाउँमा पुगोस्" भनी अनादर पूर्वक जवाफ दिने गर्थ्यो ।

आमा चाहिं पनि हरेश खाँदिन थिइन् । एकदिन अनेकौं किसिमले फकाई फुल्याई उनलाई उपोसथ व्रत बस्न लगाइन् । उपोसथ व्रत बसी फर्केर आयो भने एक हजार कार्षापण दिने कुरो भनिन् ।

मित्तविन्दक एक हजार कार्षापण पाउने लोभले विहारमा गयो । शील लिन आए जस्तो गरी उनी एउटा धर्मशालामा गई सुतिरह्यो । उता उसकी आमाले आफ्नो छोरोले रातभर धर्म उपदेश सुनिरह्यो भन्ठानिन् ।

छोरो फर्कँदा एक न एक धर्मदेशक भिक्षु पनि साथमा आउनुहुने छ भन्ठानी उनको लागि आसन तयार पारिराखिन् र यवागु (जावला) पकाई ठीक पारिराखिन् ।

झिसमिसे बिहान मित्तविन्दक एक्लै घर आइपुग्यो । आमाचाहिंले धर्मदेशक भिक्षु साथमा आउनु भएन कि भनी सोधिन् । "तिम्रो उपदेशक भिक्षुसित मेरो के को सरोकार; म त एक हजार कार्षापणमात्र चाहन्छु; चाँडै देउ" उनले भन्यो । यति भनी जवर्जस्ती कबुल गरे अनुसारको कार्षापण माग्न लाग्यो ।

Downloaded from http://dhamma.digital/

एक हजार कार्षापण पाएपछि त्यो पैसाले ब्यापार गर्दा एक लाख बीस हजार कार्षापण लाभ भयो। त्यसपछि ऊ जहाजद्वारा ब्यापार गर्न भनी जान लाग्दा आमा चाहिले उनको हात समाती जवर्जस्ती रोक्न लागिन्। मूर्ख पुत्र मित्तविन्दकले आमाको कुरा नसुनेको मात्र नभई आमालाई मारपीट समेत गरी पछारेर त्यहाँ छोडी जहाजद्वारा समुद्र-तिर हिंडिहाल्यो।

जहाज चढेर हिंडेको सात दिन बित्दा त्यो जहाज समुद्रको माझमा उनको कारणले गर्दा रोकिरह्यो। अल-च्छिना हेर्न गोला राख्दा तीन पटकसम्म पनि मित्तविन्दक-लाई मात्र गोला पर्न गयो। त्यस उसले माझीहरूले उसलाई काठको बण्डल माथि राखी समुद्रमा बगाई छोडेर गए। तब जहाज चल्न लाग्यो र यात्रा पुनः शुरुभयो।

मित्तविन्दक काठको बण्डलमाथि सुतेर जाँदा एउटा स्यानो द्वीपमा पुग्यो।

त्यहाँ त्यसले काँचको विमानको अधिकार रहेका सात दिन सुख भोगी सातदिन दुःख भोग्ने विमान सञ्चालिका चार जना प्रेतनीहरूसँग सम्पर्क रही सात दिनसम्म देव-ऐश्वर्य अनुभव गर्न पायो।

ती प्रेतनीहरू सातदिन दुःख भोग्न जान लाग्दा उनी आफ्नो यात्रामा लागिहाल्यो।

अर्को एउटा द्वीपमा पुग्दा चाँदीको विमानको अधिकार रहेको सात दिन सुख भोग्ने र सात दिन दुःख

Downloaded from http://dhamma.digital/

भोग्ने आठ जना देवी प्रेतनीहरूसित भेट भयो र सात दिन-सम्म उनले देव-ऐश्वर्य अनुभव गर्न पायो। ती देवी प्रेतनी-हरू सात दिन दुःख भोग्न जान लाग्दा उनले फेरि यात्रा शुरु गऱ्यो।

तेश्रो पटक एउटा स्यानो द्वीपमा पुगेको बेला माणिकको विमानको अधिकार रहेको सात दिन सुख भोग्ने, सात दिन दुःख भोग्ने १६ जना देवी प्रेतनीहरूसित भेट हुँदा त्यहाँ पनि सात दिनसम्म देव-ऐश्वर्य अनुभव गरी रमाउन लाग्यो।

ती देवी प्रेतनीहरूले सात दिन दुःख भोग्न जान लागेको बेलामा उनी फेरि पनि यात्रामा जान भनी जाँदा एउटा स्यानो द्वीपमा पुगेको बेला सुनको विमानको अधिकार रहेको ३२–जना देवी प्रेतनीहरूसित भेट्दा फेरि पनि सात दिन देव-ऐश्वर्य अनुभव गर्न पायो।

ती देवी प्रेतनीहरू सात दिनको सुखभोग पछिको सात दिन दुःख भोग्न जानलाग्दा तिनीहरू फर्कुञ्जेलसम्म पर्खिरहन भनेर गएको भएता पनि नपर्खी उनी यात्राको लागि जाँदा चारवटा ढोका भएको फलामको पर्खाल लगाइ राखेको उस्सद नरकमा पुग्यो। त्यस देशमा पसेर राजा हुने इच्छा राखी ऊ सरासर त्यहाँ गयो।

त्यस मित्तविन्दकले त्यहाँ टाउकोमा तलवार चक्र बोकी अति दुःखको नरक भोगिरहेको एक व्यक्तिलाई देख्दा

Downloaded from http://dhamma.digital/

त्यसको तलवार चक्रलाई पद्मफूल सम्झी त्यो चक्र आफ्नो लागि माग्न लाग्यो। नरकगामीले "नरकको फूललाई पद्म-पुष्प सम्झिन्छ" भन्ने कथन यो कथावस्तुले सिद्ध गरेको देखिन्छ।

त्यस नरकभोगीले आफ्नो टाउकोमा रहेको त्यो वस्तु पद्म-पुष्प नभई भयङ्कर तीक्ष्णधार भएको तलवारचक्र भएको कुरा बताएको थियो। त्यसको कुरालाई रत्ति ध्यान नदिई बारबार त्यो वस्तु माग्न लागेकोले अन्त्यमा मित्तविन्दकलाई तलवार चक्र दिएर त्यसले आफ्नो बाटोततायो। मित्तविन्दकले त्यस चक्रलाई टाउकोमाथि राख्दा मात्र तीक्ष्णधार भएको त्यस वस्तु साँच्चै तलवार-चक्र रहेछ भनी जान्यो।

त्यस नरकभोगीले कर्मानुसारको अकुशल कर्म समाप्त गरी नरकबाट मुक्त भएर गए तर त्यसको सट्टा त्यसबेलादेखि मित्तविन्दकले तीक्ष्णधार भएको तलवार चक्र टाउकोमा बोकी दुःख भोग्न लाग्यो।

यो दुःख भोग्नुभन्दा पहिले मित्तविन्दकले वैमानिक प्रेतनीहरूसित भेटी देव-ऐश्वर्य अनुभव गर्न पाएको एक चोटि आफ्नो आमाको कुरा मानी एक दिन मात्र उपोसथ व्रत बसेकोले थियो।

यस तथ्यलाई हेर्दा आमा बाबु र गुरु आचार्यहरूको राम्रो अर्ति उपदेशलाई अनुशरण गरी आचरण गर्नाले राम्रो प्रतिफल पाउन सकिंदो रहेछ भन्ने कुरा आजका युवक युवतीहरूले याद राख्नु लायक छ।

Downloaded from http://dhamma.digital/

तीक्ष्णधार भएको तलवार चक्र बोकी अति भयङ्कर दुःख भोग्नु परेको त आमाको कुरा नसुनी आमालाई अपमान गरेकोले नै हो ।

त्यस कारण उच्च श्रेष्ठ व्यक्तिलाई अनादर गर्दा नरकमा पुगिन्छ भन्ने कुरालाई ख्याल राखी कसैको अनादर नगर्नु राम्रो छ ।

## फेरि मनुष्य भई जन्मदा नीचकुलीन हुने हुन्छ

उच्च श्रेष्ठ व्यक्तिलाई अनादर गरियो भने त्यसपछि मनुष्य जन्म लिंदा नीचकुलीन हुनु पर्ने एउटा कथावस्तु यहाँ उल्लेख गरौं ।

भगवान् बुद्धको पालामा श्रावस्ती नगरमा जेतवनाराम दान दिने अनाथपिण्डिक सेठको घरमा पुण्णिका नाउँ भएकी एक जना दासी थिइन् ।

तिनी पानी ओसार्ने एकजना दासीकी छोरी थिइन् । अनाथपिण्डिक सेठका एकशय दासी पूरा गर्ने इच्छानुकूलको अन्तिम दासी भएकीले तिनलाई पालि भाषामा "पुण्णिका" भनेको हो । आ-आफ्नो भाषामा भन्ने हो भने त्यसलाई "शय संख्या पूरा गर्ने दासी" भन्न सकिन्छ ।

ती कान्छी पुण्णिकालाई थरथर कामिने गरी जाडोको बेलामा पनि मालिकहरूले डाँट्लान् गाली गर्लान् दण्ड देलान् भन्ने डरले नदीमा गई पानीमा उत्री पानी ओसार्न पर्थ्यो । तिनी दासी भएको धेरै समय बितिसक्दा

Downloaded from http://dhamma.digital/

सेठ साहूले तिनीलाई दासीत्वबाट मुक्त हुने मौका दियो । त्यसबेला पुण्णिका सेठ साहूसँग बिदा मागी भिक्षुणी बन्न पुगिन् । विपश्यना-भावनाको उद्योग र अभ्यास गरेको केही दिन नबित्दै ती महिला अरहन्त हुन पुगिन् ।

ती पुण्णिका थेरीले परिनिर्वाण हुनु अगावै भगवान् बुद्धलाई आफ्नो जीवन घटना निवेदन गरेर गएकी थिइन् ।

तिनी विपस्सी, सिखी, वेस्सभू, ककुसन्ध, कोणागमन र कस्सप यी छ जना बुद्धहरूको शासनमा भिक्षुणी भएर आएकी थिइन् । तिनीले भावना-धर्म उद्योग र प्रयत्न पूर्वक अभ्यास गरेकी थिइन् । प्रज्ञावती भई इन्द्रिय संयमी रहेकी थिइन् र राम्रो धर्मकथिका पनि भएकी थिइन् ।

तर पनि प्रज्ञा बहुश्रुता हुनाले उनीमा मान-अभिमान अति नै बढे चढेको थियो । अरू शीलवती भिक्षुणीहरूलाई अपमान गरी गौरव नराख्ने भएकी थिइन् ।

त्यसरी अरूप्रति अगौरब राखेर आएकी हुनाले पुण्णिकाको जीवनमा दासी हुनु परेकी हो । आफू दासी हुनु परेको घटना आफू स्वयंले स्वीकारी उल्लेख र निवेदन गरेर गएकी थिइन् ।

तसर्थ उच्च श्रेष्ठ व्यक्तिलाई अगौरव राख्ने गरेमा नीचकुलीन हुन पुगिन्छ भनी ख्याल गर्नु उचित छ ।

## बट्टाइँ, हात्ती र बाँदर स्वर्गलोकमा

उच्च श्रेष्ठ व्यक्तिलाई गौरब गर्नु पौराणिक सत्पुरुष-हरूको एउटा राम्रो परम्परा हो । परापूर्वकालमा बोधिसत्त्व

Downloaded from http://dhamma.digital/

बट्टाइँ, भावी आयुष्मान् महामौद्गल्यायन हात्ती र भावी आयुष्मान् सारिपुत्र बाँदर भई हिमालय पर्वतको एउटा पीपलको बोटमा सँगसँगै बसोबास गर्दथे ।

शुरुमा तिनीहरू आपसमा गौरब नराखी एक अर्काप्रति वास्ता किस्ता नराखी हल्कासाथ रहेका थिए । पछि गएर मात्र "हामीहरूले यसरी बसेर त हुँदैन; ठूलोलाई स्यानोले गौरब राखी बस्नु नै उचित हुनेछ" भनी सरसल्लाह गरी एकमतले निर्णय गरे । उमेरले ठूलोलाई खोजी नीति गर्दा पीपलको बोटलाई प्रमाण राखी खोज्न लागे ।

सर्वप्रथम बाँदरले "म स्यानो छँदा भूँइमा बसी यो पीपलको बोटको टुप्पोलाई मेरो हात पसारेर टिप्ने गर्थें" भनी बतायो ।

त्यसपछि हात्तीले "म स्यानो छँदा स्यानो यो पीपलको बोटलाई टाँगमुनिबाट छिराएर नाघिजाने गर्थें" भनी बतायो ।

अन्त्यमा बट्टाइँको पालो पर्दा "यो पीपलको बोट मैले पीपलको फल खाई हगेर गएको मलबाट पलाएर आएको हो" भनी बतायो ।

तिनीहरू तीनैजनाको कुरालाई हेर्दा बट्टाइँ उमेरले ठूलो भएको जानकारी पाइयो ।

त्यस अवस्थादेखि उमेरले ठूलो भएको बट्टाइँ राजलाई हात्ती र बाँदरहरूले गौरब गर्न थाले । बट्टाइँ राजले

Downloaded from http://dhamma.digital/

पनि उमेरले स्यानाहरूलाई अववाद र अनुशासन गर्न लाग्यो ।

तिनीहरू सबै तिरश्चीन पशुहरू थिए तापनि ठूलो-लाई स्यानोले गौरब गरी, स्यानोलाई ठूलोले मैत्री राखी बसोबास गरेर गएकोले मरणान्तपछि देवलोकमा पुगे ।

तसर्थ उच्च श्रेष्ठ व्यक्तिलाई गौरब गर्नु देवलोक पुगिने कारण राम्रो धर्म रहेछ भनी होश राखी अनुशरण गर्नु योग्य छ ।

## फेरि मानिस भएमा लाभ

आफूभन्दा उमेर, शिक्षा र गुणले ठूला भएकालाई आदर गौरब गर्न जान्ने व्यक्तिलाई "असल गुरुको शिष्य, भलादमी आमा बाबुका सन्तान, सभ्य सुशिक्षित, कुलीन कुलपुत्र कुलपुत्रीहरू हुन्" आदि भनी देख्ने सुन्ने सत्पुरुष समूहले प्रशंसाका कुरा सँधै भन्ने नै भए ।

यसरी आदर गर्न जान्ने व्यक्ति यसै जन्ममा नै "सुशिक्षित, सभ्य, कुलीन कुलपुत्र कुलपुत्रीको रूपमा" समर्थन गराउन पाउनुलाई हेर्दा "उच्च श्रेष्ठ व्यक्तिलाई आदर गर्ने व्यक्तिहरू मरेर फेरि मनुष्य भएमा उच्चकुलीन हुन्छन्" भन्ने भगवान् बुद्धको कथन सही भएको तथ्य पाठकवृन्दहरूले अनुमानले हेर्न सकिन्छ ।

छैठौं प्रश्न-उत्तरको सम्बन्धमा यतिले नै पर्याप्त भएको छ । संक्षिप्त सारांश स्मरणिकाहरू भनी इतिश्री गरिहालौं ।

Downloaded from http://dhamma.digital/

प्रश्नः– कुनै हुन्छन् नीचकुलीन – कुनै उच्चकुलीन छन् ।
यसो हुनाको के कारण – जान्न चाहन्छु विभेदले ।

उत्तरः– जेष्ठ अनादर कार्य – अपायगामी कारण ।
भएमा मनुष्य नीच हुन्छ – हुँदैन सम्मान रत्तिभर ।।
जेष्ठ आदर कर्मले त – पुगिन्छ दिव्यलोकमा ।
भएमा मनुष्य पूर्वकर्मले– होइन्छ उच्च कुलीन पनि ।।

***

# सातौं प्रश्न उत्तर

भो भगवन्, यो संसारमा चाहे पुरुष होस् वा महिला, कुनै–कुनै व्यक्तिहरूले भिक्षु श्रमणादि प्रज्ञाविद्हरू समक्ष पुगी "कुनचाहिं धर्म कुशल हो; कुनचाहिं धर्म अकुशल हो; कुन-चाहिं धर्म सदोष छ; कुनचाहिं धर्म निर्दोष छ; कुनचाहिं धर्म सेवनीय छ; कुनचाहिं धर्म असेवनीय छ; कुनचाहिं काम गर्दा यावज्जीवन दुःख हुन सक्छ; कुनचाहिं काम गर्दा यावज्जीवन सुख हुन सक्छ ?" भनी सोध्ने र परीक्षण गर्ने गरेको हुँदैन ।

यसरी प्रज्ञाविद्हरू कहाँ उपसंक्रमण गरी सोध्ने परीक्षण गर्ने नगर्नु मिथ्या (भूल) कर्म हो । यस्तो व्यक्ति

Downloaded from http://dhamma.digital/

मरण भएमा दुर्गति अपाय, जथाभावी पतन हुने नरकमा पुग्नुपर्ने हुन्छ ।

केही भएर नरकमा पतन नभई फेरि मनुष्य भएरै जन्मेता पनि प्रज्ञाहीन हुनसक्छ । यसरी प्रज्ञाविद्को सेवन उपसंक्रमण नगर्नु, सोध्ने परीक्षण गर्ने नगर्नु प्रज्ञाहीन बनाइने आचरण नै हो ।

शुभ ब्राह्मण, यो संसारमा चाहे पुरुष होस् वा महिला, कुनै–कुनै मानिसहरूले श्रमण भिक्षु आदि प्रज्ञाविद्-हरू कहाँ उपसंक्रमण गरी, "कुनचाहिं धर्म कुशल हो; कुन-चाहिं अकुशल हो; कुनचाहिं सदोष छ; कुनचाहिं निर्दोष छ; कुनचाहिं सेवनीय छ; कुनचाहिं असेवनीय छ; यस्तै कुनचाहिं काम गर्दा यावज्जीवन दु:ख हुनसक्छ; कुनचाहिं काम गर्दा यावज्जीवन सुख हुनसक्छ ?" भन्नेलाई बारबार सोध्ने र परीक्षण गर्ने गर्छन् ।

यसरी प्रज्ञाविद् कहाँ सेवन उपसंक्रमण गरी परीक्षण गर्नु सोध्नु राम्रो कुशल कर्म हो । यस्तो मनुष्य मर्दा सुगति युक्त स्वर्गलोकमा पुगिन्छ ।

केही भएर स्वर्गलोक नपुगी फेरि मनुष्य नै भए पनि प्रज्ञावान् हुन जान्छ । यसरी प्रज्ञाबिद् कहाँ उपसंक्रमण गर्नु सेवन गर्नु प्रज्ञा ज्ञानको सम्बन्धमा परीक्षण गर्नु सोध्नु प्रज्ञा वृद्धि गराउन सक्ने आचरण हो ।

अहिले उल्लेख गरेका कुराहरू "सातौं प्रश्न–उत्तर" को मुख्य सारांश कथन हुन् ।

Downloaded from http://dhamma.digital/

# राजा अजातशत्रुको नरक अवतरण

प्रज्ञाविद्‌को सेवन उपसंक्रमण नगर्ने व्यक्तिहरूले दोषयुक्त कार्य; निर्दोषयुक्त कार्य; करणीय कार्य र अकरणीय कार्यलाई विभाजन गरी जान्न सक्तैनन्। यसरी नजान्नाले करणीय कार्य गर्न नपाई अकरणीय कार्यहरू गर्न थुगिन्छन्।

यसरी अकरणीय कार्यहरू गर्न लाग्दा यो जीवनमा पनि दुष्परिणाम भोग्नुपर्ने हुन्छ; पछिल्लो जीवनमा पनि अपाय नरकमा पतन हुनुपर्ने हुन्छ।

यसरी प्रज्ञावान्‌को सेवन र उपसंक्रमण गर्न नपाउँदा अकरणीय कार्य गर्नको लागि नरक पतन हुनुपर्ने राजा अजातशत्रुको घटना उल्लेख गरौं।

भगवान् बुद्धको पालामा सबैजसोले जानेको राजकुमार अजातशत्रुद्वारा विहार दायकको छोरो भएर पनि अतुलनीय सर्वोत्तम प्रज्ञाविद् हुनु भएका भगवान् बुद्धकहाँ पहिलेदेखि उपसंक्रमण गर्न नपाई मूर्ख देवदत्तकहाँ सर्वप्रथम उपसंक्रमण र सेवन गर्ने भूल गरियो। त्यसकारण मूर्ख गुरु देवदत्तको कुरा र प्रेरणा अनुसार पिता राजा बिम्बिसारलाई क्रूरताका साथ मार्ने प्रयास भयो।

पछि गएर भूल भएको थाहापाई भगवान् बुद्धकहाँ उपसंक्रमण र शरण लिन पुग्यो। यदि उनले पितृघातक कर्म उल्लङ्घन गर्न नपरेको भए यसै जीवनमा कुनै न कुनै मार्ग फल

Downloaded from http://dhamma.digital/

लाभ गर्न सक्ने थियो । लाभ गर्न सक्ने ज्ञान पनि उनमा थियो । भगवान् बुद्धप्रति श्रद्धा राख्ने पृथग्जनहरू मध्येमा उनी सबैभन्दा श्रेष्ठ र अग्र थियो ।

तैपनि असेवनीय मूर्ख गुरुप्रति सर्वप्रथम सेवन गर्नु र शरण लिनुमा भूल गर्न पुगेको कारणले अकरणीय पितृ-घातक कर्म उल्लङ्घन गर्न पुगी मरणोपरान्त लोहकुम्भी नरकमा गई असह्य दुःख भोग्नुपऱ्यो ।

त्यो पनि अन्तिम अवस्थामा भगवान् बुद्धकहाँ उप-संक्रमण गर्न पाएकोले अलिकति आश्वस्त हुने मौका पाएको थियो, नत्र त उनको गुरु मूर्ख देवदत्त जस्तै अवीचि नरकसम्म पुग्नुपर्ने सुनिश्चित थियो ।

तसर्थ प्रज्ञावान्को सेवन नगर्नु उपसंक्रमण नगर्नु पनि अपाय दुर्गति पतन हुनुको कारण भएको तथ्य याद राख्नु उचित छ ।

## फेरि पनि निर्बुद्धि स्वाँठ हुनुपऱ्यो ।

यो संसारमा साहित्यिक प्रज्ञा; वाचसिक प्रज्ञा; हस्त शिल्प र मिशिनरी शिल्प आदि एक न एक शिल्प विद्यामा दक्ष र पारंगत भई विद्वान् शिल्पज्ञको रूपमा समर्थन प्राप्त गर्ने व्यक्तिहरू विना प्रयोजन त्यसै विद्वान् भएर आएका होइनन् । तिनीहरूले आफूभन्दा अगाडिका प्रज्ञावान्हरू समक्ष उपसंक्रमण गरी आश्रय लिई विधि–विधानहरू धेरै वा थोरै सङ्कलन र अभ्यास गरी अध्ययन मनन गरेर आएका हुन्छन् ।

Downloaded from http://dhamma.digital/

त्यति पनि अध्ययन मनन र अभ्यास गरिएनन् भने कुनै पनि प्रज्ञा र कुनै पनि बहुश्रुत लाभ गर्न सक्ने छैनन् । कुनै पनि प्रज्ञा; कुनै पनि बहुश्रुत नभएका व्यक्तिहरूले यसै जीवनमा समेत निर्बुद्धि स्वाँठ लोखर्केको रूपमा धेरैले सम्झिएका मार खप्नुपर्ने स्वाभाविक नै हुन्छ ।

यसरी प्रज्ञाविद्हरूकहाँ उपसंक्रमण गरी विधि विधान सिकी प्रज्ञा बहुश्रुत अन्वेषण गर्न नपाएको व्यक्तिले यसै जीवनमा समेत "प्रज्ञाहीन लोखर्के" हुनु पर्ने कुरालाई दृष्टिगत गर्नुद्वारा "प्रज्ञावान्को सेवन नगर्ने उपसंक्रमण नगर्ने व्यक्तिहरू मरेर फेरि मानिस भएर जन्मेको खण्डमा प्रज्ञाहीन व्यक्ति हुनुपर्ने छन्" भन्ने बुद्धोपदेशित कथन सही हो भन्ने तथ्यलाई अनुमानले जान्न सक्ने कुरा हो ।

## सील (Seal) स्याल र बाँदर सुगतिमा

प्रज्ञावान्को संगत र सेवन गर्ने व्यक्तिहरू मर्दा सुगतियुक्त स्वर्गमा पुग्न सक्ने स्थितिसित सम्बन्धित स्यानो कथावस्तु प्रस्तुत गरौं ।

अतीत कालमा बाराणसी देशमा राजा ब्रह्मदत्तको पालामा बोधिसत्त्व खरायो योनिमा जन्म लिई एउटा जङ्गलमा रहने गर्थ्यो । सशराज बस्ने जङ्गलको एकातिर पर्वत फेदी; अर्कोतिर नदी; फेरि अर्कोतिर प्रत्यन्त स्यानो गाउँ थियो ।

Downloaded from http://dhamma.digital/

बोधिसत्त्व सशराजकहाँ भावी आयुष्मान् आनन्द सीलमाछा; भावी मौद्गल्यायन स्याल र भावी आयुष्मान् सारिपुत्र बाँदर गरी एकसाथ बस्ने तीनजना साथीहरू पनि थिए।

तिनीहरू आ–आफ्ना गौचरहरूमा गौचरण गरी खानपान सिद्धिसक्दा बेलुकीतिरमात्र एकै ठाउँमा जम्मा भई बसोबास गर्थे। सश पण्डितले बाँकी तीनजना साथीहरूलाई दान दिन, शील रक्षा गर्न, उपोसथव्रत राख्न अववाद उपदेशको कुरा बोल्ने बानी रहेको थियो। उनका साथीहरूले पनि उनको अनुशासनलाई स्वीकारी व्यवहार गर्थे।

एकदिन बोधिसत्त्व सशराजले आकाशको चन्द्रमालाई टाउको उठाएर हेर्दा भोलि उपोसथको दिन रहेछ भन्ने थाहा पायो। त्यसैले आफ्ना तीन जना साथीहरूलाई बोलाएर "भोलि उपोसथको दिन हो; शील ग्रहण गर्नु; उपोसथव्रत राख्नु; शील भएको बेलामा दान प्रदान गऱ्यो भने बढी लाभदायी हुन्छ। त्यसकारण दान ग्राहक आयो भने तिमीहरूको खानाबाट भाग लगाई दिने, दिएर मात्र खाने गर्नु" भनी प्रेरणात्मक कुरा सुनायो।

भोलि उपोसथको दिनमा सील माछाले आफूले खोजेर ल्याएको पांसुकूल मरेको ७ जना रोहिणी माछाहरूलाई दान ग्राहक आएमा दान दिन भनी राखी उपोसथव्रत राख्यो।

Downloaded from http://dhamma.digital/

स्यालले पनि आफूले खोजेर पाएको भुटेको मासु गोधा (पानी बिरालो) को भुटेको मासु र दहीको घैंटो दान दिन राखी उपोसथव्रत राख्यो ।

बाँदरले पनि आफूले खोजेर पाएको एक कुप्पा आँप-हरू दान वस्तुको रूपमा राखी दान ग्राहक व्यक्तिको प्रतीक्षा गर्दै उपोसथशील समादान गरिरह्यो ।

बोधिसत्त्व सशराज स्वयंले पनि आफ्नो स्कन्ध शरीर दान ग्राहकलाई दान प्रदान गर्ने उद्देश्य गरी उपोसथव्रत धारण गरेर बस्यो ।

यी सीलमाछा, स्याल र बाँदरहरू तिरश्चीन पशुहरू भए तापनि सश पण्डितको संगत र सेवन गर्न पाएकोले दान दिनुपर्ने; शील समादान गर्नुपर्ने; उपोसथव्रत राख्नुपर्ने रहेछ भनी थाहा भएर आयो ।

यो क्रियाकलापहरू देवलोक स्वर्गलोक पुगिने राम्रो कारण कुशल कर्महरू हुन् र यो करणीय कार्य हो भनी विश्वास गर्थे ।

यसरी जानेको आस्था एवं विश्वास रहेको अनुसार नै शक्तिले भ्याएभरका कुशल कर्महरू गरिरहे । यो प्रज्ञा-वान्को सत्संगत र सेवन गर्न पाएकोले भएको हो ।

तिनीहरू मरण हुँदा कर्मानुसार गन्तव्य क्षेत्रमा पुगे भनी जातक अर्थकथामा त सामान्य रूपले मात्र उल्लेख गरेको छ । तर तिनीहरू यावज्जीवन दान दिने; शील

Downloaded from http://dhamma.digital/

समादान गर्ने, उपोसथव्रत राख्ने गरी मरण भएकाले देवलोक नपुगे तापनि कमसेकम मनुष्य जन्म लिने त सुनिश्चित छ।

## फेरि मानिस हुँदा प्रज्ञा लाभ

प्रज्ञावान्हरूको सत्संगत र सेवन गर्ने व्यक्तिहरू मरण भई फेरि मनुष्य हुन आएमा विशाल प्रज्ञावान् हुन्छ भन्ने कुरासित सम्बन्धित विषयमा केही कुरा भनिहालौं।

भगवान् बुद्धको महापुरुष हुने ३२ लक्षणहरू मध्येमा "मुलायम भएको छाला मासु भई शरीरमा धूलो मल नटाँसिने हुन्छ" भन्ने पनि एउटा (लक्षण) समावेश छ।

यस प्रकारको लक्षणाधिकारी गृहस्थी भएर बसेमा चक्रवर्ती राजा हुनसक्छ र प्रज्ञावान् बुद्ध हुन्छ अनि लौकिक मनुष्यहरूमध्येमा सबभन्दा प्रज्ञावान् हुन्छ।

श्रमण भिक्षु भएमा भगवान् बुद्ध हुनसक्छ। विशाल प्रज्ञा; बाहुल्य प्रज्ञा; हास प्रज्ञा; जवन प्रज्ञा; तीक्ष्ण प्रज्ञा; प्रतिवेध प्रज्ञा हुन्छ। भगवन् बुद्ध भनेको बेजोड सर्वोत्तम प्रज्ञा ज्ञान अरहत्त मार्ग ज्ञान; सर्वज्ञता ज्ञानको अधिकारी अतुलनीय परमोत्तम प्रज्ञावान् हुनुहुन्छ।

भगवान् बुद्ध यसरो सर्वश्रेष्ठ; सर्वोत्तम; अतुलनीय बेजोड प्रज्ञावान् हुनु भएको विना त्यसै सानातिना कुराले होइन। अतीतका ठूला स्याना जन्महरूमा प्रज्ञावान्सँग सत्संगत र सेवन गरी "कुनचाहिं कुशल हो; कुनचाहिं अकुशल हो; कुनचाहिं गर्नु योग्य छ; कुनचाहिं गर्नु योग्य छैन"

Downloaded from http://dhamma.digital/

आदि प्रज्ञाज्ञान सम्बन्धी सोधपूछ, परीक्षण सङ्कलन, उद्योग-हरू गरेर आएकोले मात्र हो ।

त्यसकारण प्रज्ञावान्को सत्संगत र सेवनले अहिले र पछि दुबैतिर प्रज्ञाज्ञान् वृद्धि गराइने कारण हो भन्ने तथ्य होश राखी अनुशरण गर्नु योग्य हुन्छ ।

यसरी यहाँ अन्तिम सातौं प्रश्न उत्तर सकियो । संक्षिप्त स्मरणिका कविताहरू प्रस्तुत गरिहालौं –

प्रश्नः– कुनै व्यक्ति छन् प्रज्ञावान्– कुनै छन् प्रज्ञाहीन पनि ।
यसो हुनाको के कारण– जान्न चाहन्छु विभेदले ।।
उत्तरः– नगर्नालि सेवन प्राज्ञ – चतुरोपाय पुग्ने छ ।
भएमा मनुष्य निष्प्रज्ञ – हुन्छ निर्बुद्धि स्वाँठ नै ।।
गर्नाले सेवन प्राज्ञ – पुगिन्छ दिब्यलोकमा ।
भएमा मनुष्य प्रज्ञावान् – श्रमणगृहस्थ सेवित ।।

## कठपुतली जस्तै कर्म

अहिले व्याख्या गरिसकेका विषय वस्तुहरूलाई संकीर्ण पारी हेरेको खण्डमा प्राणीहरू विभिन्न जन्म; विभिन्न भूमिहरूमा अनेकौं परिस्थिति विभेद भई विचरण संसरण गरिरहने गर्नु कर्मको चक्रचालको कारणले हो भन्ने कुरा स्पष्ट छ ।

तैपनि यो कर्मले आफू एक्लैले चक्रचाल्न सकेको होइन । उसलाई पछाडिबाट डोरी समातिरहेको पनि छ । त्यो त तृष्णा नै हो । कर्मलाई तृष्णाले भरोसा दिन्छ ।

Downloaded from http://dhamma.digital/

तृष्णाले डोरी समातिरहन्छ । कर्म भनेको तृष्णा कठपुतलीको माष्टरले डोरी तानेमा मात्र नाचन हिंडडुल गर्न जान्ने कठ-पुतली जस्तै छ भनी भन्न सकिन्छ ।

कुशल कर्म अथवा अकुशल कर्मले तृष्णाको आधार पाइँदैन भने नयाँ जन्म प्रतिसन्धिलाई उत्पन्न गराउन सक्तैन । नयाँ जन्म नभएमा "अल्पायु हुनु; दीर्घायु हुनु; रोगी हुनु; निरोगी हुनु; कुरूप हुनु; सुरूप हुनु" आदि अगाडि उल्लेख गरेर आएका विभेदहरू हुनेछैन । तृष्णाको आधार पाएर मात्र कर्महरूले नयाँ जन्म प्रतिसन्धि बनाउन सकेको हो र मानिसहरूलाई चक्रचालेर रहन सकेको हो ।

## सबै तृष्णालाई नाश पार

कर्मको चक्रलाई सहन नचाहने भए कर्मरुपी डोरी समातिरहने तृष्णालाई पूर्णतः निर्मूल पार्नुपर्छ ।

यसोभन्दा यहाँ तृष्णा भनेको के हो र तृष्णालाई कसरी निर्मूल पार्ने हो भन्ने कुरालाई जान्नु आवश्यक छ ।

तृष्णाको सम्बन्धमा "तृष्णा र दृष्टि उखेल्ने उपदेश" पुस्तकमा पूर्ण रूपमा उल्लेख गरिराखिसकिएको हुँदा यहाँ संक्षेपमा उल्लेख गरिएको छ ।

तृष्णा भनेको रूप, वर्ण, शब्द, गन्ध, रस, स्पर्श र विचार (कल्पना) हरूलाई मन पराउने, टाँसिने, मज्जा लाग्ने आदि कुरामा आसक्त हुने स्वभाव हो । त्यो तृष्णालाई निर्मूल पार्नको लागि प्रत्येक हेराइ, सुनाइ, सुँघाइ, छुवाइ,

Downloaded from http://dhamma.digital/

कल्पना, चिन्तना. खुम्चाइ, प्रसारण, हिँडाइ, उभ्याइ, बसाइ, सुताइ, फुलाइ, सुकाइ आदिमा आरक्षण र द्वारको प्रत्येक जुधाइमा प्रकट भइरहने स्वभाव रूप र नामहरूलाई देख्छु, सुन्छु आदि भनी निरन्तर भाविता गरी सम्झना राखी हटाउनु पर्नेहुन्छ ।

## संक्षिप्त भाविता विधि

विपश्यना भाविता गरी सम्झना राखी तृष्णालाई हटाउनु पर्नेछ भन्ने यसको मूल मतलब हो । तसर्थ अहिलेदेखि महाशी विपश्यना संक्षिप्त भाविता विधि जानकारी मात्रको लागि उल्लेख गरिएको छ ।

विपश्यना उद्योग र अभ्यास गर्न चाहने व्यक्तिले गृहस्थी भएमा गार्हस्थ्य सम्बन्धी शील सर्वप्रथम समादान गरिराख्नु पर्दछ । श्रमण भिक्षु भएमा श्रमण भिक्षु सम्बन्धी शील सर्वप्रथम परिशुद्ध पारिराख्नु पर्दछ ।

त्यसपछि शान्त एकान्त शून्य स्थलमा वा रुखमुनि वा जङ्गलमा गई बस्नु पर्दछ ।

भावना धर्ममा लाग्नुअघि आफ्नो स्कन्ध शरीरलाई भगवान् बुद्धप्रति अर्पण गरिराख्न चाहेमा त्यसो गरिराख्न सकिन्छ । अनि फेरि शरीर रक्षक देवता, जङ्गल रक्षक देवता, पर्वत रक्षक देवता आदिप्रति मैत्री भाव राखिछाड्नु पर्छ । आफ्नो शील मार्ग ज्ञान फलज्ञानसम्म आधार भइरहोस् भनेर पनि त्यसप्रति मन झुकाइराख्नु पर्छ ।

Downloaded from http://dhamma.digital/

त्यसपछि आँखा चिम्ली; श्वास प्रकृति रूपमा फेरि मनले पेटलाई आरम्मण गरिराख्नु पर्छ । प्रत्येक श्वास प्रश्वासमा पेट फुलेर आएको अवस्थामा फुलेकोलाई आरम्मण गरी (ध्यान लगाई) "फुलेको छ" भनी सम्झनु पर्छ । प्रत्येकबार श्वासलाई बाहिऱ्याउँदा पेट सुकेर गएको अवस्थामा सुकेकोलाई आरम्मण गरी (ध्यान लगाई) "सुकेको छ" भनी सम्झनुपर्छ । सम्झना राख्दा मनले मात्र सम्झना राख्नुपर्छ, मुखले भनिरहनु पर्दैन । अनि फेरि फुलाउन सुकाउन भनी श्वासलाई आफैंले जोड गरी लिनु हुँदैन । सम्झने वेलामा पनि साँच्चै फुलेको छ भने मात्र फुलेको छ भनी सम्झनु पर्छ; साँच्चै सुकेको छ भने मात्र सुकेको छ भनी सम्झनु पर्छ ।

अतः सम्झनु पर्ने विषय "फुलेको छ; सुकेको छ" अनि श्वास छिटो-छिटो चल्न लाग्दा "फुलेको छ; सुकेको छ" भन्ने यी २– तथ्यलाई मात्र सम्झिराख्नु पर्छ । अलिकति श्वास ढीलो चल्न लागेको छ भने त आफू बसिरहेको आकार प्रकारलाई समेत आरम्मण गरी "बसेको छु" भनी सम्झनु पर्छ । यसरी विषय "फुलेकोछ; सुकेको छ; बसेको छु" भन्ने ३– वटा कुरा देखिन आउँछ ।

श्वास एकदम ढीलो चलिरहेको छ भने सबभन्दा बढी स्पर्श हुने ठाउँ (भाग) लाई समेत आरम्मण गरी "छोएको छ" भनी सम्झनु पर्छ । यसरी विषय "फुलेको छ; सुकेको छ; बसेको छु; छोएको छ" भन्ने ४– वटा कुरा हुन आउँछ । यहाँनिर "फुलेको छ; सुकेको छ; बसेको छु;

Downloaded from http://dhamma.digital/

छोएको छ" भनी सम्झनु "फुलेको छ; सुकेको छ; बसेको छु; छोएको छ" भन्ने व्यवहार (प्रज्ञप्ति) शब्दलाई मात्र जान्नको लागि सम्झेको होइन । अपितु ती शब्दहरू र व्यवहार त स्वभाव वास्तविक रूप धर्मलाई भावनामय ज्ञानद्वारा सही रूपमा जान्न सम्झेको मात्र हो । यसलाई विशेष होश राख्नु आवश्यक छ ।

अन्य केही विशेष रूपमा सम्झनु छैन भने यो "फुल्नु; सुक्नु; बस्नु, छुनु" लाई नै निरन्तर भाविता गरी सम्झिदै रहनुपर्छ ।

त्यसरी सम्झिदै गर्दा एक न एक ठाउँमा दुखेर आउने छ; कम्-कम् भएर आउने छ; ढक ढक हुनेगरी दुखेर आउनेछ; चिलाएर आउनेछ; त्यसबेला दुखेको स्वभाव; कम्कमाउने स्वभाव आदिलाई आरम्मण गरी (ध्यान लगाई) "दुखेको छ; कम्कम् भएको छ, ढकढक भएको छ; चिलाएको छ" आदि भनी व्यावहारिक रूपमा नै सम्झनु पर्छ । हात, खुट्टा, टाउको र तिघ्रा आदि आकार संस्थानलाई जोडेर सम्झनु हुँदैन ।

यहाँ पनि "दुखेको छ; कम्कम् भएको छ; चिलाएको छ" आदि भनी सम्झनु व्यावहारिक कुरालाई मात्र जान्ने गरी सम्झेको होइन । यो व्यवहार त वास्तविक नाम स्वभावहरूलाई जान्नको लागि सम्झेको मात्र हो । यस कुरालाई बिर्सनु हुन्न ।

Downloaded from http://dhamma.digital/

यसरी, दुखेको छ झम्झम् भएको छ आदि भनी प्रत्येक उत्पत्ति अवस्थाको पछि लागि सम्झँदा लोप भएर गयो भने मूल विषय भएको "फुलेको छ; सुकेको छ; बसेको छु; छोएको छ" भनी फेरि सम्झनुपर्छ ।

दुखेको, झम्झम् भएको, ढकढक भएको, चिलाएको-लाई सम्झेर लोप नभएकोले ठाउँ मिलाउन चाहेमा "मिला-उन चाहन्छु" भनी सम्झनुपर्छ। चिलाएको लोप नभई खुजल्याउन चाहेमा "खुजल्याउन चाहन्छु; खुजल्याएको छु" आदि भनी व्यवहारले नै सम्झनुपर्छ । ठाउँ मिलाएर बस्दा पनि "मिलाएको छु; सारेको छु" आदि भनी सम्झनुपर्छ ।

खकार फ्याँक्न चाहेमा "फ्याँक्न चाहन्छु" भनी सम्झनु पर्छ । फ्याँक्दा "फ्याँकेको छु" भनी सम्झनु पर्छ । खकार निल्न चाहेमा "निल्न चाहन्छु" भनी सम्झनु पर्छ । निल्दा ' निलेको छु" भनी सम्झनु पर्छ। कुनै पनि सम्झने विषय नभएमा प्राथमिक विषय; मूल विषय भएको "फुलेको छ; सुकेको छ; बसेको छु; छोएको छ" भनी सम्झनु पर्छ ।

यसरी सम्झँदा सम्झँदै मन अर्कोतिर पुग्न गएमा "पुगेको छ" भनी सम्झनु पर्छ। कल्पना गरेमा "कल्पना गरेको छु" भनी सम्झनु पर्छ । कल्पनाभित्र एक न एक जना-सित भेट भएमा पनि "भेटेको छु" भनी सम्झनुपर्छ। रीस उठेमा "उठेको छ" भनी सम्झनु पर्छ । रमाएमा "रमाएको छु" भनी सम्झनु पर्छ । अल्छी लागेमा "लागेको छ" भनी सम्झनु पर्छ । मनमा रहेको भएभरको कुरालाई सम्झनु पर्छ ।

Downloaded from http://dhamma.digital/

यहाँनिर पनि "कल्पना गरेको छु; विचार गरेको छु" आदि भनी सम्झनु खालि ब्यावहारिक शब्दलाई जान्न मात्र सम्झेको होइन, ती शब्दहरू र व्यवहार त वास्तविक चित्त नाम स्वभावलाई जान्न सम्झेको हो भनेकोलाई पनि सम्झना राख्नु पर्दछ ।

मनमा भएजति कुराको पछिलागी सम्झँदा सम्झँदै पनि केही सम्झने विषय रहेन भने प्राथमिक विषय "फुलेको छ; सुकेको छ; बसेको छु; छोएको छ" भनेर मात्र सम्झनु पर्छ ।

त्यसरी सम्झिरहँदा आँखामा केही न केही देखा पर्न आएमा देखेकोलाई आरम्मण गरी (ध्यान लगाई) "देखेको छु" भनी सम्झनु पर्छ । देखेको लोप भएर गएमा प्राथमिक विषय "फुल्नु, सुक्नु, बस्नु र छुनुलाई आरम्मण गरी "फुलेको छ; सुकेको छ; बसेको छु; छोएको छ" भनी सम्झनुपर्छ ।

त्यसरी सम्झिरहँदा कानमा बिशेष रूपमा शब्द सुन्नमा आउँदा सुनेकोलाई आरम्मण गरी "सुनेको छु" भनी सम्झनुपर्छ । नाकमा केही न केही गन्ध आएमा पनि "सुँघेको छु; बास आएको छ" आदि भनी व्यावहारिक रूपमा नै सम्झनुपर्छ ।

यहाँनिर पनि "देखेको छु; सुनेको छु" आदि भनी सम्झनु देखेको क्षणमा, सुनेको क्षणमा सही रूपमा प्रकट भएको स्वभाव वास्तविक नाम रूपलाई जान्न सम्झेको मात्र

Downloaded from http://dhamma.digital/

हो । "देखेको छु; सुनेको छु" आदि शब्द मात्रलाई जान्न सम्झेको होइन ।

देख्नु, सुन्नु, सुँघ्नु आदि कुरा लोप भएर बई केही पनि सम्झने विषय नरहेमा मूल कुरा सम्झिरहे जस्तै "फुलेको छ; सुकेको छ" आदि भनी सम्झनुपर्छ । यी कुरा बस्ने अवस्थाको सम्झने विधि-विधानहरू हुन् ।

बसेर सम्झँदा सम्झँदै उठ्न मन लागेमा "उठ्न चाहन्छु" भनी सम्झनुपर्छ । उठ्ने अवस्थामा स्कन्धकाय शरीर विस्तारै उठेर आएको आकार प्रकारलाई आरम्मण गरी "उठेको छु" भनी सम्झनुपर्छ । उभिने अवस्थामा "उभिएको छु" भनी सम्झनुपर्छ । पाइला चाल्न मन लागेमा "चाल्न चाहन्छु" भनी सम्झनुपर्छ । पाइला चाल्दा "चालेको छु" भनी सम्झनुपर्छ । त्यसो नभए "देब्रे खुट्टा चालेको छु; दाँया खुट्टा चालेको छु" भनी सम्झनुपर्छ । त्यसो पनि नभए खुट्टा उठाउँदा "उठाएको छु", पसार्दा "पसारेको छु" भनी सम्झनुपर्छ । यसरी "उठाएको छु, पसारेको छु" दुइचोटि सम्झन सकिन्छ भने खुट्टा उठाएको, पसारेको, झारेकोलाई आरम्मण गरी "उठाएको छु, पसारेको छु, झारेको छु" भनी तीनचोटि सम्झनुपर्छ । तीनचोटि सम्झन सकियो भने, अथवा मन धेरै बाहिर निस्कन थाल्यो भने "उठाएको, पसारेको, झारेको र छोएको" लाई समेत आरम्मण गरी "उठाएको छु, पसारेको छु, झारेको छु, छोएको छु" भनी चारचोटि सम्झनुपर्छ ।

Downloaded from http://dhamma.digital/

यसरी सम्झना राखी गइरहनुबाट उभियो भने "उभेको छु" भनी सम्झनुपर्छ । फर्कन मन लागेमा "फर्कन मन लागेको छ" फर्कंदा "फर्केको छु" भनी सम्झनुपर्छ । सम्झने अवस्थामा शारीरिक आकार प्रकारलाई आरम्मण गरी मनले मात्र सम्झनुपर्छ ।

त्यसपछि लगातार गइरहेमा "उठाएको छु, पसारेको छु" आदि भनी फेरि सम्झनुपर्छ । पानी खान मन लागेमा "खान चाहन्छु" भनी सम्झनुपर्छ । पानीको भाँडोतिर हात पसारेमा "पसारेको छु" भनी सम्झनुपर्छ । पानीको भाँडो समातेमा "समातेको छु, छोएको छु" आदि भनी सम्झनुपर्छ । पानी खाएमा "खाएको छु" भनी सम्झनुपर्छ । निलेमा "निलेको छु" भनी सम्झनुपर्छ । गलामा चीसो परेमा "चिसो छ" भनी सम्झनुपर्छ । पानीको भाँडो राखेमा "राखेको छु" भनी सम्झनुपर्छ । फर्केमा "उठाएको छु, पसारेको छु" आदि भनी सम्झनुपर्छ ।

यसरी सम्झिराख्दाराख्दै हेर्न मन लागेमा "हेर्न मन लागेको छ", हेरेमा "हेरेको छु", देखेमा "देखेको छु" भनी सम्झनुपर्छ । बस्न मन लागेर आएमा "बस्न मन लागेको छ" भनी सम्झनुपर्छ । बसेमा पनि स्कन्धकाय शरीर विस्तारै झरेर गएकोलाई आरम्मण गरी "बसेको छु" भनी सम्झनुपर्छ । बसिसकेपछि लगातार सम्झना राख्न चाहेमा अघि सम्झे जस्तै नै "फुलेको छ, सुकेको छ" आदि भनी सम्झनुपर्छ ।

Downloaded from http://dhamma.digital/

यसरी सम्झिरहेकोबाट सुत्न मन लागेमा "सुत्न मन लागेको छ" भनी सम्झनुपर्छ । सुत्ने अवस्थामा स्कन्धकाय शरीर विस्तारै ढल्किदै गएको आकार प्रकारलाई आरम्मण गरी "ढल्किदै छु, सुत्दै छु" आदि भनी सम्झनुपर्छ । हातले टेकेमा "टेकेको छु", सिरान र टाउको छोएमा "छोएको छ" भनी सम्झनुपर्छ ।

सुत्ने अवस्थामा पनि सम्झदै सम्झदै निदाएको हुनुपर्छ । यो क्रिया प्रकृतिरूपमा नै स्वास फेरिरहने पेटलाई आरम्मण गरी बसेर सम्झने बेलामा जस्तै हो । "फुलेको छ, सुकेको छ" भनी सम्झनुपर्छ । स्वास लिन ढीलो भएमा सुत्ने आकार प्रकार र बढी स्पर्श भइरहेको ठाउँलाई समेत आरम्मण गरी "सुतेको छु, छोएको छ" भनी नै सम्झनुपर्छ । यसो गर्दा सम्झनुचाहिं "फुलेको छ, सुकेको छ, सुतेको छु, छोएको छ" नै हो । यस बीचमा कल्पना, विचार, दुख्नु, झमझमाउनु आदि देखा पर्न आएमा पनि अघि बसेर सम्झिरहेको बेलामा जस्तै "कल्पना गर्छु, विचार गर्छु, दुखेको छ, झम्झमाएको छ" आदि भनी सम्झनुपर्छ । केही सम्झने विषय नभएमा "फुलेको छ, सुकेको छ, सुतेको छु, छोएको छ" भनी सम्झनुपर्छ । यसलाई निदाउञ्जेलसम्म लगातार सम्झनुपर्छ ।

सुत्नुबाट ब्युंझेर आई आँखा खोल्न चाहेमा "खोल्न चाहन्छु" खोलेमा "खोलेको छु" उठ्न चाहेमा "उठ्न चाहन्छु" उठेमा "उठेको छु" हल्लिएमा "हल्लिएको छु"

Downloaded from http://dhamma.digital/

हातले टेकेमा "टेकेको छ" आदि भनी सम्भनुपर्छ। खाने अवस्थामा, नुहाउने अवस्थामा, खुम्च्याउने अवस्थामा, पसार्ने अवस्थामा पनि "खुम्च्याएको छु, पसारेको छू, खाएको छु, चपाएको छु, निलेको छु, समातेको छु, छोएको छ" आदि भनी निरन्तर सम्भनुपर्छ ।

सारांशमा भन्ने हो भने भावनाधर्म अभ्यास र उद्योग गर्ने योगी व्यक्तिले निदाइरहेको बेलामा बाहेक अरू बेलामा (१) ठूला साना शारीरिक गतिबिधि जम्मै सम्भनुपर्छ । (२) राम्रा नराम्रा अनुभूतिहरू जम्मै सम्भनु पर्छ । (३) राम्रो होस् वा नराम्रो प्रत्येक कल्पना, चिन्तना र विचारहरू जम्मै सम्भनुपर्छ र (४) मनमा प्रकट भएर आउने भएभरका आरम्मणहरू सम्भनु पर्छ ।

त्यसरी सम्भना राख्ने र भाविता गर्ने गर्दै गएमा प्रत्येक सम्भनामा क्षणिक रूपमा तृष्णा शमन हुँदै गइरहन्छ । सधैं भने त शमन हुने होइन । यस्तै गरी लगातार सम्भँदै गएर विपश्यना ज्ञानक्रम श्रेणीमाथि चढ्दै निर्वाणलाई मार्गज्ञान फलज्ञानद्वारा जानी देखी पुगी साक्षात्कार गरेर गएमा श्रोता-पन्नहुन पुग्छ ।

आज दिएको उपदेश भावनाधर्म अभ्यास र उद्योग गर्न नपाइएका युवक युवतीहरूलाई बढी उद्देश्य राखी दिएको उपदेश भएर ज्ञानक्रम क्रमशः वृद्धि हुने विधि उल्लेख नगरी बाँकी छोडेको छु ।

Downloaded from http://dhamma.digital/

ज्ञानक्रम भनेको भावनाधर्मलाई निकै पूर्ण रूपमा उद्योग र अभ्यास गरिसकेका योगीहरूलाई मात्र आफ्ना प्रत्यक्ष प्रज्ञाज्ञान र बुद्धोपदेशमा आएका ज्ञानक्रमहरूलाई जुधाएर हेर्नलाई मात्र बढी आवश्यक सम्झिन्छ ।

माथि उल्लेख गरिए अनुसार सम्झनु र भाविता गर्नु गरी श्रोतापन्न हुन पुगेमा आफूले उल्लंघन गरेर आएका अकुशल कर्महरूले अपाय पतन गराउन सक्तैन । अपाय पुग्ने सम्म कर्मले चक्रचाल्न सक्ने छैन । काम सुगति भूमिमा पनि ७ जन्मभन्दा बढी कर्मको चक्रचालमा पर्नुपर्ने छैन ।

श्रोतापन्न व्यक्तिले अघि सम्झने विधि अनुरूप नै निरन्तर सम्झेर गएमा सकृदागामि हुन पुग्नेछ भने काम सुगति भूमिमा दुई जन्मभन्दा बढी कर्मको चक्रचालमा पर्नु पर्नें हुँदैन ।

अनागामी हुनेसम्म अभ्यास र उद्योग गर्न सकेमा काम भूमिमा कर्मको चक्रचालमा फेरि कुनै हालतमा पनि पर्नुपर्ने छैन ।

अरहन्त हुनेसम्म अभ्यास र उद्योग गरेर गएमा सम्पूर्ण तृष्णा पूर्णरूपमा निरोध र शान्त भएर जानेछ । तृष्णा भएन भने कर्मले पनि नयाँ जन्म प्रतिसन्धिलाई बिल्कुल बनाउन सक्नेछैन । अरहन्त व्यक्तिले परिनिर्वाण प्राप्त गर्ने बित्तिकै एकै साथ भव जाति निरोध र शान्त भई कर्मको चक्रचालबाट निर्मूल रूपमा सँधैको लागि विमुक्त भएर जान्छ ।

Downloaded from http://dhamma.digital/

तसर्थं कर्मको चालबाजीबाट विमुक्त हुन चाहन्छ भने कर्मलाई डोरी समातिराख्ने भएभरको तृष्णालाई अन्त हुने गरी निरोध र शान्त गराई अरहन्त हुनसम्म विपश्यना भावना धर्मकार्य प्रयत्न पूर्वक अभ्यास र उद्योग गर्नुपर्ने छ ।

अब "कर्म र मनुष्य उपदेश" लाई संक्षेपमा उल्लेख गर्ने स्मरणिका कविता भनी यस उपदेशलाई अन्त गरौं ।

## उपदेशको सारांश कविता

कर्म र मनुष्य यो उपदेश – सबैले पढ्नु उचित छ ।
कार्य चेतना कर्म नै हो – मर्म पुऱ्याइ सम्झि राख ।।

रमणाशक्ति तृष्णा नै हो – स्नेह प्रेम पनि एउटै हो ।
तृष्णाले गर्दा कर्मधर्मले – चालबाजी खेल्छ सत्त्व सबैमा ।।

दिन सकिन्छ उपमा यस्तो– कठपुतली कर्म तृष्णा नै डोरी ।
सबै तृष्णा नै छिन्न भएमा – हुन्छ शान्त भवजाति अन्त ।।

कुन धर्मलाई उद्योग गर्दा – तृष्णा छिन्न भएर जान्छ? ।
पवित्र धर्म विपश्यनालाई – उद्योग गर्दा होइन्छ छेदना ।।

विपश्यनाको कार्यक्षेत्रमा – महाशी नीति चल्नु छ योग्य ।
फुल्नु सुक्नुलाई प्राधान्य राखी –
भूत नामरूपको दिइन्छ भावना ।
न भएता पनि शब्द ग्रन्थको –
ज्ञानक्रम वृद्धिले पुगिन्छ मार्ग ।।

Downloaded from http://dhamma.digital/

हुन्छ शमन तृष्णाहरू पनि –
भाविताले मार्ग फल पुग्ने गरी ।
सबै तृष्णाको छेदन गर्दा –
कर्मचालबाट भइन्छ विमुक्त ।।

★★★

## निगमन मंगल प्रार्थना

अम्हेसु यं जहन्तेसु – कम्मं नो न विबाधति ।
तस्मा तण्हं जहेय्याथ – कयिराथ भवक्खयं ।।

साधवो = धर्मश्रोता परिषद् समूह सत्पुरुषहरू हो; अम्हेसु = भवजाति तरंगमा मन परेजति बगाएर आएका हामीहरूले; यं तण्हं = विभिन्न नयाँ जन्म सुनिश्चित रूपमा निर्माण गराउने रमणीय आकर्षक भएको जुन तृष्णालाई; जहन्तेसु = विपश्यना ज्ञान मार्ग ज्ञानहरूद्वारा उन्मूलन गरी हटाउन र पन्छाउन सकेको खण्डमा; कम्मं = तृष्णाको कारणले मात्र हामी तिमीहरूलाई चालबाजी खेल्न सक्ने कर्मधर्मले; नो–अम्हं = मनुष्य देव ब्रह्मा अनेकौं सत्त्वहरू उसले अह्राए जस्तै आवागमन गरिरहनु पर्ने हामीहरूलाई; यस्मा = जुन कारणले; न विबाधति = बन्धनमा अधीनस्थ पारी दुःख कष्ट र सास्ति गर्न अब सक्ने छैन । तस्मा = त्यसकारण; तुम्हे = तिमी धर्मश्रोता परिषद् समूह सत्पुरुषहरूले; तं तण्हं = कर्मको गुरु त्यो तृष्णालाई; जहेय्याथ =

Downloaded from http://dhamma.digital/

सुनिश्चित रूपमा हटाउन र पन्छाउन योग्य छ। जहित्वान = हटाई पन्छाई; भवक्खयं = भवजाति अन्त, निरोध र शान्त गर्न; कयिरथ = काम गर्न सक्षम होउन्। वा = प्रत्येक हेराइ, सुनाइ, सुँघाइ, खुवाइ, छुवाइ, प्रत्येक कल्पना, खुम्च्याइ, प्रसारण, हिँडाइ, उभ्याइ, बसाइ, सुताइ, फुलाइ, सुकाइमा सही रूपमा विद्यमान रहेका नाम रूप स्वभाव धर्महरूलाई निरन्तर सम्फना र भावना वृद्धि गरी विपश्यनाज्ञान मार्गज्ञानहरूद्वारा भएभरको तृष्णा बाँकी नरहने गरी उन्मूलन पारी आदि समेत छेदन गरी नाश पार्न सक्ने भई दुःख जाति समाप्त गर्न सकुन्।

साधु ! साधु !! साधु !!!

आयुष्मान् सुन्दर
प्यूँदजा च्याउँ
अलय्तोया ताइक्, बहान्, यांगुन्।
बुद्ध संबत– २५२२ ॥
बर्मेली संबत– १३४० – आषाढ शुक्ल पञ्चमी
आइतबार। [९–७–७८– इ. सं.]

❋

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

## अनुवादकका पुस्तकहरू :

### प्रकाशित

१. पायासि सुत्त (अनु)
२. तथागतया न्हापांगु उपदेश: धर्मचक्र प्रवर्तन सूत्र
३. यःम्ह म्ह्याय् (उपन्यास)
४. अभिधम्मत्थ–संगहो, भाग–१
५. नेपाःमि व बर्मी लिसे स्वापु
६. केही बौद्ध गीतहरू (सम्पादन)
७. त्रिरत्न गुणानुस्मरण [केही बौद्ध गीत सहित] (सम्पादन)
८. राहुलयात तथागतया उपदेश
९. अहिंसा विजय
१०. पञ्चशीलया महत्व
११. विश्वधर्म प्रचार देशना, भाग–१
१२. विश्व धर्म प्रचार देशना, भाग–२
१३. लुम्बिनी विपश्यना
१४. गुपु जातक मुना
१५. पुण्य-पुष्प (ख्विपवः स्वाँ)
१६. उत्पलवर्णा स्थविरा
१७. वम्मिक सुत्त
१८. दृष्टि व तृष्णा ल्यहें थनेगु उपदेश
१९. संक्षिप्त भावना विधि
२०. तथागतया अमूल्य उपदेश

Downloaded from http://dhamma.digital/

२१. पट्ठान पालि
२२. उभय पातिमोक्ख
२३. संक्षिप्त विपस्सना निर्देशिका (सम्पादन)
२४. महास्मृतिप्रस्थान सूत्र
२५. दुश्चरित्र अपराध भय विमुक्ति उपदेश
२६. सचित्र गार्हस्थ्य प्रतिपत्ति उपदेश
२७. जीवनया समस्या
२८. साँचो प्रेम गर (?)
२९. अभिधम्मत्थ-संगहो (सम्पूर्ण)
३०. महान सल्लेख सूत्रोपदेश- भाग-१
३१. महान सल्लेख सूत्रोपदेश-भाग २
३२. बुद्ध र बुद्धवाद
३३. कर्म र मनुष्य (तपाईंको हातमा)

**प्रकाशनको प्रतीक्षामा-**

१. परित्राण (शब्दार्थ, भावार्थ व्याख्या सह)
२. धर्मचक्र सूत्रोपदेश (व्याख्या सह)
३. श्रेष्ठ पवित्र श्रोतापन्न
४. अभिधर्मः परिचय
५. व्यावहारिक अभिधर्म

Downloaded from http://dhamma.digital/